सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ मंसिर २०८२, बिहीबार (4 Dec 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २२४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश १६ दिनदेखि शीतलनिवासमा 'होल्ड'

■ अध्यादेशमा राष्ट्रपति पौडेलका मुख्य दुई चासो

● संवैधानिक परिषद्मा अल्पमतका आधारमा निर्णय हुँदा स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै राष्ट्रपति पौडेलले गत ८ साउनमा पुनर्विचारका लागि संसद्मै विधेयक फिर्ता गरेका थिए। अहिले अध्यादेशमा विधेयककै प्रावधान हुबहु समावेश गरिएकोमा राष्ट्रपतिको चित्त बुझेको छैन।



● संविधानको धारा २९२ ले संवैधानिक निकायका पदाधिकारी नियुक्तिअघि अनिवार्य रूपमा संसदीय सुनुवाइ हुनुपर्ने व्यवस्था गरेको छ। तर, अहिले प्रतिनिधिसभा नभएकाले नियुक्तिपछि सुनुवाइ गर्ने व्यवस्था अध्यादेशमा राखिएको छ, यसमा पनि राष्ट्रपति पौडेलको गम्भीर चासो छ।

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले ल्याएको संवैधानिक परिषद् (कार्य, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) अध्यादेश १६ दिनदेखि राष्ट्रपतिको कार्यालयमा रोकिएको छ। निर्वाचन आयोगसहितका संवैधानिक आयोगमा पदाधिकारी नियुक्तिका लागि मन्त्रिपरिषद्ले २ मंसिरमा गरेको सिफारिस राष्ट्रपति रामचन्द्र पौडेलले 'अध्ययन आवश्यक' भन्दै अध्यादेश होल्डमा राखेका हुन्।

मन्त्रिपरिषद्ले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशसँगै नेपाल विशेष सेवा ऐन दोस्रो संशोधन अध्यादेश जारी गर्न सिफारिस गरेको थियो। राष्ट्रपति पौडेलले ५ मंसिरमा विशेष सेवासम्बन्धी अध्यादेश जारी गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने १६ दिन बितिसक्दासम्म रोकिएको छ।

अध्यादेशमा मुख्यतः संवैधानिक परिषद्को बैठक तत्काल बहाल पदाधिकारीको बहुमतले बस्ने र निर्णय गर्ने व्यवस्था प्रस्ताव छ। साथै, अहिले पदाधिकारी नियुक्ति गरी चुनावपछि आउने संसद्बाट मात्र सुनुवाइ गर्ने प्रावधान राखिएको छ।

राष्ट्रपति कार्यालयका पदाधिकारीका अनुसार अध्यादेशमा राष्ट्रपति पौडेलका दुई प्रमुख चासो छन्। पहिलो, संवैधानिक परिषद्मा अल्पमतका आधारमा निर्णय हुनुले स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै राष्ट्रपति पौडेलले ८ साउनमा पुनर्विचारका लागि फिर्ता गरेको विधेयककै प्रावधान हुबहु अध्यादेशमा समावेश गरिएको छ।

र, दोस्रो- संविधानको धारा २९२ ले पदाधिकारी नियुक्तिअघि अनिवार्य रूपमा सुनुवाइ हुनुपर्ने स्पष्ट उल्लेख छ। तर, अध्यादेशमा नियुक्तिपछि सुनुवाइ गर्ने व्यवस्था राखिएको छ, जसमा राष्ट्रपति पौडेलको चासो छ।

स्रोतका अनुसार अहिलेकै अवस्थामा राष्ट्रपति पौडेल अध्यादेश जारी गर्ने पक्षमा छैनन्। 'पहिले नै अस्वीकार गरेर फिर्ता गरिसकेको प्रावधान अध्यादेशमार्फत पुनः ल्याइनु स्वीकार्य देखिएन,' राष्ट्रपति कार्यालयका एक अधिकारीका भन्छन्, 'नियुक्तिपछि सुनुवाइ गर्ने प्रावधान संविधानसँग मेल खाँदैन र यसले संवैधानिक जटिलता निम्त्याउँछ। राष्ट्रपति कार्यालयबाट गल्ती नहोस् भन्नेमा सचेत भएका हौं।'

» पृष्ठ २ मा क्रमशः

जरुरी स्थानमा नियुक्ति गर्न कानुनी आधार चाहिने हुँदा अध्यादेश

● **अनिल सिन्हा**, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री



राष्ट्रपतिबाट अध्ययन भइरहेको सुनेका छौं। कुनै चासो छ र छलफलका लागि राष्ट्रपतिले बोलाउनुभयो छलफल गर्छौं। हाम्रो म्यान्डेट भनेको चुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने हो। तर, अब ज्यादै जरुरी स्थानमा नियुक्ति गर्नुपऱ्यो भने टेक्ने कानुनी आधार चाहियो। त्यसका लागि अध्यादेश सिफारिस गरिएको हो।

अध्ययन हुँदै छ, निष्कर्षमा पुगिसकिएको छैन

● **बाबुराम कुँवर** राष्ट्रपतिका कानुनी सल्लाहकार



विधेयकमा आएका प्रावधानका कारण सन्देशसहित पुनर्विचारका लागि फिर्ता गरिसकेको अवस्थामा त्यही कुरा फेरि अध्यादेशमा आएको छ। त्यसैले कहीं बाटो फुक्छ कि भनेर सम्माननीयज्यू अध्ययनमै हुनुहुन्छ। अहिलेसम्म बाटो खुलेको छैन। निष्कर्षमा पुगिसकेको अवस्था पनि होइन। अध्ययनपछि मात्र निचोड निस्किएला।

राष्ट्रपतिले संविधानतः अध्यादेश ल्याउन सक्ने अवस्था छ/छैन हेर्ने हो

● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्



संसद् नरहेको र सुनवाइ समिति गठन हुन नसक्ने अवस्थामा संवैधानिक पदाधिकारी नियुक्ति गर्ने र संसद् बसेको ४५ दिनभित्र सुनुवाइ गरी निर्णय गर्ने अन्यथा देखिँदैन। ५२ पदाधिकारीको नियुक्तिमा सुनुवाइ भएन, तर सर्वोच्चले वैधता दियो। अध्यादेशमा त संसद् आएपछि सुनुवाइ गर्ने नै भनिएको छ। संविधानअनुसार ल्याउन सक्ने परिस्थिति छ-छैन भनेर राष्ट्रपतिले हेर्न सक्नुहुन्छ। तर, जवाफदेही त सरकार नै हो। राष्ट्रपति होइन। सरकार नै जवाफदेही हुने हुनाले राष्ट्रपतिले त्यति चासो र चिन्ता राख्न जरुरी छैन।

'हेलिकोप्टर उडाउनै नमिल्ने' हेलिपोर्ट बनाएर साढे १३ करोड भ्रष्टाचार

नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहित सातविरुद्ध मुद्दा, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी तथा दुरुपयोग भएको अख्तियारको ठहर, जनही १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँ बिगो

■ नियमित तारेखमा बयान दिन पुगेका अधिकारीलाई कार्यालयबाटै नियन्त्रणमा लिएर अख्तियारले मुद्दासहित अदालतमा गरायो उपस्थित, अहिले अख्तियारको न्यायिक हिरासतमै

■ प्राधिकरणले भक्तपुरको नलिन्चोकमा निर्माण गरेको हेलिपोर्ट सुरक्षाको दृष्टिले सञ्चालनमा ल्याउन नसकिने विज्ञहरूको ठहर

सुवास भट्ट/नयाँ पत्रिका

भक्तपुरको नलिन्चोकमा हेलिपोर्ट निर्माणमा साढे १३ करोड भ्रष्टाचार गरेको कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इन्जिनियर प्रदीप अधिकारीसहित सातजनाविरुद्ध मुद्दा दायर गरेको छ। उनीहरूविरुद्ध हेलिपोर्ट निर्माण गर्दा १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँबराबरको सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको कसुर छ।

अख्तियारले अधिकारीसहित ६ जना र परामर्शदाता कम्पनीलाई समेत प्रतिवादी कायम गरेर बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। साढे १७ करोड लागत अनुमानमा तयार

» पृष्ठ २ मा क्रमशः



अख्तियारले विशेष अदालतमा उपस्थित गराएका नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी (बिचमा कोट र मास्क लगाएका)। तस्बिर : नयाँ पत्रिका

■ अख्तियारले औंल्याएका प्रमुख कैफियत

- हेलिपोर्ट निर्माणपूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श र सञ्चालक समितिमा छलफल नगरिएको
- हेलिपोर्टको निर्माणमा अनुभव नै नभएको परामर्शदातालाई गैरकानुनी रूपमा छनोट गरिएको
- कार्यक्रम तथा बजेट स्वीकृत नहुँदै सार्वजनिक खरिद कानुनको प्रतिकूल खरिद प्रक्रिया अघि बढाइएको
- परामर्शदातासँग मिलेमतो गरेर विस्तृत अध्ययन प्रतिवेदन बनाएको
- झुटा टिप्पणी उल्लेख गरेर ठेक्का कागजात, स्पेसिफिकेसनमा गोलमाल गरेको
- कानुनविपरीत हचुवाका भरमा गुरुयोजना नबनाई १७ करोड ५४ लाख ४५ हजार लागत अनुमान तयार र स्वीकृत गरेको
- विनाइआइए, नेपाल सरकारको पूर्वस्वीकृति बेगर र प्राधिकरणको सञ्चालक समितिलाई गुमराहमा राखेर हेलिपोर्ट निर्माण कार्य अघि बढाएको
- बजेट स्वीकृत हुनुअगावै कानुनविपरीत बोलपत्र आह्वानदेखि मूल्यांकनसम्मका ठेक्काको प्रक्रिया
- अधिकारको दुरुपयोग गरी सञ्चालक समितिबाट हेलिपोर्टका लागि १५ करोड बजेट विनियोजन गरेको
- हेलिपोर्टबाट हेलिकोप्टर सञ्चालन गर्न नसकिने विभिन्न अध्ययन समितिका प्रतिवेदन र पाइलटहरूले कमजोरी औंल्याएको

अधिकारी मुछिएको पोखरा विमानस्थल निर्माणमा १० अर्ब भ्रष्टाचारसम्बन्धी मुद्दा भने अझै पुगेन अदालत

नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इन्जिनियर प्रदीप अधिकारी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारसम्बन्धी उजुरीमा पनि छानबिनमै छन्। चिनियाँ एक्जिम बैंकको २२ अर्ब ऋण सहयोगको लागतमा निर्माण आयोजनामा भ्रष्टाचार भएको उजुरीमाथि अख्तियारको दुई वर्षदेखि छानबिन जारी छ। छानबिनका क्रममा अख्तियारले अधिकारीलगायतका कर्मचारी तथा व्यक्तिसँग बयान पनि गरिसकेको छ।

संसदीय समितिले आयोजनामा भ्रष्टाचार भएको ठहर गरेर थप कारबाहीका लागि प्रतिवेदन अख्तियार पठाएको छ। तत्कालीन सार्वजनिक लेखा समितिमातहत गठित उपसमितिले विमानस्थल निर्माणमा १० अर्बभन्दा बढी भ्रष्टाचार भएको ठहर गरेको थियो। वैशाख ०८२ मा उपसमितिले बुझाएको प्रतिवेदनमा विमानस्थल निर्माणमा ठेक्का सम्झौतादेखि नै अनियमितता र भ्रष्टाचार भएको ठहर गरेको छ।

१० अर्ब भ्रष्टाचार भएको निष्कर्षसहित संसदीय समितिले थप कारबाहीका लागि अख्तियारमा पठाएको थियो प्रतिवेदन, अख्तियार अझै 'छानबिन'मै

लागत नै आठ अर्ब बढाएर ठेक्का प्रक्रियाबाटै भ्रष्टाचारको सुरुवात गरिएको उपसमितिको निष्कर्ष छ। लागत बढाएको त्यसअनुसारको आकारमा विमानस्थल निर्माण नगरेको, सम्झौताविपरीत अतिरिक्त भुक्तानी दिएको, रनवे निर्माणमा हिनामिना गरेको, सम्झौताविपरीत दुई अर्बभन्दा बढी कर छुट दिएको, परामर्श सेवा र इन्धन भण्डारणलगायतमा हिनामिना गरेको संसदीय उपसमितिको ठहर छ।

उपसमितिले प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, पूर्वमहानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेल, निर्देशकत्रय बिनेश मुनाकर्मी, चाँदमाला श्रेष्ठ र ई. बाबुराम पौडेल, उपनिर्देशक ई. प्रविन न्यौपाने र प्रशासन प्रमुख राजेन्द्रप्रसाद पौडेलउपर छानबिन गरी कानुनबमोजिम हदैसम्मको कारबाही गर्न अख्तियार र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई निर्देशन दिनुपर्ने निष्कर्ष निकालेको थियो।

■ साढे दुई महिनामै ढले मधेशका तीन सरकार भोलिसम्म पाँचौं मुख्यमन्त्री बन्दै

जनकपुरधाममा **हृदिश खुट्टार**

एकपछि अर्को गठबन्धनको प्रयोगले पनि दिगो सरकार नदिँदा मधेश प्रदेशमा पनि राजनीतिक अस्थिरता बढेको छ। सत्ता खिचातानीका कारण साढे दुई महिनामै तीन सरकार ढलेका छन्। समग्रमा ०७९ को निर्वाचनपछि मधेशमा चार सरकार ढलिसकेका छन्।

■ मुख्यमन्त्रीका लागि भोलिसम्म दाबी पेस गर्न आह्वान

■ सातदलीय गठबन्धनमा मुख्यमन्त्रीका लागि कांग्रेस र लोसपाको दाबी

२८ असोजयता मात्र जनमतका सतिशकुमार सिंह, लोसपाका जितेन्द्र सोनल र एमालेका सरोजकुमार यादव नेतृत्वको सरकार ढलेका हुन्। जेन-जी आन्दोलनका क्रममा २४ भदौमा पदबाट राजीनामा घोषणा गरे पनि पछि पद छाड्न नमानेका सिंहलाई सर्वोच्च अदालतको आदेशअनुसारको समयसीमामा विश्वासको मत आर्जन गर्न नसक्ने देखिएपछि मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार राजीनामा गरेका छन्। यससँगै मधेशमा आगामी शुक्रबार साँझसम्म नयाँ सरकार गठन हुने गरी प्रक्रिया अगाडि बढेको छ।

» पृष्ठ २ मा क्रमशः

जबर्जस्ती मुख्यमन्त्री लिएको एमाले मधेशमा सत्ताविहीन



सरकार गठनको आह्वानसमेत नगरी होटेलमा शपथ खुवाएर जबर्जस्ती मुख्यमन्त्री पद हत्याएको घटनाले एमाले मधेशमा सत्ताविहीन बनेको छ। सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरे पनि विश्वासको मत पाउने अवस्था नदेखेपछि मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार प्रदेश सभा बैठकमा राजीनामा दिए। यादवको राजीनामा प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले स्वीकृत गरिसकेका छन्। यादवलाई होटेलमा लगेर मुख्यमन्त्रीको शपथ खुवाएकी तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई संघ सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यसअघि नै २५ कात्तिकमा पदमुक्त गरेका थिए। भण्डारी एमालेकै कोटामा प्रदेश प्रमुख बनेकी थिइन्। होटेलमा शपथ खुवाएको घटनाबाट चिढिएका सात विपक्षी दलले २७ कात्तिकमा प्रदेश सभा सचिवालयमा दर्ता गराएको 'पदअनुकूल आचरण नगरेको' प्रस्ताव ३ मंसिरमा प्रदेश सभाको बहुमतले पारित गरेसँगै सभामुख रामचन्द्र मण्डल पनि पदमुक्त भए।

रोहिंग्या प्रवेशको सूचनापछि सीमामा कडाइ



शंकास्पद व्यक्ति फेला पर्नेबित्तिकै नियन्त्रणमा लिन सीमा जोडिएका जिल्लालाई गृह मन्त्रालयको निर्देशन

(विस्तृत पृष्ठ ३)

एमालेको 'रिभाइब' र ओलीको बिदाइ



● सुरेश गौतम

ओलीको बिदाइले एमालेलाई नै पुरानो गुटगत र वैचारिक टकरावबाट मुक्त गरी सामूहिक, वैचारिक र जनमुखी बाटोमा फर्कने अवसर दिनेछ

(पृष्ठ ४)

कोप-३० मा अमेरिकी अनुपस्थिति र चीनसँग विश्वको अपेक्षा



अमेरिकाको बहिर्गमनपछि चीनले कोपको नेतृत्वमा देखिएको शून्यता भर्ने धेरैले अपेक्षा गरे पनि बेइजिङ यो जिम्मेवारी लिन अनिच्छुक देखिन्छ

(विस्तृत पृष्ठ ५)

बेमौसमी वर्षाले कृषि क्षेत्रमा ६ अर्ब ६७ करोडको नोक्सानी



सबैभन्दा बढी धानबालीमा तीन अर्ब ५३ करोड २३ लाखबराबरको क्षति

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ भारतले मूल्य घटाएर पठाइरहेको छ खाना पकाउने ग्यास तर, दुई वर्षअघिकै महँगो भाउमा बेच्दै छ आयल निगम

मासिक ५० करोड नाफा कमाइरहेको आयल निगमले एलपी ग्यासको मूल्य विश्वबजारमै घट्दासमेत दुई वर्षअघि तोकेकै दरमा बेचेर उपभोक्तामाथि गर्दै छ अन्याय

■ उपभोक्ता हित संरक्षण मञ्चका महासचिव **विष्णु तिमिल्सिना** भन्छन्-

आयल निगमले उपभोक्तामाथि छल गरेको छ



अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्यो भने नेपालमा पनि बढाइहाल्ने, तर घटेको वेला नेपाली उपभोक्तालाई राहत हुने गरी मूल्य समायोजन नगर्ने आयल निगमको चरित्र छ। यो भनेको उपभोक्तामाथि छल हो। संस्था नाफामा हुँदाहुँदै पनि भारतबाट घटेर आउँदासमेत निगमले ग्यासको भाउ घटाउन आनाकानी गर्नु जायज छैन।

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगम (एनओसी) आर्थिक वर्ष ०८०/८२ देखि नै नियमित र सञ्चित नाफामा छ। तर, खाना पकाउने ग्यासको मूल्य विश्वबजारमै घट्दा र पछिल्लो समय भारतले समेत निरन्तर घटाएर पठाउँदा पनि निगमले भने दुई वर्षअघि तोकेकै दरमा बेचेर उपभोक्तामाथि अन्याय गरिरहेको छ।

नेपाललाई पेट्रोलियम पदार्थ बिक्री गर्दै आएको सरकारी स्वामित्वको इन्डियन आयल कर्पोरेसन (आइओसी)ले नेभेम्बर र डिसेम्बरमा दुईपटक गरी प्रतिसिलिन्डर २८ रुपैयाँ घटाएर पठाएको थियो। नोभेम्बरमा प्रतिसिलिन्डर २० रुपैयाँ घटाएर पठाएकोमा डिसेम्बरमा थप आठ रुपैयाँले घटाएको निगम स्रोत बताउँछ। तर, एनओसीले दुई वर्षअघि तोकेको दरेट

» पृष्ठ २ मा क्रमशः



■ अन्तर्राष्ट्रिय बजारमै घट्दो ट्रेन्डमा ग्यासको भाउ

अमेरिकामा ग्यासको भाउ यो वर्षकै सबैभन्दा कम तीन डलर प्रतिग्यालेनमा आइपुगेको छ। समग्रमा तेल उत्पादन वृद्धि, तर मागमा कमी र विश्वव्यापी आर्थिक अनिश्चितताका कारण एलपी ग्यासको भाउ घटेको हो। तेल निर्यातकर्ता देशहरूको संगठन (ओपेक प्लस) र अन्य देशले उत्पादन वृद्धि गरिरहेका छन्। अर्कातिर, कच्चा तेलको भाउ पनि तुलनात्मक रूपमा कम छ। आर्थिक अनिश्चितता हुँदा उद्योग कलकारखानाले खपत गर्ने ग्यासको परिमाणमा कमी आएको छ, जसकारण विश्वव्यापी तथा घरेलु बजारमा ग्यासको खपत पनि घटेको छ। विश्वबजारमा घटिरहेको ग्यासको मूल्यले अझै केही समय निरन्तरता पाउने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

■ ग्यासमा रहेको घाटा कम गर्न भने निगमको बेवास्ता

आइओसीले भारतमा परल मूल्य र अनुदान गरी दुईथरी मूल्य निर्धारण गर्दै आएको छ। होटेल, रेस्टुरेन्टलगायतका व्यावसायिक क्षेत्रमा परल मूल्य वा सोभन्दा बढी दरमा बिक्री गर्दै आएको छ भने उपभोक्ताको भान्सामा प्रयोग हुने ग्यासमा अनुदान दिएर सस्तो मूल्य निर्धारण गरेको छ। जसकारण दिल्लीमा अहिले अनुदानको ग्यासको भाउ प्रतिसिलिन्डर ८५३ भारु छ।

नेपालमा भने निगमले दशकयता दुईथरी मूल्य निर्धारणको प्रयास गरे पनि लागू गरेको छैन। केही ठुला उद्योगले ग्यास नै प्रयोग गरिरहँदासमेत निगमले अनुदानकै मूल्यमा बिक्री गरिरहेको छ। अर्कातिर, ग्यास उद्योगीलाई बारम्बार कमिसन वृद्धि गरिदिएर ग्यासमा व्यहोरिरहेको घाटा बढाइरहेको छ। गत वर्ष मात्रै उद्योगीले पाइरहेको कमिसनमा प्रतिसिलिन्डर १२.७५ रुपैयाँ वृद्धि गरिदिएको थियो।

अहिले उद्योगीले ढुवानी भाडा, प्रशासनिक खर्च, कमिसनलगायतका शीर्षकमा प्रतिसिलिन्डर ३०५ रुपैयाँ पाइरहेका छन्। उक्त खर्च धेरै भएकाले अध्ययन गरी घटाउन विभिन्न समितिले दिएको निर्देशनसमेत निगमले टेरेको छैन।

कांग्रेसमा सुरु भयो नेतृत्वको दौड

संस्थापन पक्षका पूर्णबहादुर खड्का, विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौला तथा इतरपक्षका डा. शेखर कोइराला र गगन थापा प्रमुख दाबेदार

पर्शुराम काफ्ले/नयाँ पत्रिका


डेढ महिना लामो रस्साकस्सीपछि २६-२८ पुसमा १५औँ महाधिवेशन गर्ने निर्णयलगत्तै कांग्रेसमा भावी नेतृत्वको दौड औपचारिक रूपमा सुरु भएको छ। सभापति शेरबहादुर देउवाले अवकाश लिने निश्चित भएकाले भावी नेतृत्वका लागि संस्थापन र इतरपक्षले आ-आफ्नो समूहमा भावी सभापति खोज्न थालेका छन्।

हालसम्म संस्थापनबाट पूर्णबहादुर खड्का, विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौला तथा इतरपक्षबाट गगन थापा र डा. शेखर कोइराला सभापतिका दाबेदार देखिएका छन्। नेतृत्वको दाबीसँगै नेताहरू महाधिवेशनकेन्द्रित ध्रुवीकरण र अंकगणितको जोडघटाउमा पनि लागेका छन्।

संस्थापनमा एकरूपता नदेखिए पनि कार्यवाहक सभापति खड्का प्रमुख दाबेदार मानिएका छन्। 'उहाँले अहिलेसम्म चाहना व्यक्त गर्नुभएको त छैन। तर, अहिले कार्यवाहक रहेकाले संस्थापनबाट स्वाभाविक उम्मेदवार हुनुहुन्छ,' खड्कानिकट एक नेता भन्छन्, 'संस्थापनकै अन्य शीर्ष नेताले पनि स्वीकार गरे उहाँ साझा उम्मेदवार हुनुहुन्छ।'

संस्थापन पक्षका अन्य नेताहरू प्रकाशमान सिंह, प्रकाशशरण महत, गोपालमान श्रेष्ठ, बालकृष्ण खाण, एनपी साउद, रमेश लेखक पनि साझा उम्मेदवारका पक्षमा छन्। तर, सभापति देउवाले कोप्रति सद्भाव देखाउँछन् भन्ने कुनै संकेत दिएका छैनन्। अब आफू नेतृत्वमा नआउने घोषणा गरेका देउवाले भावी नेतृत्वमा कसलाई ल्याउने भन्नेबारे आन्तरिक छलफलमा समेत मुख खोलेका छैनन्।

कांग्रेसका एक प्रभावशाली नेताका अनुसार पूर्वपदाधिकारीहरूले कार्यवाहक सभापति खड्कालाई भावी


पूर्णबहादुर खड्का


विमलेन्द्र निधि


कृष्णप्रसाद सिटौला


डा. शेखर कोइराला


गगन थापा

सभापतिका रूपमा स्वीकार गर्ने सम्भावना कम छ। 'किनभने उहाँहरूले कार्यवाहक सभापतिका रूपमा खड्कालाई स्वीकार गर्न सक्नुभएन। महाधिवेशन विवाद मिलाउन सभापति देउवाकै भूमिका खोज्नुभयो,' ती नेता भन्छन्, 'यद्यपि, यस सम्बन्धमा सभापति देउवाकै भूमिका निर्णायक हुनेछ।'

महामन्त्री थापाले आगामी महाधिवेशनमा आफू सभापतिको उम्मेदवार बन्ने घोषणा गरेका छन्। 'म १५औँ महाधिवेशनमा सभापतिको उम्मेदवार हुँ। मलाई विश्वास छ- साथीहरूले मलाई अवसर दिनुहुनेछ,' हिमालय टेलिभिजनको कार्यक्रम यक्ष प्रश्नमा थापाले भनेका छन्। उनीनिकट केन्द्रीय सदस्य अजय सिवाकोटीले भने, 'पहिला हामीसँग, सानो समूहमा भन्नुभएको थियो। उहाँले सार्वजनिक रूपमा घोषणा गरेर मैदानमा प्रवेश गर्नुभएको हो।'

थापाले विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाएका प्रतिनिधिले आफूलाई समर्थन गर्ने विश्वास लिएका छन्। तर, उनीहरू पनि विभाजित छन्। विशेष महाधिवेशनको एजेन्डामा थापाले सहयोग गरे पनि त्यसका अगुवा गुरुराज घिमिरेलगायत भने बुधबार शेखर कोइरालाको पक्षमा खुलेका छन्।

अघिल्लो महाधिवेशनमा सभापतिको प्रतिस्पर्धामा देउवाका निकटतम प्रतिद्वन्द्वी डा. कोइरालाले सभापतिका प्रबल दाबेदारका रूपमा देशदौडाहा गरिसकेका छन्। कांग्रेस पूर्वमहामन्त्री रहेका डा. शशांक कोइरालाले मंगलबार चितवनमा भनेका छन्, 'शेखर दाइ र म सल्लाह गर्छौं, हामीमध्ये एक सभापतिका उम्मेदवार हुन्छौँ।' शशांकले नेता शेखरलाई समर्थन गर्ने संकेत गरेका छन्। शेखरनिकट एक नेता भन्छन्, 'शेखर दाइ नेता-कार्यकर्तासँग व्यक्तिगत रूपमा सम्पर्कमा हुनुहुन्छ। यसपटक कोइराला परिवार पनि एक ठाउँमा आउने स्थिति छ।'

पूर्वउपसभापति विमलेन्द्र निधिले यसपटक सर्वसम्मत रूपमा सभापति चयन हुनुपर्नेमा जोड दिँदै प्रतिस्पर्धाको अवस्थामा उम्मेदवारी दिने बताए। 'मैले साथीहरूसँग छलफल गर्न बाँकी छ। तर, निर्विरोध नेतृत्व छान्ने अवस्था नआए म उम्मेदवारी दिन्छु,' निधिले नयाँ पत्रिकासँग भने, 'अहिले संविधान र लोकतन्त्रलाई ट्र्याकमा ल्याउन, प्रणाली सुरक्षित गर्न र कांग्रेसलाई एक बनाउन सर्वसम्मतिले सभापति चयन हुनुपर्छ। निर्विरोध सभापति चुनिनुपर्छ। जसको नाममा सहमति हुन्छ म मान्न तयार छु।'

सिटौलाले सभापतिमा उम्मेदवारी दिने सम्भावना रहे पनि खुलेका छैनन्। 'उहाँ एक दाबेदार हो। तर, उहाँले या त निधिलाई समर्थन गर्नुहुन्छ अथवा आफ्ना मानिसलाई पदाधिकारीसहित सिट सुनिश्चित गरेर पछि हट्नुहुन्छ,' कांग्रेसका एक संस्थापनपक्षीय नेताले भने। तर, यसबारे कुरा गर्न खोज्दा सिटौला सम्पर्कमा आएनन्।

संस्थापन पक्षका नेता नैनसिंह महरले अहिले कसैले कसैका लागि त्याग गर्ने परिस्थिति कांग्रेसमा नभएको बताए। उनका अनुसार नेतृत्वको दाबेदार गर्ने नेताहरू अर्को महाधिवेशनमा अवकाश लिनुपर्ने अवस्थाका छन्, त्यसैले सबैले अन्तिम प्रयत्न गर्ने अवस्था छ। 'कांग्रेसमा अहिले कोही कसैको होइन। केन्द्रको गुट-उपगुटले पनि अर्थ राख्दैन। अहिलेको हिसाब-किताबको अर्थ छैन,' उनी भन्छन्, 'नेताहरूको उमेर र प्रतिबद्धताका कारण अन्तिम लडाइँ लड्दै हुनुहुन्छ। अहिलेका पूर्वपदाधिकारीदेखि सिनियर नेताहरू पनि अन्तिमपटक भूमिका खोज्ने क्रममा हुनुहुन्छ। महामन्त्री गगनजीले पनि ५५ वर्षमा अवकाश लिन्छु भन्नुभएको थियो। उहाँका लागि पनि यो अन्तिम मौका हो। त्यसैले कसैले कसैका लागि त्याग गर्ने परिस्थिति छैन।'

गगन र शेखरबिच सहकार्यको प्रयास

विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानका अगुवा एवं कांग्रेस नेता गुरुराज घिमिरेको अगुवाइमा बुधबार डा. शेखर कोइरालापक्षीय नेताहरूसँग छलफल भएको छ। छलफलमा कोइरालालाई सभापति बनाउनुपर्ने र महामन्त्री गगन थापालाई पनि एकै ठाउँमा ल्याउनुपर्नेमा सबैको जोड थियो। विराटनगर रहेका कोइराला भने छलफलमा थिएनन्।

'डा. शेखर कोइराला सबैका नेता भएको हुनाले उहाँ सभापति हुनुपर्छ। महाधिवेशन तालिका इमानदारीपूर्वक पालना हुनुपर्छ। समयमा नियमित महाधिवेशन भएन भने विशेष महाधिवेशन हुन्छ। गगन र शेखर एकै ठाउँमा उभिनुपर्छ, दुवैलाई मिलाउनुपर्छ,' छलफलमा घिमिरेले भनेका थिए। विशेष महाधिवेशनको एजेन्डामा भने महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मासँग उनी निकट भएका थिए। तर, छलफलमा सहभागी एक नेताले भने, 'गुरुजीले आफ्नो कित्ता स्पष्ट पार्नुभयो। उहाँ शेखर दाइका पक्षमा पुनः स्पष्ट हुनुभयो।'

त्यसलगत्तै नेताहरू जीवन परियार, अर्जुननरसिंह केसी, बद्री पाण्डे, गोविन्दराज पोखरेल र भरत खड्काले छलफल गरेका थिए। उनीहरूले पनि गगन र शेखरबिच सहमति कायम गरेर जानुपर्नेमा जोड दिएका थिए। दुवै नेताले सभापतिको उम्मेदवारका रूपमा आफूलाई अघि सारिसकेका छन्।

हेलिकोप्टर...

पृष्ठ १ बाट क्रमशः

गरिएको हेलिपोर्ट हालसम्म पनि पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन। यद्यपि, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १५ किलोमिटर पूर्वमा रहेको हेलिपोर्ट ७ असार ०८१ देखि व्यावसायिक सञ्चालनका लागि खोलिएको थियो।

सञ्चालनयोग्य नरहेको, असुरक्षित र अनुपयुक्त स्थानमा व्यावसायिक योजना, लाभ, लागत विश्लेषणविना अस्वाभाविक रकम खर्च गरी हेलिपोर्ट निर्माण गरेको देखिएको अख्तियारको निष्कर्ष छ। यस्तै, बदनियतपूर्ण तरिकाले हेलिपोर्ट आयोजना अघि बढाएको, कानुन पालना नगरेको र अनेकौँ प्रक्रियागत त्रुटिसमेत भएको अख्तियारले औँल्याएको छ। उद्देश्यअनुरूप हेलिपोर्ट सञ्चालनमा आउन नसकेकाले सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी तथा दुरुपयोग भएको तथ्य पुष्टि भएको अख्तियारको ठहर छ।

हेलिपोर्ट निर्माणमा भ्रष्टाचार गरेकामा प्रतिवादी कायम गर्दै प्राधिकरणका महानिर्देशक अधिकारी र तत्कालीन निर्देशक मुरारी भण्डारीलाई अख्तियारले पक्राउ नै गरेर मुद्दासहित अदालतमा उपस्थित गराएको छ। प्राधिकरणका प्रबन्धक नलबिक्रम थापा र उपप्रबन्धक इन्जिनियर सवृद्धि श्रेष्ठ पनि प्रतिवादी छन्। उनीहरू सबैविरुद्ध जनही १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँ बिगो छ। यही नै संयुक्त बिगो कायम गरेर अख्तियारले परामर्शदाता गुरुदत्त अधिकारी र अभियन्त्र कन्सल्टिङ प्रालि तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापाविरुद्ध पनि मुद्दा दायर गरेको छ।

अधिकारीविरुद्ध धेरै उजुरीउपर अख्तियारले छानबिन गरिरहेको छ। छानबिनका क्रममा बयानका लागि उनलाई बुधबार अख्तियारले केन्द्रीय कार्यालय टंगालमा डाकेको थियो। नियमित तारेखका क्रममा उनी अख्तियार पुगेका थिए। बयान दिन अख्तियार पुगेका व्यक्तिलाई पुनः अर्कोपटक बयानका लागि उपस्थित हुन अनुसन्धान अधिकृतले तारेखपर्चा खडा गरेर तारेखभर्पाईमा हस्ताक्षर गराउने अभ्यास हुन्छ।

यसै सिलसिलामा अधिकारी नियमित तारेखमा अख्तियार पुगेका थिए। यही मौकामा अख्तियारले अधिकारीलाई नियन्त्रणमा लिएर मुद्दासहित विशेष अदालत लिएर गएको थियो। स्रोतका अनुसार हेलिपोर्टको मुद्दा चलाउने निर्णय अख्तियारले दुई दिनअघि नै गरिसकेको थियो। पछिल्लो समय विशेष अदालतले मुद्दासहित प्रतिवादी उपस्थित नगराएको भन्दै बारम्बार टिप्पणी गरिरहेको अख्तियारका अधिकारीहरू बताउँछन्। यसपछि अख्तियारले यथाशक्य प्रतिवादीलाई पक्राउ गरेर अदालतमा उपस्थित गराउने अभ्यास थालेको छ।

अख्तियारले औँल्याएको भ्रष्टाचारका सिलसिलेबर प्रक्रिया

हेलिपोर्ट निर्माणमा प्राधिकरणकी इन्जिनियर श्रेष्ठ र एरोड्रम इन्जिनियरिङ विभाग प्रमुख भण्डारीले प्रारम्भिक चरणमा गैरकानुनी भूमिका खेलेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। श्रेष्ठले नलिन्चोकमा नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन गरी अगाडि बढ्न स्वीकृतार्थ भनी टिप्पणी पेस गरेको देखिएको छ।

यही व्यहोरालाई समर्थन गरी प्राधिकरणका एरोड्रम इन्जिनियरिङ विभाग प्रमुख (निर्देशक) भण्डारीले टिप्पणी स्वीकृतिका लागि तत्कालीन महानिर्देशक राजकुमार क्षेत्रीसमक्ष ८ मंसिर ०७८ मा पेस गरेका थिए। क्षेत्रीले टिप्पणीउपर 'सम्भाव्य देखिएमा मात्र प्रक्रिया अगाडि बढाउने गरी स्वीकृत' को निर्णय गरिदिएका थिए। महानिर्देशकबाट स्वीकृत टिप्पणीमा सम्भाव्यता अध्ययन गरेर सम्भाव्य देखिए मात्र बाँकी प्रक्रिया अघि बढाउने उल्लेख थियो।

तर, सम्भाव्यता अध्ययन गर्नेतर्फ प्रक्रिया नै अघि नबढाई र महानिर्देशकसमेतलाई जानकारी नै नदिएर विभाग प्रमुख भण्डारी र इन्जिनियर श्रेष्ठले बदनियतपूर्वक नलिन्चोकमा नयाँ हेलिपोर्ट निर्माणका प्रक्रिया अघि बढाएको देखिएको छ। त्यसका लागि भण्डारी र श्रेष्ठद्वयले हेलिपोर्ट निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्न कार्यसूची (टिओआर), प्रस्ताव आह्वान (आरएफपी) र लागत अनुमानसमेत तयार गरेर २२ मंसिर २०७८ मा टिप्पणी उठाएका थिए।

उक्त टिप्पणी आदेश भण्डारीले स्वीकृत गरी हेलिपोर्ट निर्माणको डिजाइन, इस्टिमेट र ड्रइङ तयार गर्न परामर्श सेवा खरिद प्रक्रिया थालेको अख्तियारको आरोपपत्रमा छ। 'हेलिपोर्टजस्तो अतिसंवेदनशील संरचना निर्माणपूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श एवं सञ्चालक समितिमा छलफलसमेत नगरी/नगराई बदनियत राखी उक्त कार्य गरे/गराएको प्रस्टै देखियो,' अख्तियारको दाबी छ।

सम्भाव्यता अध्ययनको विषय सम्बोधन नगरी विभाग प्रमुख भण्डारीले आर्थिक वर्ष ०७८/७९ को सूचीमा रहेका अभियन्त्र कन्सल्टिङ प्रालिसमेतका तीनवटा परामर्शदाताबाट आर्थिक-प्राविधिक प्रस्ताव माग गरी खरिद प्रक्रिया अघि बढाएको देखिएको छ। हेलिपोर्टको संवेदनशील संरचना निर्माणको डिजाइन, लागत र ड्रइङ तयार गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा आशयपत्र माग गरी सम्बन्धित कार्यमा अनुभव रहेका परामर्शदाता, विज्ञ सहभागी हुने गरी परामर्शदाताको छनोट गर्नुपर्ने हुन्थ्यो। तर, त्यसो नगरी प्रचलित सार्वजनिक खरिद कानुनको प्रतिकूल हुने गरी हेलिपोर्टको योजना तर्जुमा-डिजाइन-निर्माणसम्बन्धी कुनै अनुभव नै नभएको परामर्शदाताबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरे/गराएको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। 'प्रचलित कानुनको प्रतिकूल रहेको थाहा हुँदाहुँदै प्रतिवादीहरूबिचको एकआपसको मिलेमतोमा गैरकानुनी स्वार्थ पूरा गर्न खरिद प्रक्रिया अघि बढाएको,' अख्तियारको दाबी छ।

हेलिपोर्टको डिपिआरको तयारीका लागि परामर्शसेवा खरिद गर्न इन्जिनियर श्रेष्ठको अध्यक्षतामा तयार प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन प्रतिवेदन हेर्दा कुनै पनि नेपाली परामर्शदातामा एयरपोर्ट-हेलिपोर्टको डिपिआर तयार गरेको अनुभव भएको नदेखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। अभियोगपत्रमा उल्लेख भएअनुसार हेलिपोर्ट संरचना नेपालमा नै पहिलो रहेको र सोसम्बन्धमा अध्ययन अनुभव भएको परामर्शदाता नेपालमा रहेको अवस्था थिएन।

सार्वजनिक निकायको मागअनुरूप परामर्शसेवा दिने नेपालभित्र एकभन्दा बढी परामर्शदाता प्राप्त हुने अवस्था नभए अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गरी छनोट गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा छ। 'तर, अनुभव नै नभएका परामर्शदातालाई मिलेमतोमा छनोट गरी उपलब्ध जग्गामा हार्ड सर्फेस डिजाइन गरी सोही लागत अनुमानलाई डिपिआरको आयोजना लागतको रूपमा पेस गरे/गराएको कार्य बदनियतपूर्ण देखियो,' अख्तियारले भनेको छ।

हेलिपोर्टको डिपिआरको तयारीका लागि परामर्शसेवा खरिदका लागि अभियन्त्र कन्सल्टिङ प्रालिलाई छनोट गरी कम्पनीका तर्फबाट विजय थापा र प्राधिकरणबाट भण्डारीले १० माघमा सम्झौता गरेका थिए। बदनियत राखेर परामर्शदाताको आह्वान र मूल्यांकनसमेतका खरिद कार्य भएकामा अख्तियारले प्रश्न उठाएको छ।

कार्यक्रम तथा बजेट स्वीकृत नहुँदै सार्वजनिक खरिद कानुनको प्रतिकूल खरिद प्रक्रिया अघि बढाइएको अख्तियारले औँल्याएको छ। परामर्शदाता छनोट भएको अभियन्त्रले सम्झौताबमोजिमको विस्तृत अध्ययन प्रतिवेदन नै पेस गरेको थिएन। तर, प्राधिकरणका महानिर्देशक अधिकारी, निर्देशक भण्डारी र उपप्रबन्धक थापासमेतले अभियन्त्रका सञ्चालक विजय थापा र गुरुदत्त अधिकारीसँगको मिलेमतोमा अपूरो तथा त्रुटिपूर्ण विस्तृत अध्ययन प्रतिवेदन अनधिकृत तथा गैरकानुनी तवरले प्राप्त गरेको अख्तियारको दाबी छ। त्यही प्रतिवेदनलाई आधार लिई झुटा व्यहोरा टिप्पणी उल्लेख गरेर पूर्ण रूपमा तयार नै नभएको ठेक्का कागजात र स्पेसिफिकेसनलगायत स्वीकार गरेको आरोपपत्रमा छ।

संवैधानिक...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले संविधान र कानुनबमोजिम अध्यादेश जारी गर्न राष्ट्रपतिले विकल्प हेरिरहेको प्रतिक्रिया दिए। 'विधेयकमा आएका प्रावधानका कारण सन्देशसहित पुनर्विचारका लागि फिर्ता गरिसकेको अवस्थामा त्यही कुरा फेरि अध्यादेशमा आएको छ। त्यसैले कहीँ बाटो फुक्छ कि भनेर सम्माननीयज्यू अध्ययनमै हुनुहुन्छ,' उनले भने, 'अहिलेसम्म बाटो खुलेको छैन। निष्कर्षमा पुगिसकेको अवस्था पनि होइन। अध्ययनपछि मात्र निचोड निस्किएला।'

समयको दबाब नहुँदा पनि राष्ट्रपतिलाई सहज भएको छ। संविधानको धारा ११४ मा संसद् नभएका वेला सरकारले अध्यादेश सिफारिस गर्ने र राष्ट्रपतिले जारी गर्न सक्ने भनिएको छ। तर, कति दिनभित्र जारी गर्ने वा पुनर्विचारका लागि पठाउने स्पष्ट छैन। यसले पनि अध्ययन गर्ने समय मिलेको राष्ट्रपति कार्यालयका अधिकारीहरू बताउँछन्। एक उच्च अधिकारीले भने, 'अध्यादेशको हकमा समयसीमा छैन। जारी गर्नैपर्छ भन्ने बाध्यकारी व्यवस्था पनि छैन। त्यसैले अध्ययनमा समय लाग्ने देखिन्छ।'

तर, धारा ११३ को विधेयक प्रमाणीकरणमा भने राष्ट्रपतिलाई १५ दिनको समयसीमा तोकिएको छ। दुवै सदनले पारित गरेर पठाएको विधेयक १५ दिनभित्र प्रमाणीकरण वा पुनर्विचारका लागि फिर्ता पठाउनुपर्ने बाध्यकारी व्यवस्था छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाले संविधान र जेन-जी आन्दोलनको भावना दुवैलाई समेटेर अध्यादेश आएको र राष्ट्रपतिले जारी गर्ने विश्वास व्यक्त गरे। 'अहिलेसम्म राष्ट्रपति कार्यालयबाट केही कुरा आएको छैन। छलफल पनि भएको छैन। राष्ट्रपतिबाट अध्ययन भइरहेको सुनेका छौँ,' उनले भने, 'कुनै चासो छ र छलफलका लागि राष्ट्रपतिले बोलाउनुभयो, छलफल गर्छौं।'

सरकार संवैधानिक आयोगहरूमा नियुक्ति गर्ने पक्षमा नरहेको भन्दै मन्त्री सिन्हाले केही जरुरी पर्‍यो भने कानुनी बाटो खुला होस् भनेर अध्यादेश ल्याएको बताए। 'हाम्रो म्यान्डेट भनेको चुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने हो। तर, अब ज्यादै जरुरी स्थानमा नियुक्ति गर्नुपर्‍यो भने टेक्ने कानुनी आधार चाहियो। त्यसका लागि अध्यादेश सिफारिस गरिएको हो। राष्ट्रपति कार्यालयको चासो सम्बोधन गर्छौं,' उनले भने।

संविधानविद् भीमार्जुन आचार्यले विधेयक वा अध्यादेशमा अनिच्छा हुँदा राष्ट्रपतिले रोकेर राख्ने अभ्यास रहेको बताए। 'पहिले पनि प्राक्टिस छ कि राष्ट्रपतिले विधेयक वा अध्यादेशमा अनिच्छा व्यक्त गर्ने धेरै माध्यममध्ये होल्ड गर्ने एउटा हो। धेरैपटक भइराखेको छ,' उनले भने, 'यो अध्यादेशमा राष्ट्रपतिले संविधान नै हेरेको हो, स्वाभाविक रूपमा लिनुपर्छ। अध्यादेशमार्फत संविधान चेन्ज गर्न पाइँदैन, कानुनसम्म संशोधन गर्न सक्छ।'

अर्का संविधानविद् चन्द्रकान्त ज्ञवाली भने संसद् नभएको अवस्थामा संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति गरी संसद् आएपछि सुनुवाइ गर्ने प्रावधान उपयुक्त भएको बताउँछन्। विगतमा संसदीय सुनुवाइविनै ५२ जना पदाधिकारी नियुक्त भएको र त्यसलाई सर्वोच्च अदालतले समेत वैधता दिएको भन्दै ज्ञवालीले अहिले संसदीय सुनुवाइ सुनिश्चित गरी आन्दोलनपछिको विषम परिस्थितिमा नियुक्त गर्नेलाई अन्यथा मान्न नहुने बताए।

'संसद् नरहेको र संसदीय सुनवाइ समिति गठन हुन नसक्ने अवस्थामा संवैधानिक पदाधिकारी नियुक्ति गर्ने र संसद् बसेको ४५ दिनभित्र सुनुवाइ गरी निर्णय गर्ने अन्यथा देखिँदैन। ५२ पदाधिकारीको नियुक्तिमा सुनुवाइ भएन, तर सर्वोच्चले वैधता दियो। अध्यादेशमा त संसद् आएपछि सुनुवाइ गर्ने नै भनिएको छ,' उनले भने, 'राष्ट्रपतिलाई के लागेको छ, उहाँले सोच्ने हो। संविधानअनुसार ल्याउन सक्ने परिस्थिति छ- छैन भनेर राष्ट्रपतिले हेर्न सक्ने भयो। तर, जवाफदेही त सरकार नै हो। राष्ट्रपति होइन। सरकार नै जवाफदेही हुने हुनाले राष्ट्रपतिले त्यति चासो र चिन्ता राख्न जरुरी छैन। संविधानअनुकूल छ-छैन भन्ने हेर्नुपर्‍यो।'

प्रधानमन्त्रीको सचिवालयका एक सदस्य भन्छन्, 'यदि राष्ट्रपतिले जारी गर्नुभयो भने निर्वाचनसँग जोडिएको अध्यादेश हो। आयोगमा पनि खाली छ, पदपूर्ति भयो भने निर्वाचन चुस्तदुरुस्त, राम्रोसँग हुन्थ्यो। राष्ट्रपतिले बनाएको सरकार हो, कति पखेटा फिँजाउन दिने उहाँको पनि दायित्वभित्र पर्ने हो। त्यसैले सरकारको कुनै प्रश्न छैन।'

● संविधानमा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था र राष्ट्रपतिकहाँ सिफारिस अध्यादेशमा के छ ?

संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ। प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न गठन हुने परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र उपसभामुख रहने व्यवस्था छ। हाल प्रतिनिधिसभा विघटन भएकाले विपक्षी दलको नेता छैन।

राष्ट्रपतिसमक्ष पेस अध्यादेशको दफा ६ मा बैठक बस्ने र गणपूरक संख्यासम्बन्धी व्यवस्था छ। उक्त दफाअनुसार परिषद्को बैठक अध्यक्षले तोकेको मितिमा बस्ने र बैठक सूचना एजेन्डासहित ४८ घण्टा अघि पठाइने व्यवस्था छ। परिषद्को अध्यक्ष प्रधानमन्त्री, सदस्यसचिव मुख्यसचिव रहने व्यवस्था छ। परिषद्को बैठकमा तत्काल बहाल रहेका सबै सदस्य उपस्थित हुनुपर्ने व्यवस्था पनि गरिएको छ। प्रतिनिधिसभा विघटन भएकाले विपक्षी दलको नेता नभएका कारण परिषद्को बैठक चलाउन समस्या परेको हुँदा अध्यादेशमा अध्यक्षसहित तीनजना भए बैठकका लागि गणपूरक पुगेको मानिने उल्लेख छ।

परिषद्को बैठकमा सबै सदस्य उपस्थित नभएमा वा निर्णयमा सर्वसम्मति कायम हुन नसकेमा सो बैठकका विषयसूचीमा छलफल र निर्णय गर्न अध्यक्षले बैठक बस्ने मिति, समय र स्थान तय गरी अर्को बैठक बोलाउने व्यवस्था अध्यादेशमा छ। दोस्रो बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था अध्यादेशमा छ। यसको अर्थ अध्यक्ष र अरू दुई सदस्यसहित तीनजना भए गणपूरक संख्या पुग्नेछ। र, परिषद् बैठकमा सर्वसम्मति नभए अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको मतबाट निर्णय गर्ने व्यवस्था अध्यादेशमा छ।

यसबाहेक अध्यादेशमा संसदीय सुनुवाइविना नै नियुक्ति हुन सक्ने व्यवस्था छ। दफा ७ अनुसार प्रतिनिधिसभा विघटन भएको अवस्थामा परिषद्ले सिफारिस गरेका पदाधिकारीलाई संसदीय सुनुवाइअघि नै नियुक्त गर्न सकिनेछ। सचिवले परिषद्को निर्णय राष्ट्रपतिसमक्ष पठाएपछि नियुक्ति प्रक्रिया अघि बढ्नेछ। तर, नयाँ प्रतिनिधिसभा गठन भई सुनुवाइ समिति सक्रिय भएको मितिले ४५ दिनभित्र सुनुवाइमा अस्वीकृत भए पदाधिकारी स्वतः पदमुक्त हुने व्यवस्था राखिएको छ।

संवैधानिक परिषद् ऐनमा कहिले के भयो ?

● **ऐनको पुरानो व्यवस्था** : संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को दफा ६ (३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरू उपस्थित भएमा परिषद् को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो।

● ओलीले ५२ जना नियुक्त गरेको अध्यादेशको व्यवस्था

यसलाई संशोधन गर्दै ओलीले ल्याएको अध्यादेशमा 'अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' व्यवस्था थियो।

● ३१ असार ०८२ मा दुवै सदनले पारित गरेर राष्ट्रपतिकहाँ पठाएको विधेयकको व्यवस्था

विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख छ। साथै सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने उल्लेख थियो। जहाँ अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको व्याख्या पनि गरिएको थियो। जसमा परिषद्मा अध्यक्ष र पाँचजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीनजना सदस्यसहित कम्तीमा चारजना, अध्यक्ष र चारजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना, अध्यक्ष र तीनजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना, अध्यक्ष र दुईजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एकजना सदस्यसहित कम्तीमा दुईजना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने भनिएको थियो। यो प्रतिनिधिसभा विघटन भएसँगै निष्क्रिय भएपछि सरकारले अध्यादेश ल्याएको हो।

भोलिसम्म पाँचौं...

पृष्ठ १ बाट क्रमशः

उनकै दल जनमतले साथ नदिएपछि २८ असोजमा राजीनामा दिएका थिए। उनी २२ जेठ ०८१ मा मुख्यमन्त्री बनेका थिए।

त्यसपछि कांग्रेस र एमालेलाई बाहिर राखेर जसपा, जनमत, माओवादी, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिका ५७ सांसदको समर्थनमा चौथो दल लोसपाका सोनल २९ असोजमा मुख्यमन्त्री बने। सरकार बचाउन उनलाई संसद्मा ५४ सांसदको समर्थन चाहिन्थ्यो। तर, माओवादीको आन्तरिक विवाद र जनमत विभाजनले मुख्यमन्त्री सोनलले विश्वासको मत सिद्ध गर्न सक्ने अवस्था रहेन। त्यसपछि उनले २२ कात्तिकमा पदबाट राजीनामा दिए।

नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गर्नुपर्ने हुन्छ। तर, तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) बमोजिम संसद्को सबैभन्दा ठुलो दल एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई २३ कात्तिकमा मुख्यमन्त्री नियुक्त गरिन् र भोलिपल्ट बर्दीबासको होटेलमा शपथ खुवाइन्। यो घटनाले संसद्को दोस्रो ठुलो दल कांग्रेस पनि विपक्षी गठबन्धनमा लागेपछि यादव नेतृत्वको सरकार जोगाउन बहुमत रहेन।

एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री बनाउने प्रक्रियालाई लिएर सर्वोच्च अदालतमा मुद्दा नै पर्‍यो। सर्वोच्चले सोमबार परमादेश जारी गर्दै आदेश प्राप्त भएको २४ घण्टाभित्र विश्वासको मत लिन र विश्वासको मत प्राप्त गर्न नसके संविधानको धारा १६८(२) बमोजिम सरकार गठनको प्रक्रिया अगाडि बढाउन भन्यो। यादवले विश्वासको मत नपाउने भएपछि बुधबारको प्रदेश सभा बैठकमा राजीनामा घोषणा गरे।

उनको राजीनामापछि धारा १६८(२) बमोजिम नयाँ सरकार गठनको बाटो खुलेको छ। यो प्रक्रियाअनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्य मुख्यमन्त्री हुन्छन्।

यसअघि ०७९ को संसदीय निर्वाचनबाट २७ पुस ०७९ मा जसपा नेपालका सरोजकुमार यादवको नेतृत्वमा सरकार बनेको थियो। तर, २१ जेठ ०८१ मा उनी नेतृत्वको सरकार ढल्यो। त्यसपछि २२ जेठ ०८१ मा जनमतका सतिशकुमार सिंह मुख्यमन्त्री बनेका थिए।

मुख्यमन्त्रीका लागि भोलिसम्म दाबी पेस गर्न आह्वान

एमाले संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वको सरकार २२ दिनमै ढलेपछि नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढेको छ। मधेश प्रदेशका प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई शुक्रबार साँझ ५ बजेभित्र दाबी पेस गर्न आह्वान गरेका हुन्।

कांग्रेस, जसपा, जनमत, माओवादी, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिको सातदलीय गठबन्धनमा मुख्यमन्त्रीका लागि दुई दलको दाबी छ। संसद्को दोस्रो ठुलो दल कांग्रेस र चौथो दल लोसपाले मुख्यमन्त्रीका लागि दाबी गरिरहेकाले आन्तरिक छलफल थालिएको छ। कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले गठबन्धनभित्र सबैभन्दा ठुलो दलका रूपमा कांग्रेस रहेकाले नेतृत्व पाउनुपर्ने बताए। 'लोकतान्त्रिक व्यवस्थाको रक्षा र प्रदेशलाई समृद्ध बनाउन कांग्रेसलाई नेतृत्व दिनुपर्छ भन्ने हाम्रो चाहना हो,' उनले भने, 'तर, सरकारको नेतृत्वको विषय सात दलको सहमतिमै टुंगो लगाउँछौँ।'

लोसपा संसदीय दलका नेता जयनुल राइनले पहिलेदेखिको सहमतिअनुसार मधेशमा मधेशकेन्द्रित दलकै नेतृत्व हुनुपर्ने दाबी दोहोर्‍याए। उनका भनाइमा विगतमा सबै दलको साथ नपाउँदा लोसपाले नेतृत्व गुमाउनुपरेको थियो। मधेशको हित र राजनीतिक प्रतिबद्धताअनुसार यसपटक सरकारको नेतृत्व लोसपाले पाउनुपर्ने र पार्टी सबैभन्दा उपयुक्त अवस्थामा रहेको उनको तर्क छ।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले सातदलीय गठबन्धनमा सरकारको नेतृत्वको विषयमा नयाँ सिराबाट छलफल हुने बताए। यस विषयमा बिहीबार छलफल हुने उनले बताए। जसपा नेपालका प्रमुख सचेतक रामाशिष यादवले जसपाका लागि मुख्यमन्त्रीभन्दा पनि लोकतन्त्र, संघीयता र प्रदेशको समृद्धि महत्त्वपूर्ण रहेको बताए। सातदलीय गठबन्धनमा सहमतिमा नयाँ सरकार नेतृत्वको विषयमा निर्णय हुने उनले बताए।

भारतले मूल्य...

पृष्ठ १ बाट क्रमशः

प्रतिसिलिन्डर १९१० रुपैयाँमै बिक्री गरिरहेको छ। जबकि ०८०/८१ मा चार अर्ब ८३ करोड सञ्चित नाफा गरेको आयल निगमले ०८१/८२ मा पनि करिब १४ अर्ब नाफा कमाएको थियो। चालू आवको पहिलो चार महिना (साउन-कात्तिक)मा पनि दुई अर्ब नाफा 'बुक' भइसकेको निगम स्रोत बताउँछ।

निगम प्रवक्ता मनोज ठाकुर भने भारतबाट घटेर आए पनि तत्काल ग्यासको मूल्य घटाउन नसकिने बताउँछन्। उनले अहिले बेचिरहेको मूल्यमा पनि निगमलाई अझै प्रतिसिलिन्डर ४४ रुपैयाँ घाटा रहेको बताए। तर, निगम समग्रमा नाफामा रहेको अवस्थामा उपभोक्तालाई सहुलियत दिनुपर्ने दायित्वबाट उनी पन्छिए।

'मूल्य घटेर आए पनि ग्यासमा रहेको घाटा कायम छ,' निगम प्रवक्ता ठाकुरले भने, 'प्रतिसिलिन्डर ५२ रुपैयाँ रहेको घाटा घटेर ४४ मा झरेको मात्रै हो। नोक्सानीमै रहेको अवस्थामा मूल्य घटाउन गाह्रो छ।'

निगम स्रोतका अनुसार ग्यासलगायत समग्र पेट्रोलियम पदार्थको कारोबारमा मासिक ५० करोड रुपैयाँका दरले नाफा आर्जन भइरहेको छ। अहिले देशभर दैनिक खपत भइरहेको एक लाख सिलिन्डर ग्यासमा प्रतिसिलिन्डर ४४ रुपैयाँ घटाएर उपभोक्तालाई राहत दिँदा निगमको नाफा मासिक १३ करोड २० लाखले मात्रै कम हुन्छ। अर्थात् समग्रमा निगम मासिक ३६ करोड ८० लाख नाफामै हुन्छ। तर, निगमले भने मूल्य घटाएर उपभोक्तालाई राहत दिनुको सट्टा दबाब छल्न उल्टै आइओसीबाट गरेको ग्यासको खरिददर नै लुकाउन थालेको छ। पछिल्लोपटक आइतबार आइओसीबाट प्रतिसिलिन्डर आठ रुपैयाँले मूल्य घटेर आएकोमा निगमले सोही दिन साँझ जारी गरेको विज्ञप्तिमा मूल्य थपघटबारे केही उल्लेख गरेको थिएन। पेट्रोलको नयाँ मूल्यसमेत लुकाएको निगमले घटेर आएको डिजेल र बढेर आएको हवाई इन्धनको मूल्यबारे मात्रै नेपाली बजारमा समायोजन गरेको जानकारी दिएको थियो।

उपभोक्ता अधिकारकर्मी विष्णु तिमिल्सिना सरकारी स्वामित्वको निगमले महँगीबाट आक्रान्त उपभोक्तालाई राहत दिनुको सट्टा मूल्य लुकाएर राख्ने र भाउ नघटाउने चरित्र देखाउनु उपयुक्त नभएको बताउँछन्। उपभोक्ताहित संरक्षण मञ्चका महासचिवसमेत रहेका उनले भने, 'अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्यो भने नेपालमा पनि बढाइहाल्ने, तर घटेको बेला नेपाली उपभोक्तालाई राहत हुनेगरी मूल्य समायोजन गर्ने आयल निगमको चरित्र छ। यो भनेको उपभोक्तामाथि छल हो। संस्था नाफामा हुँदाहुँदै पनि भारतबाट घटेर आउँदासमेत निगमले ग्यासको भाउ घटाउन आनाकानी गर्नु जायज छैन।'

आइओसीले एनओसीलाई प्रत्येक महिनाको १ र १५ तारिखमा लागू हुने गरी इन्धनको नयाँ खरिद मूल्य पठाउँछ। आइओसीबाट बढेर आए नेपाली बजारमा पनि बढाउने र घटेर आए घटाउने स्वचालित मूल्य प्रणाली लागू गरिए पनि निगमले कार्यान्वयन गरेको छैन।

भारतमा भने उपभोक्ताले समायोजन भएको मूल्यअनुसार ग्यासमा सहुलियत पाइरहेका छन्। नोभेम्बर र डिसेम्बरमा भारतमा १५.५० भारु कममा ग्यास बिक्री भइरहेको छ। भारतमा अहिले ग्यासको उपभोक्ता मूल्य १५ सय ८० भारु छ। भारतमा ग्यासको भाउ प्रत्येक महिना र पेट्रोल र डिजेलको भाउ प्रत्येक दिन समायोजन हुने गरेको छ।

रोहिंग्या प्रवेशको सूचनापछि सीमामा कडाइ

शंकास्पद व्यक्ति फेला पर्नेबित्तिकै नियन्त्रणमा लिन सीमा जोडिएका जिल्लालाई गृह मन्त्रालयको निर्देशन

सतर्कता अपनाएर चेकजाँचमा कडाइ भइरहेको छ

● **आनन्द काफ्ले**, प्रवक्ता, गृह मन्त्रालय



भारतबाट अवैध व्यक्तिहरू प्रवेश हुन सक्ने भन्दै रोक्नका लागि जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरेका छौं । मौखिक रूपमा पनि भनेका छौं । सशस्त्र प्रहरीलाई पनि निर्देशन दिएका छौं । सोहीअनुसार सतर्कता अपनाएर चेकजाँचमा कडाइ भइरहेको छ । शंकास्पद व्यक्तिहरू प्रवेश गरेको थाहा पाएमा सूचना दिएर सहयोग गर्न आमनागरिकलाई पनि भनेका छौं ।

झापामा **चिरञ्जीवी घिमिरे**
लहानमा **मणिलाल विश्वकर्मा**
धनगढीमा **तेजराज भट्ट**

रोहिंग्या शरणार्थीको प्रवेश रोक्न नेपाली प्रशासनले भारतसँग जोडिएका सीमानाकामा सुरक्षा जाँचमा कडाइ गरेको छ । गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीलाई अवैध रूपमा भइरहेको प्रवेशलाई पूर्ण रूपमा रोक्न निर्देशन दिएसँगै चेकजाँच कडाइ गरिएको हो ।

भारतमा अवैध बस्दै आएका केही रोहिंग्या नेपाल प्रवेश गरिसकेका छन् । हाल भारतमा मतदाता शुद्धीकरणका लागि स्पेसल इन्टेन्सिभ रिभिसन (एसआइआर) कार्यक्रम चलिरहेको छ । त्यो कार्यक्रमले प्रभावित हुने भएपछि रोहिंग्यालगायत भारतमा अवैध रूपमा बस्दै आएका नेपाल आउन थालेको सूचना सुरक्षा निकायको छ । नेपालमा करिब ६ सय रोहिंग्या अवैध रूपमा प्रवेश गरी बस्दै आएका छन् । भारतसँग १४४ किलोमिटर खुला नाका भएको झापा बंगलादेशबाट पनि नजिकको जिल्ला हो । यो खतरालाई आकलन गरेर प्रशासनले नाकामा सुरक्षाकर्मी तैनाथ राखेको झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए । सशस्त्र प्रहरी र नेपाल प्रहरीले नाकामा आवतजावत गर्नेमाथि निगरानी गरिरहेका छन् ।

झापा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले झापा भएर अवैध रूपमा विदेशी नागरिक भित्रन सक्ने खतरा रहेकाले सशस्त्र प्रहरीसँग समन्वय गरेर उनीहरू छिर्न सक्ने सम्भावित नाकामा कडाइ गरेको बताए । 'झापा भएर अवैध रूपमा विदेशी नागरिक भित्रने सम्भावना र चुनौती छ । गौंडा-गौंडामा कडाइ गरिरहेका छौं,' उनले भने, 'मुख्य नाकामा पनि प्रत्येक नागरिकको परिचयपत्र हेरिरहेका छौं । कतैबाट छिरेको भए पनि सहरी क्षेत्रमा पनि निगरानी गरराहेका छौं ।'

मधेश प्रदेशअन्तर्गत सप्तरीदेखि पर्सासम्म आठ जिल्लाका भारतसँग सीमा जोडिएका ४५६ किलोमिटर खण्डमा चार दिनदेखि २४सै घण्टा चेकजाँच भइरहेको महोत्तरीको बर्दीवासस्थित सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनीले जनाएको छ । बाहिनीका सूचना अधिकारीसमेत रहेका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक अशोककुमार बमका अनुसार आठवटै जिल्लास्थित भन्सार नाकासहित अन्य सहायक नाकाबाट सीमा वारपार गर्नेको ६५ वटा बोर्डर आउटपोस्ट र प्रस्तावित सीमा सुरक्षा गुल्ममार्फत जाँच गर्ने, आधिकारिक कागजात हेर्ने गरिएको छ । 'अहिलेसम्म अनधिकृत ढंगले प्रवेश गर्न खोज्नेहरू भेटिएका छैनन्,' उनले भने ।

सप्तरीको कुनौली, छिन्नमस्ता र बेलही, सिराहाको ठाढी र माडर भन्सारसहित बरियारपट्टी, नरगी कचनारी, गोरगम्मा, अभयनगर, कमलपुर नाका, धनुषाको जटही भन्सारसहित खजुरी, महिनाथपुर, दुहबी, हरिने, खौना नाकामा चेकजाँच बढाइएको छ । महोत्तरीको भिठ्ठामोड भन्सारसहित मटिहानी, समसी, इटहर्वाकट्टी, कट्टीकटैया, पोखरभिन्डा, रघुनाथपुर, खैरबन्नी, सर्लाहीको मलंगवा भन्सारसहित सोनर्सा नाका, रौतहटको गौर भन्सारसहित मटिहा, रामपुर खाप, बंकुल नाका, बाराको मटियर्वा छोटी भन्सारसहित भरोखर, सतुवाई, बैरिया, माइसांग्राम, गुलरिया, त्रिवेणीघाट, सन्तगन्ज, सनफुलवा, अमुवा, छतवा, मुसहरवा, बलिरामपुर नाका हुँदै आउनेहरूको चेकजाँच भइरहेको छ ।

मधेश प्रदेशमै सबैभन्दा बढी भारतसँग सीमा जोडिएको पर्साको १०७ किलोमिटर खण्डमा पर्ने वीरगन्ज भन्सारसहित अलौ, अमरपट्टी, पर्सौनी भाटा, भिसवा, ठोरी, पकाहामैनपुरमा १७ युनिटमा कार्यरत सशस्त्र प्रहरीबाट चेकजाँच गरिरहेको बमले बताए । नेपाल प्रहरी, मधेश प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाका अनुसार गृह मन्त्रालयको परिपत्रअनुसार आठवटै जिल्ला प्रहरीमातहत सीमावर्ती क्षेत्रमा पर्ने प्रहरी युनिटहरूबाट चेकजाँच भइरहेको, तर अहिलेसम्म अवैध रूपले प्रवेश गर्न खोज्नेहरू भेटिएका छैनन् ।

यसैगरी, भारतसँग जोडिएका सुदूरपश्चिममा कञ्चनपुरको गड्डाचौकी, कैलालीको त्रिनगरसहित सीमानाकामा सशस्त्र प्रहरीले डेढ सातायता चेकजाँचमा कडाइ गरेको छ । सीमामा खटिएका सुरक्षाकर्मीले नाकाबाट आउनेको परिचयपत्र चेकजाँच गर्ने, शंका लागेकालाई उनीहरू आएको र जान लागेको ठाउँबारे विस्तृत वितरण लिने काम गरिरहेका छन् । रोहिंग्या शरणार्थी भारतीय आधार कार्ड बनाएर विभिन्न नाकाबाट नेपाल आइरहेको भन्ने सूचनाका आधारमा चेकजाँचमा कडाइ गरिएको सीमामा खटिएका सुरक्षा अधिकारीहरूले बताएका छन् ।

'भारतीय आधार कार्ड बनाएर इँटाभट्टामा काम गर्ने मजदुर, कामदारका रूपमा शरणार्थी छिर्ने गरेको भन्ने आधारमा सुरक्षा पोस्टमा नाम 'इन्ट्री' गराएर ओहोरदोहोर गर्ने गरिएको छ । बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले नाकामा अनधिकृत आवतजावत हुन नदिन सुरक्षा सतर्कता अपनाइएको बताए ।



पूर्वी नाका काँकडभिट्टामा जाँच गर्दै सुरक्षाकर्मी ।



बाँकेको जमुनाहा नाकाबाट प्रवेश गर्नेको कागजात हेर्दै सुरक्षाकर्मी ।



नाकामा भइरहेको चेकजाँचमा गृहमन्त्री अर्यालको चासो

धनगढीमा प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सहभागी हुन आएका गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबार त्रिनगर नाका पुगेर नाकामा चेकजाँच र आवतजावतमा चासो राखेका थिए । नाकाको निरीक्षणपछि सशस्त्र प्रहरीको त्रिनगर गुल्ममा सुरक्षा ब्रिफिङ सुनेपछि उनले चेकजाँच गर्ने मेसिन राख्न सकिने सम्भावनाबारे चासो राखेका थिए । 'गृहमन्त्रीज्यूले शरणार्थीबारे त्यस्तो कुनै विषय उठाउनुभएन, तर नाकामा कसरी चेकजाँच हुन्छ भनेर चासो राख्नुभएको थियो,' एक सुरक्षा अधिकारीले भने ।

पहिचान खुल्ने कागजात भएकालाई नेपालगन्ज नाकाबाट प्रवेश

इलाका प्रहरी कार्यालय जमुनाहाले पहिचान खुल्ने कागजात भएकालाई मात्र नेपालगन्ज नाकाबाट नेपाल प्रवेश गर्न दिइरहेको छ । यसअघि निर्वाध रूपमा भारत जान र आउन दिँदै आएको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले परिचय खुल्ने कागजात भएकालाई मात्र आउजाउ गर्न दिएको इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज प्रहरी निरीक्षक किरणप्रकाश मल्लले बताए । 'गृह मन्त्रालयको निर्देशनपछि नाकामा निगरानी बढाइएको छ । परिचय खुल्ने कागजात भएकालाई मात्र आउजाउ गर्न दिइएको छ । शंकास्पद व्यक्तिलाई केरकार गर्ने र हुलिया लिने गरेका छौं,' उनले भने । उनले अहिलेसम्म शंकास्पद व्यक्ति फेला नपरेको बताए । भारतबाट रोहिंग्या शरणार्थी प्रवेश गर्ने र नेपालबाट भारत जान सक्ने खतरालाई मध्यनजर गरी प्रहरी परिचालन गरिएको बताए । 'ड्युटीमा बसेका प्रहरीलाई प्रत्येकको परिचय खुल्ने कागजात हेर्न र शंका लागेमा नियन्त्रणमा लिन निर्देशन छ,' उनले भने ।

भारतीय सीमा सशस्त्र बल (एसएसबी)ले आफ्नो क्षेत्रमा कडाइ गरेकाले रोहिंग्या शरणार्थी सजिलै नेपालमा प्रवेश गर्ने सम्भावना न्यून रहेको उनले बताए । 'रोहिंग्या शरणार्थी नेपाल आउन सक्ने सूचना पाएदेखि एसएसबीले पनि कडाइ गरेको छ । पहिचान खुल्ने कागजात भएकालाई मात्र नेपाल आउन दिने भएकाले अवैध रूपमा नेपाल प्रवेश गर्न सक्ने खतरा एकदमै न्यून छ,' मल्लले भने, 'शंकास्पद व्यक्ति फेला पर्नेबित्तिकै नियन्त्रणमा लिने निर्देशन छ ।'

बंगलादेशबाट आउने न्यून

पूर्वी नाका काँकडभिट्टा बंगलादेशबाट नजिकको नाका हो । विगतमा यो नाका भएर धेरै बंगलादेशी नेपालमा पर्यटकका रूपमा भित्रन्थे । तर, विगत केही वर्षयता बंगलादेशी नागरिक न्यून रूपमा मात्र आवतजावत गरिरहेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताए । भारतले बंगलादेशी नागरिक नेपालतर्फ नपठाउँदा आवतजावत घटेको उनले बताए । केही कार्यक्रममा आउने नागरिक मात्र नेपाल आइरहेको उनले बताए । 'बंगलादेशी नागरिक केही वर्षयता पर्यटकका रूपमा छिरेका छैनन् । भारतले नै पठाएको छैन । केही नागरिक कार्यक्रमका लागि आउँछन्,' उनले भने । अध्यागमन कार्यालय काँकडभिट्टाका अनुसार सन् २०२४ मा बंगलादेशबाट ३६ जना बंगलादेशी नेपाल आएका थिए भने नेपालबाट २८ जना बंगलादेश गएका थिए । यस्तै, सन् २०२५ को ३ डिसेम्बरसम्म २३ जना बंगलादेशी नेपाल आएका छन् भने नेपालबाट १८ जना मात्र गएको अध्यागमन कार्यालयले जनाएको छ ।

ओखलढुंगा र धनकुटामा पुनः निर्वाचन गर्न निर्देशन

काठमाडौं / एमालेले विवादित दुई जिल्लामा प्रतिनिधि छनोट प्रक्रिया पुनः अघि बढाउन निर्देशन दिएको छ । ओखलढुंगा र धनकुटामा पुनः प्रतिनिधि छनोटका लागि निर्वाचन गर्न एमाले संगठन विभागले दुवै जिल्लालाई निर्देशन दिएको हो । धनकुटामा अध्यक्ष केपी ओली समूह र ओखलढुंगामा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहले एकलौटी महाधिवेशन प्रतिनिधि छनोट गरेको थियो । सदस्यहरूलाई थाहै नदिई प्रतिनिधि छनोट गरेको ती जिल्लाले आरोप लगाएका छन् । संगठन विभागमा लिखित उजुरी परेपछि दुवै जिल्लामा पुनः निर्वाचन गर्न निर्देशन दिइएको छ ।

'प्रतिनिधि छनोट सम्बन्धमा स्वच्छ, निष्पक्ष, पारदर्शी ढंगले सम्पन्न गर्न पार्टी केन्द्रको अपानि १३ ले निर्देशन गरे पनि त्यस्तो नदेखिएकाले महाधिवेशन प्रतिनिधि निर्वाचन पूर्ण भएको महसुस गर्न सकिएन । तसर्थ, प्रभावकारी माध्यमबाट सबै सदस्यलाई सूचना सम्प्रेषण गरी पालिकास्तरमा मतदान केन्द्र व्यवस्थापन गरी पाँच दिनभित्र पुनः निर्वाचन गर्न निर्देशन गरिन्छ,' संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले जिल्ला अध्यक्षलाई लेखेको पत्रमा उल्लेख छ ।

जरिवानामा परेका दलले निर्वाचनमा भाग लिन नपाउने

नयाँ पत्रिका

निर्वाचन आयोगबाट जरिवानामा परेका ६ दलले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भाग लिन निवेदन दिएका छन् । आयोगको कानुन तथा राजनीतिक दल महाशाखाका अनुसार पार्टीको लेखापरीक्षण विवरण नबुझाएर जरिवानामा परेको लालबहादुर रानाको गान्धीवादी पार्टी नेपाल, ठाकुरप्रसाद विश्वकर्माको नेपाल मातृभूमि पार्टी, रुक्मिणी चौधरीको संघीय नेपाल पार्टी, खगेन्द्रराज अवस्थीको अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, श्यामकुमार थापाको राष्ट्रवादी युवा मोर्चा र तेजबहादुर चन्दको संघीय विकासवादी पार्टी नेपालले निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न निवेदन दिएका हुन् ।

निर्वाचन भाग लिन १२० वटा निवेदन परेकोमा आयोगले जाँचबुझ गरिरहेको छ । जाँचबुझका क्रममा ६ दलले जरिवाना नतिरी निवेदन दिएको पाइएको महाशाखा प्रमुख यज्ञ भट्टराईले बताए । आयोगले जाँचबुझ सकेर २० मंसिरमा निर्वाचनमा भाग लिने दलको सूची सार्वजनिक गर्दै छ ।

भट्टराईले दलले प्रत्येक वर्ष लेखापरीक्षण विवरण बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको बताए । 'प्रत्येक वर्ष लेखापरीक्षण प्रतिवेदन बुझाउनुपर्ने ऐनको व्यवस्था हो । कसैले एक वर्ष, कसैले दुई त लगातार तीन वर्ष नबुझाउने पनि छन् । नबुझाउनेलाई जरिवाना गरिएको हो,' उनले भने । जरिवाना नबुझाउनेलाई तत्काल हुने निर्वाचनमा भाग लिन नपाउने गरी आदेश दिन सक्ने कानुनी राजनीतिक दलसम्बन्धी ऐनको दफा ५४ (३) मा व्यवस्था छ । भट्टराईका अनुसार जरिवाना नबुझाएमा आयोगले दल दर्ता खारेज गर्न सक्छ । 'तोकेको जरिवाना नबुझाएमा आयोगले जरिवाना बुझाउन अन्तिम समय दिने र त्योभित्र नबुझाए दल दर्ता खारेज गर्न सक्ने कानुनी व्यवस्था छ,' उनले भने ।

कुन-कुन दलले बुझाएनन् जरिवाना ?

आयोगको कानुन तथा राजनीतिक दल महाशाखाका अनुसार निर्वाचनमा भाग लिन निवेदन दिएका ६ सहित १९ दलले जरिवाना बुझाएका छैनन् । जसमा तीन वर्षको लेखापरीक्षण विवरण नबुझाएको आम आदमी पार्टी नेपाल र नेकपा (लोकतान्त्रिक)लाई समान ७० हजार र शिव सेना नेपाललाई २० हजार जरिवाना गरिएको छ । दुई वर्षको लेखापरीक्षण नबुझाएको गान्धीवादी पार्टी नेपाललाई २५ हजार, नेपाल राष्ट्रवादी पार्टीलाई ३० हजार, माओवादी जनमुक्ति पार्टी नेपाललाई ३० हजार, नेकपा (गौरवशाली)लाई ३० हजार, माओवादी कम्युनिस्ट पार्टी नेपाललाई १७ हजार, मधेश तराई फोरमलाई नौ हजार पाँच सय जरिवाना गरिएको छ । एक वर्षको लेखापरीक्षण नबुझाएको नेपाल मातृभूमि पार्टीलाई १० हजार, नेसनलिस्ट पिपुल्स पार्टीलाई १० हजार, राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादीलाई पाँच हजार, राष्ट्रिय एकता मञ्चलाई १० हजार, संघीय नेपाल पार्टीलाई पाँच हजार, नेकपा परिवर्तनलाई पाँच हजार, पुनर्जागरण पार्टीलाई २५ सय, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, संघीय विकासवादी पार्टी नेपाल र राष्ट्रवादी युवा मोर्चालाई समान सात हजार जरिवाना गरिएको छ । महाधिवेशन नगरेको आधुनिक नेपाल समाजवादी पार्टीलाई ५० हजार जरिवाना गरिएको छ ।

संक्षेप

महेन्द्रनगर नगर विकास समितिका पूर्वअध्यक्ष राना कारागार चलान



कञ्चनपुर / कञ्चनपुरको भीमदत्त नगरपालिकास्थित तत्कालीन महेन्द्रनगर नगर विकास समितिको जमिन घोटाला प्रकरणमा पूर्वअध्यक्ष पल्टु राना पक्राउ परेका छन् । नगर विकास समितिको जमिन अवैध रूपमा लिजमा दिनुका साथै बिक्रीमा संलग्न पूर्वअध्यक्ष राना पुर्पक्षका लागि कञ्चनपुर कारागार चलान भएका छन् । विशेष अदालतले २४ वैशाख ०८१ मा रानाविरुद्ध पाँच वर्ष ११ महिना २६ दिन कैद, ८५ लाख २८ हजार ७८३ रुपैयाँ जरिवाना तोकेको थियो । रानाले कैद र जरिवाना नतिरेपछि पक्राउ गरेर जेल चलान गरिएको प्रहरीले जनाएको छ । कञ्चनपुर प्रहरी प्रवक्ता सागर बोहराले लालझाडी गाउँपालिका- ५ देखतभुलीबाट रानालाई मंगलबार पक्राउ गरिएको बताए । अदालतले तोकेको धरौटी बुझाउन नसकेपछि राना बुधबार पुर्पक्षका लागि कारागार चलान भएको उनको भनाइ छ ।

बाँकेमा ३९ जना नयाँ एचआइभी संक्रमित फेला

बाँके / बाँकेमा ३९ जना नयाँ एचआइभी संक्रमित फेला परेका छन् । चालू आर्थिक वर्षको १५ मंसिरसम्म ३९ जना नयाँ एचआइभी संक्रमित फेला परेको जिल्ला स्वास्थ्य कार्यालय, बाँकेले जनाएको छ । योसँगै बाँकेमा संक्रमितको संख्या ११९ पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार आर्थिक वर्ष ०८१/८२ मा ८० र चालू आर्वमा ३९ जनामा एचआइभी संक्रमित फेला परेका हुन् । साउनयता मात्रै २७ पुरुष र १२ महिला गरी ३९ जनामा एचआइभी संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका एचआइभी/एड्स फोकलपर्सन रवीन्द्र शाहले जानकारी दिए । संक्रमितमध्ये आठजना ३९ वर्षमाथिका र १५-३९ वर्षसम्मका ३१ जना रहेको उनले बताए ।

आव ०८१/८२ मा फेला परेका ८० जना संक्रमितमध्ये १५-४९ वर्षसम्मका ६६ जना, ४९ वर्षमाथिका आठ र १५ वर्षमुनिका ६ जना रहेको शाहले बताए । 'जनचेतनामूलक कार्यक्रम र सजगताका कारण पछिल्लो समय संक्रमितको संख्या घट्दो अवस्थामा छ,' उनले भने । बाँकेमा रहेका एचआइभी संक्रमितले भेरी अस्पतालबाट निःशुल्क औषधि पाइरहेका छन् । बाँकेका विभिन्न स्वास्थ्य चौकीमा एचआइभी परीक्षण गरिए पनि अन्तिम परीक्षण भेरी अस्पतालमा हुने गरेको छ ।

ताप्लेजुङ वन पैदावर व्यवसायी संघको अध्यक्षमा राई

ताप्लेजुङ / वन पैदावर व्यवसायी संघ ताप्लेजुङको चौथो अधिवेशनले ज्ञानबहादुर राईलाई अध्यक्षमा सर्वसम्मत रूपमा चयन गरेको छ । बुधबार सम्पन्न अधिवेशनले उपाध्यक्षमा टीकाराम सुनुवार, सचिवमा रविन गुरुङ, सहसचिवमा किशोर न्यौपाने र कोषाध्यक्षमा कुशुम न्यौपाने चयन भए । नौ सदस्यीय कार्यसमितिका अन्य सदस्यमा प्रेमबहादुर नुगो, मनीष हेल्लोक, युवराज बोगटी र मंगलसिंह विश्वकर्मा छन् । लेखा समिति संयोजकमा चन्द्रकुमार यवागू तथा सदस्यमा कोपिला भट्टराई र जयप्रकाश भट्टराई चयन गरिएको संघले जनाएको छ । अधिवेशनमा व्यवसायीहरूले वर्तमान चुनौती, व्यवसायको प्रभावकारी सम्भावना र आगामी कार्ययोजनाबारे विस्तृत रूपमा छलफल गरेका छन् ।

■ उज्यालो नेपाल पार्टीको घोषणापत्र सार्वजनिक

संविधान संशोधनबाट निर्वाचन प्रणालीमा सुधार

कमलराज भट्ट / नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि ऊर्जामन्त्री कुलमान घिसिङको अगुवाइमा स्थापना भएको उज्यालो नेपाल पार्टीले निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने निष्कर्षसहित आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ । प्रज्ञा प्रतिष्ठानमा बुधबार आयोजित पार्टीको औपचारिक घोषणा सभामा सार्वजनिक गरिएको घोषणापत्रले संविधानको मूलभूत व्यवस्थालाई आत्मसात् गर्दै थुप्रै सुधारहरू गर्नुपर्ने औंल्याएको हो ।

'हालको व्यवस्थाबाट बलियो र स्थिर सरकार निर्माण गर्न करिब असम्भव नै भएकाले समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित रहने गरी निर्वाचन प्रणालीमा सुधार गरिनुपर्दछ,' घोषणापत्रमा भनिएको छ । घोषणापत्रमा नेपालको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र नागरिक सर्वोच्चता पार्टीको मूल राजनीतिक आदर्श हुने भनिएको छ । यसैगरी, नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक पहिचानयुक्त राष्ट्र भएको हुनाले यस पार्टीले नेपाली समाजको बहुलपनालाई सम्मान, संरक्षण र संवर्द्धन गर्दै सामाजिक न्यायमा आधारित, सहभागितामूलक समावेशी र लोककल्याणकारी राज्य प्रणालीमार्फत जनताको सामूहिक हितको रक्षा गर्नुपर्ने भनिएको छ ।

पार्टीले नागरिक स्वतन्त्रता, विधिको शासन, आवधिक निर्वाचन, बालिग मताधिकार, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र प्रेस स्वतन्त्रताजस्ता विश्वव्यापी रूपमा अभ्यास भइरहेका लोकतन्त्रका आधारभूत मूल्य-मान्यतालाई स्वीकार गरी उत्कृष्टता, पारदर्शिता र जवाफदेहिताका आधारमा प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने भनिएको छ । संविधानको मूलभूत व्यवस्थालाई आत्मसात् गर्दै लोक कल्याणकारी राज्य र उदारवादी अर्थ-व्यवस्थाको अभ्यास गर्नु उज्यालो नेपाल पार्टीको मूलभूत राजनीतिक र आर्थिक मार्गदर्शन रूपमा रहने भनिएको छ । पार्टीले नागरिकको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको हकलाई राज्यको क्षमता बढाएर अनिवार्य दायित्वका रूपमा ग्रहण गर्नेछ । साथै, राज्य, निजी क्षेत्र, सहकारी र समुदायबिच गतिशील र सन्तुलित साझेदारीमा बाधारित समाजवादमुखी आर्थिक प्रणालीको अभ्यास गर्नेछ । नेपालको भौगोलिक अखण्डता, राजनीतिक स्वामित्व र सामारिक स्वायत्तता सुरक्षित राख्दै राष्ट्रिय सहमतिका आधारमा परराष्ट्र नीतिको तर्जुमा र सञ्चालन गरिनेछ ।



घोषणापत्रको मुख्य विशेषता

- बहुमत आउने निर्वाचन प्रणाली, अढाई वर्षसम्म प्रधानमन्त्री फेर्न नपाउने
- पालिकामा गैरदलीय चुनाव, संघीयताको अभ्यासलाई कायमै राख्ने
- सरकार परिवर्तनसँगै राजनीतिक नियुक्तिहरू तत्कालै रिक्त हुने
- अन्तरजिल्ला र विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार

गैरआवासीय नेपालीलाई नेपालमा फर्किन र नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ । राज्य सञ्चालनमा शक्ति पृथकीकरण र शक्तिसन्तुलनको वास्तविक अभ्यास गरिनेछ । उत्कृष्टताका आधारमा राजकीय जिम्मेवारी प्राप्त गर्ने प्रणाली स्थापना गरिनेछ । उज्यालो नेपाल पार्टीले संविधानलाई गतिशील दस्ताबेजका रूपमा स्वीकार गर्ने र उज्यालो भविष्यका लागि वर्तमान संविधानका केही व्यवस्था संशोधन गर्नुपर्ने भनेको छ । हालको व्यवस्थाबाट बलियो र स्थिर सरकार निर्माण गर्न असम्भव भएकाले समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित रहने गरी निर्वाचन प्रणालीमा सुधार गरिनुपर्ने भनिएको छ ।

घोषणापत्रमा राज्य सञ्चालनलाई प्रभावकारी बनाएर मात्र सामाजिक न्यायसहितको समृद्ध एवं उज्यालो नेपाल निर्माण गर्न सकिने हुनाले हाल भइरहेको अभ्यासहरूमा तत्कालै सुधार हुनुपर्ने भनिएको छ । जसका लागि प्रचलित ऐन-कानुनमा समसामयिक सुधार गर्दै विकासमैत्री बनाइनुपर्ने, द्रुत गतिमा विकास कार्यलाई अगाडि बढाउन बाधक कानुनहरू संशोधन र खारेज गरिनुपर्ने र यसका लागि छाता ऐन निर्माण गरिनुपर्ने भनिएको छ ।

राज्यका निकायबिच स्पष्ट समन्वय र सहकार्य हुने गरी कानुनी र संस्थागत व्यवस्था हुनुपर्ने, राज्यको सबै लगानीलाई योजनाबद्ध रूपमा परिचालन गरी अर्थतन्त्रलाई गतिशील र आत्मनिर्भर बनाउन क्षेत्रगत एकीकृत विकास कार्यक्रम र प्राथमिकता तोकिनुपर्ने, प्राकृतिक साधन र स्रोतको एकीकृत एवं बहुउपयोग गर्ने प्रणाली स्थापना गरिनुपर्ने भनिएको छ ।

■ कुलमानले भने– देशकै लिड गर्नुपर्छ जस्तो लागिरहेछ

घोषणा सभामा पार्टीका संरक्षक एवं ऊर्जामन्त्री कुलमान घिसिङले उज्यालो नेपाल पार्टीले देश बनाउने विश्वास व्यक्त गरे । आफूले आठ वर्षदेखि उज्यालो नेपाल अभियान चलाइरहेको र अहिले पार्टीका रूपमा आएको उनको भनाइ थियो । 'अब यहाँबाट हिँडेपछि कता जाने होला तपाईंहरूले भन्दा अब देशकै लिड गर्नुपर्छ जस्तो लागिरहेको छ,' उनले भने । राजनीति परिवर्तन गर्न नेताहरू सफल भएको भन्दै घिसिङले थपे, 'वास्तवमा परिवर्तन, सिस्टम, विचारले मात्र देश बन्दो रहेनछ । लिडरसिप पनि जरुरी छ । यदि नेतृत्व राम्रो भयो भने देश बन्दोरहेछ ।'

अध्यक्ष अनुपकुमार उपाध्यायले जनताले खोजेको सुशासन, समृद्धि र सामाजिक न्यायको आकांक्षा पूरा गर्न दल खोलेको बताए । 'आमजनताले खोजेको सुशासन, समृद्धि र सामाजिक न्यायको आकांक्षा पूरा गर्न नयाँ दलको स्थापना गर्नु अपरिहार्य भएको छ,' उनले भने ।

एमालेको 'रिभाइब' र ओलीको बिदाइ

ओलीको बिदाइले एमालेलाई नै पुरानो गुटगत र वैचारिक टकरावबाट मुक्त गरी सामूहिक, वैचारिक र जनमुखी बाटोमा फर्कने अवसर दिनेछ



● सुरेश गौतम


अग्रलेख

नेपालको कम्युनिस्ट आन्दोलनमा केपी ओली एक यस्ता नेता हुन्, जसले एक दशकसम्म एमालेको मात्र होइन, देशकै राजनीतिलाई आफ्नोवरिपरि घुमाए। ओलीको राजनीतिक भूमिका नेपाली कम्युनिस्ट आन्दोलनको केन्द्रीय शक्तिका रूपमा रह्यो, जसले देशको राजनीतिलाई स्थायित्व र समृद्धिको नारा दियो, तर यही नेतृत्वले पछिल्लो समयमा आन्तरिक लोकतन्त्र, संवैधानिक मर्यादा र सुशासनका सवालमा गम्भीर प्रश्नको सामना गर्नुपऱ्यो। पछिल्लो समय जेन-जी आन्दोलनको तीव्र दबाबका कारण उनको राजनीतिक साखमा गम्भीर क्षयीकरण भयो। ओलीको राजनीतिक यात्रामा युवाको असन्तुष्टिले रातो रेखा कोरिदिनुका साथै यो आन्दोलनले पुरानो र नयाँ पुस्ताबिच पनि स्पष्ट रेखा कोरिदियो। जसले गर्दा ओलीलाई आफ्नो राजनीतिक सान्दर्भिकता कायम राख्न झनै गाह्रो भएको छ। नेतृत्व क्षमतामाथि उठेका प्रश्नलाई पन्छाउँदै आफ्नो राजनीतिक प्रभाव र पार्टीभित्रको पकडलाई पुनर्स्थापित गरी फेरि देशको मुख्य नेतृत्वको भूमिकामा फर्कने प्रयासमा ओली देखिन्छन्। एमालेमा लामो समयदेखि प्रभुत्व जमाएका ओलीको नेतृत्व शैली र परम्परागत एमालेको कार्यप्रणाली व्यक्तिकेन्द्रित हठी र वैचारिक बहसभन्दा सत्ताकेन्द्रित थियो जसले गर्दा ओलीको राजनीतिक शक्ति अभ्यासमा प्रभुत्ववादी चरित्र हाबी भयो। यस्तो नेतृत्वले पार्टी र जनताको बदलिँदो चेतना विशेष गरी जेन-जी आन्दोलनले उठाएका सुशासन, पारदर्शिता र पुस्तान्तरणका मागलाई सम्बोधन गर्न सकेन। यही पृष्ठभूमिसँगै, अब एमाले आफ्नो ११औँ महाधिवेशनको सँघारमा उभिएको छ। लामो समयदेखि नेतृत्वको पकडमा आएको यो ऐतिहासिक मोडमा, पार्टीले ओलीको युगलाई पुस्तान्तरणमार्फत सम्मानजनक बिदाइ दिन सक्छ या सक्दैन भन्ने नै अहिलेको यक्षप्रश्न हो। नेतृत्व परिवर्तनको यो अपरिहार्य समयमा एमालेलाई नीतिगत शुद्धीकरण, सांगठनिक पुनर्संरचना र जनविश्वासको पुनर्जागरणका लागि यो महाधिवेशनले अवसर प्रदान गर्नेमा प्रतिनिधिहरूबिच आशा जगाएको छ।

ओलीको नेतृत्व र कार्यशैलीले एमालेलाई एक विशेष मोडमा पुऱ्याएको छ। ओलीको बिदाइको आधार उनको विवादास्पद कार्यशैली नै हो। छुचो बोली, आलोचकप्रति शत्रुतापूर्ण व्यवहार र गैरजिम्मेवार अभिव्यक्तिले उनको व्यक्तिगत छवि र पार्टीको प्रतिष्ठामाथि प्रश्न उठायो। संसद् विघटनजस्ता कदमले उनलाई अलोकतान्त्रिक र एकलौटी निर्णयकर्ताको आरोप लाग्यो, जसले पार्टीभित्र आन्तरिक कलह र अन्ततः विभाजन निम्त्यायो। उनको नेतृत्वमा पार्टीभित्र गुटगत स्वार्थ हाबी भयो, इमानदार तथा क्षमतावान् नेता कार्यकर्तालाई पाखा लगाइयो।

ओलीको बिदाइ एमालेको 'रिभाइब'को प्रारम्भिक सर्त हो। जबसम्म पार्टी एक व्यक्तिको छायाबाट मुक्त हुँदैन, तबसम्म यसले आफ्नो वास्तविक वैचारिक, संगठनात्मक र जनमुखी चरित्रलाई पुनर्जीवित गर्न सक्दैन। ओलीको बिदाइले एमालेलाई पुरानो गुटगत र वैचारिक टकरावबाट मुक्त गरी सामूहिक, वैचारिक र जनमुखी बाटोमा फर्कने अवसर दिनेछ, जसले गर्दा एमालेको रिभाइबको आधार बन्नेछ। ओली नेतृत्वको विवादास्पद पाटोबाट मुक्त हुँदा एमालेले संस्थापन पक्षको शुद्धीकरण र सामूहिक नेतृत्वको विकासमार्फत आफूलाई देशकै प्रमुख वैकल्पिक शक्तिका रूपमा पुनर्स्थापित गर्न सक्छ। ओलीको प्रभावबाट मुक्त भएको एमालेले पार्टीलाई रिभाइब गर्न सक्ने बलियो सम्भावना देखिन्छ। यो रिभाइबले ओलीपथ बाट एमालेपथमा फर्कन सहयोग पुग्नेछ। एमालेको रिभाइबको सफलता नेतृत्व हस्तान्तरण कत्तिको सहज, संस्थागत र सर्वस्वीकार्य रूपमा हुन्छ भन्नेमा निर्भर गर्छ। नेतृत्व हस्तान्तरण पार्टीको संस्थागत हितलाई केन्द्रमा राखेर गरियो भने, एमाले नेपालको राजनीतिमा आफ्नो प्रभावशाली शक्तिलाई पुनर्जीवित गर्न सफल हुनेछ। सामूहिक र सन्तुलित नेतृत्व आउँदा पार्टी एक व्यक्तिको भन्दा विचार र सिद्धान्तमा आधारित संस्थाका रूपमा स्थापित हुन्छ। जबजको सिद्धान्तलाई समयसापेक्ष व्याख्या गर्दै पार्टीलाई व्यक्तिगत स्तुतिगानबाट निकालेर नीति र कार्यक्रममा केन्द्रित गर्न सकिन्छ। यसले आमजनतामाझ विश्वसनीयता बढाउँछ। ओलीको छत्रछायाँ हटेपछि पार्टीभित्र खुला बहस, सामूहिक निर्णय प्रक्रिया र आन्तरिक लोकतन्त्रको अभ्यास पुनः सुरु हुन सक्छ, जसले असन्तुष्ट नेता तथा कार्यकर्तालाई पार्टीमा फर्काउन मद्दत गर्छ। ओलीको नेतृत्वका कारण टाढिएका वा बाहिरिएका नेतासँगको पुनः एकीकरणको बाटो नयाँ र कम विवादास्पद नेतृत्वका लागि सहज हुन्छ। नयाँ नेतृत्वले ओलीको समयका आक्रामक राजनीतिक शैली त्यागेर सन्तुलित, समन्वयकारी र रचनात्मक शैली अपनाउन सक्छ, जसले गर्दा नयाँ अनुहार र नयाँ ऊर्जासहितको नेतृत्व आउँदा कार्यकर्तामा उत्साह र गतिशीलता बढ्छ अनि ग्रासरुट तहमा पार्टीको कामलाई पुनर्जीवन दिनेछ।

एमालेको रिभाइब केवल सम्भावना मात्र होइन, बरु एमाले जीवित रहनका लागि अपरिहार्य हो। ओलीको बिदाइले उत्पन्न गर्ने शून्यतालाई नयाँ नेतृत्वले संस्थागत लोकतन्त्र, वैचारिक सन्तुलन र राष्ट्रिय एजेन्डामार्फत भर्न सकेमा, एमाले नेपालको राजनीतिमा आफ्नो पुरानो साख र प्रभाव पुनर्जीवित गर्न सफल हुनेछ। एमालेको रिभाइब ओलीको बिदाइपछि मात्र सम्भव हुन्छ किनकि ओलीको व्यक्तित्व पार्टीको विचार र संगठनमाथि यति धेरै नकारात्मक सोच हाबी भयो कि यसले पार्टीको संस्थागत विकासलाई नै अवरुद्ध पारिदियो। अब ओली युगको अन्त्यसँगै आफ्नो जनमुखी, वैचारिक र लोकतान्त्रिक बाटोमा फर्किएर एमालेले पुनर्जीवन पाउन सक्छ।



रिभाइबको अर्थ एमाले पार्टीले आफ्नो गुमेको साख, संगठनात्मक ऊर्जा, वैचारिक सन्तुलन र जनविश्वासलाई पुनः प्राप्त गर्दै ओलीको बिदाइपछि उत्पन्न हुने शून्यलाई सकारात्मक रूपमा भर्ने प्रक्रिया हो। एमाले रिभाइबका लागि संस्थागत पुनर्गठनअन्तर्गत आन्तरिक लोकतन्त्र पुनर्स्थापना गर्नुपर्छ। गुटगत राजनीतिलाई नियन्त्रण गरी पार्टी विधान र संस्थागत निर्णय प्रक्रियालाई सर्वोच्चता प्रदान गर्दै वैचारिक नवीकरणलाई जबजको सिद्धान्त समयको मागअनुसार सामाजिक न्याय, संघीयताको प्रभावकारिता र दिगो विकासका एजेन्डासँग जोडेर नयाँ पुस्ताका लागि आकर्षक बनाउनुपर्छ। एमालेलाई जनविश्वासको पुनर्लाभ लिन विगतका गल्तीको आलोचनात्मक समीक्षा गर्दै क्षमायाचनाको भावनासाथ जनतामाझ जानुपर्छ। साथै, सुशासन र जवाफदेहितालाई प्राथमिकता दिएर जनविश्वास जित्नुपर्छ। राष्ट्रिय राजनीतिमा आक्रामकभन्दा सहयोगी र सन्तुलनकारी भूमिका खेल्नु नै एमालेको रिभाइब हो।

> ओलीको बिदाइ एमालेको 'रिभाइब'को प्रारम्भिक सर्त हो। जबसम्म पार्टी एक व्यक्तिको छायाबाट मुक्त हुँदैन, तबसम्म यसले आफ्नो वास्तविक वैचारिक, संगठनात्मक र जनमुखी चरित्रलाई पुनर्जीवित गर्न सक्दैन।

ओलीको बिदाइले पार्टीभित्रको आन्तरिक अवरोध हटाउँछ, जसले रिभाइबका लागि नयाँ ठाउँ र ऊर्जा सिर्जना गर्छ। ओलीको नेतृत्वमा पार्टीको क्षमतालाई व्यक्तिगत स्वार्थले ओझेलमा पारेको थियो। रिभाइबको सफलताका लागि पहिले त्यो ओझेल हटाउन ओलीको बिदाइ हुनैपर्छ। एमालेको रिभाइब तब मात्र सफल हुन्छ जब नयाँ नेतृत्वले ओलीको व्यक्तिगत ब्रान्डिङबाट बाहिर निस्केर जबजको नवीकृत र समसामयिक दर्शनलाई आत्मसात् गर्छ। यो नवीकरणले एमालेलाई केवल शक्ति प्राप्त गर्ने यन्त्रका रूपमा मात्र नभई राष्ट्रको वैचारिक दिशा दिने संस्थाका रूपमा पुनर्स्थापित गर्न सक्छ।

नेपालको सामाजिक अस्तित्व अर्थात् भौतिक परिस्थिति अब पुरानो छैन। डिजिटल युग, भूमण्डलीकरणको प्रभाव र युवाको बढ्दो राजनीतिक चेतनाले परम्परागत राजनीतिको आधार अर्थ-राजनीतिक संरचनालाई हल्लाइदिएको छ। राजनीतिक नेतृत्व र दलहरूको कार्यशैली 'सुपर स्ट्रक्चर'को नयाँ आधारअनुरूप हुनुपर्छ। जब ओली नेतृत्वले पुरानो र जडवत् विचारको प्रतिनिधित्व गर्दै नयाँ सामाजिक-आर्थिक चेतनासँग मेल खाएन, तब त्यो मार्क्सवादी अर्थमा अप्रासंगिक हुनपुग्यो। अब ओलीको बिदाइ यो कुनै व्यक्तिगत निर्णय मात्र नभएर, बदलिँदो सामाजिक-आर्थिक आवश्यकता र चेतनाको दबाबबाट उत्पन्न भएको ऐतिहासिक अनिवार्यता हो। मार्क्सवादी सिद्धान्तअनुसार, कम्युनिस्ट पार्टी सधैँ सर्वहारा वर्गको हित र क्रान्तिको लक्ष्यप्रति समर्पित हुनुपर्छ। यदि नेतृत्व वर्गबाट विमुख भई व्यक्तिगत सत्ता वा भ्रष्ट अभ्यासमा रुमलिन्छ भने, पार्टीले आत्मसुधारको प्रक्रिया अपनाउनुपर्छ। एमालेको रिभाइबको प्रयासलाई यही आत्मसुधार र पुनर्गठनको प्रक्रियाका रूपमा हेर्न सकिन्छ। एमालेलाई फेरि बलियो बनाउन जनताको भौतिक अवस्था सुशासन, समृद्धि, रोजगारीसँग जोडेर अगाडि बढ्नुपर्ने बाध्यता सिर्जना भएको छ। पुरानो नेतृत्वशैली र नयाँ सामाजिक मागबिचको द्वन्द्वले एमालेलाई रिभाइबतर्फ डोऱ्याएको छ। ओलीको बिदाइ र एमालेको रिभाइबको प्रयास मार्क्सवादी सिद्धान्तको सच्चा अभ्यास तब मात्र हुनेछ, जब यसले नयाँ पुस्ताको मागलाई केवल नारामा मात्र सीमित नगरी, पार्टीको सैद्धान्तिक, आर्थिक र सामाजिक कार्यक्रममा ठोस रूपमा रूपान्तरण गर्न सक्छ। ओलीको बिदाइ र एमालेको रिभाइब भनेको केवल नेतृत्व परिवर्तन मात्र होइन, एमालेको वैचारिक र संगठनात्मक संरचनामा आमूल परिवर्तन गर्नु हो।

एमालेको दिगो रिभाइब भनेको पार्टीको पुरानो अपरेटिङ सिस्टम वैचारिक संरचनालाई बदलिँदो सामाजिक-आर्थिक र प्राविधिक मागअनुसार आमूल परिवर्तन गरी 'अपग्रेड' गर्नु हो। साथै, ओलीको बिदाइलाई उनको व्यक्तिगत विश्राम मात्र नभई, पार्टीको संस्थागत स्वास्थ्यका लागि आवश्यक सर्जरीका रूपमा पनि हेर्न सकिन्छ। सक्रिय राजनीतिबाट बिदा लिँदा उनले आफ्नो कार्यकालमा गरेका ऐतिहासिक योगदानजस्तै संविधान निर्माण, नाकाबन्दी सामनालगायतलाई सुरक्षित राख्दै भविष्यमा हुने असफलताको भारी बोक्ने कार्यबाट मूक्त हुनु नै ओलीका लागि राम्रो हुन्छ। नेतृत्वमा परिवर्तन आउँदा, पार्टीले आफूमा सुधार आएको र जनताको अपेक्षालाई सम्बोधन गर्न तयार रहेको सकारात्मक सन्देश दिन सक्छ, जसले सार्वजनिक विश्वास बढाउँछ। ओलीले सक्रिय नेतृत्वबाट बिदाइ लिँदा, उनको व्यक्तिगत गरिमा र योगदान सुरक्षित रहने मात्र होइन, यसले एमालेलाई पुस्तागत बदलावको माग र जेन-जीको सन्देशलाई सम्बोधन गर्न आवश्यक आमूल परिवर्तनको अवसर दिनेछ। ओलीको बिदाइ एमालेका लागि बाध्यताभन्दा बढी परिवर्तनको मौका हो। ओलीले व्यक्तिगत मोहका कारण नेतृत्व नत्यागेमा, उनको राजनीतिक अवशान दर्दनाक प्रक्रियाबाट हुनेछ। उनी राजनीतिक रूपमा सक्रिय नै रहे पनि, वैचारिक रूपमा भने अवशानको अवस्था आउन सक्छ। ओलीले शक्तिको मोहमा अन्तिमसम्म लड्दा उनको आफ्नो सद्भाव, सम्मान र योगदानलाई धुमिल पार्नेछ, जसले उनको सम्पूर्ण राजनीतिक जीवनमाथि प्रश्न उठ्न सक्छ। त्यसकारण, ओलीले यो समयको मागसँगै स्वेच्छाले पद त्याग गरेमा उनलाई वरिष्ठ राजनेताको दर्जा एमालेका कार्यकर्ताले दिन सक्छन्। अब पार्टी र राष्ट्रका लागि सल्लाहकार र मार्गदर्शकका रूपमा सम्मानजनक भूमिकामा रहँदा नै ओलीको मात्र होइन, एमाले र देशकै कल्याण हुनेछ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



■ एमालेको महाधिवेशन प्रतिनिधि छनोटमा ५३ प्रतिशत संगठित सदस्य मतदानमै नआउनुले के संकेत गर्छ ?

यस्तो अवस्था देखिनु भनेको सम्बन्धित दलको आन्तरिक राजनीतिमा मौन प्रतिरोधको संकेत हो। दलहरूमा शान्तिपूर्ण नेतृत्व हस्तान्तरण भएन, पुस्तान्तरण अवरुद्ध भयो भने प्रतिरोध सुरु हुन्छ। त्यस्तो प्रतिरोधका अनेक रूप हुन्छन्। कसैले पार्टीका विभिन्न फोरममार्फत विरोध जनाउँछन्। कसैले सार्वजनिक मञ्चहरूमार्फत विरोध जनाउँछन् भने कसैले यस्तै मौन प्रतिरोध गर्छन्। कुनै अमूक दलको महाधिवेशनको संघारमा यस्तो सूचक आउनुले पार्टीको आन्तरिक राजनीतिमा रोग लागेको संकेत गर्छ। त्यस्तोमा नेतृत्वले निदान खोजेन, पथपरेज गरेन भने सम्बन्धित दल 'कोल्याप्स' हुन पनि बेर लाग्दैन। दक्षिण एसियामा यस्ता धेरै घटना भएका पनि छन्। यस्तो मौन प्रतिरोध दलहरूका लागि खतराको घन्टी हो।

■ पार्टीले संगठित सदस्यमा उत्साह भर्न के गर्नुपर्ने थियो त ?

यसका लागि पार्टीहरूको आन्तरिक लोकतन्त्र बलियो हुनुपर्छ। नेतृत्वले माथिबाटै सूची तयार गरेर अमूक अमूक व्यक्तिलाई मत देऊ भन्नु भएन। कार्यकर्ता उत्साहहीन देखिएपछि पार्टीले नेतृत्व कहाँ चुक्यो, त्यसलाई कसरी सच्याउन सकिन्छ भन्नेबारे खुला विमर्श चलाउनुपर्छ। सदस्यता माथिबाट तोक्ने, जिताउनुपर्ने व्यक्तिको सूची माथिबाट लादिने प्रथाले पार्टीको गति अवरुद्ध गर्छ। यसको प्रभाव अन्य दलमा पनि पर्न सक्छ। त्यहाँ पनि मौन प्रतिरोध सुरु हुन सक्छ।

■ कुनै ठाउँमा १.३६ प्रतिशत संगठित सदस्यले मत दिएर प्रतिनिधि चयन गरेका छन्। यो कति विश्वसनीय या वैधानिक हुन सक्ला ?

आन्तरिक चुनावमा यस्तो अवस्था देखिनु भनेको दलहरूका लागि डरलाग्दो संकेत हो। यसले कानुनी या वैधानिक मान्यता त पाउला पनि। तर, यसले सामाजिक र राजनीतिक वैधता पाउन सक्दैन। यसबाट समाज र दलबीच अन्तरविरोध खडा हुन सक्छ।

प्रेरक प्रसंग

चार आनाको ज्ञान !

आचार्य रामतीर्थ एकपटक गंगा किनार घुम्ने विचारले ऋषिकेश गए। गंगा किनारमा घुम्दै गर्दा उनले एक साधु आरामले बसिरहेको देखे। साधुलाई देखेपछि रामतीर्थको मनमा अचानक एउटा विचार आयो। उनलाई साधुबाबासित कुराकानी गर्ने रहर जाग्यो। साधुको नजिकै पुगेपछि उनले सोधे, 'बाबा, तपाईं सन्न्यासी बनेको कति वर्ष भयो ?' 'त्यस्तै ४० वर्ष भयो होला बालक,' साधुले जवाफ दिए।' 'अनि यी ४० वर्षमा तपाईंले के-के प्राप्त गर्नुभयो त बाबा ?' रामतीर्थले साधुलाई प्रश्न गरे।



'यो देख्दै छौ,' गंगातिर इसारा गरेर साधुले बडो गर्वले भने, 'यदि मैले चाहेँ भने म यो गंगाको पानीको एक छेउबाट हिँडेर अर्को छेउसम्म जान सक्छु।' 'त्यसो भए त त्यो छेउबाट यो छेउसम्म फर्केर आउन पनि सक्नुहुन्छ होला होइन बाबा,' रामतीर्थले फेरि प्रश्न गरे। 'हो, बिल्कुल आउन सक्छु। तिमी हेर्न चाहन्छौ भने म हिँडेर देखाउन पनि सक्छु,' साधुको गर्धन गर्वले तन्कियो। 'यसबाहेक अरू के-के गर्न सक्नुहुन्छ बाबा तपाईं ?' रामतीर्थले फेरि प्रश्न गरे। 'के तिमीले यसलाई सजिलो काम सम्झेका छौ ?' रामतीर्थको प्रश्नमाथि प्रश्न सोध्ने शैलीबाट तिल्मिलाएका साधुले तीखो स्वरमा प्रश्न गरे। रामतीर्थ साधुको कुरा सुनेर मुसुक्क मुस्कुराए र भने, 'मेरो कुराले तपाईंको आत्मसम्मानमा ठेस पुगेको भए मलाई माफ गर्नुस् बाबा, म तपाईंलाई दुःखी बनाउन चाहन्नँ। तर, बाबा, मेरो विचारमा तपाईंले आफ्नो ४० वर्ष त्यत्तिकै गुमाउनुभएछ। किनकि, यो नदी डुंगा चढेर पनि पार गर्न सकिन्छ। उता जाँदा दुई आना र उताबाट यता फर्किंदा दुई आना तिरेर एकैछिनमा यो नदी पार गर्न सकिन्छ। ४० वर्षमा तपाईंले केवल त्यही प्राप्त गर्नुभएछ, जुन कुनै मानिसले जम्मा चार आना खर्च गरेर पाउन सक्छ। त्यसैले बाबा, तपाईंले ज्ञानको सागरमा गोता लगाउनुभयो, तर मोतीको ठाउँमा डुंगा टिपेर ल्याउनुभयो।' रामतीर्थको कुराले साधु बाबा अवाक बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जनतालाई चाहिँ कुन भत्ता दिने सरकार ?



न्यायाधीशलाई मर्मी कर्मचारीसरह महँगी भत्ता दिने सरकारको निर्णय

कानुनका अनुसूचीमा संशोधन गरेर राष्ट्रसेवक कर्मचारीसरह भत्ता वृद्धि गरिँदै

न्यायाधीशलाई पनि कर्मचारीसरह महँगी भत्ता दिने सरकारको निर्णयप्रति हाम्रो खासै गुनासो छैन। तर, कर्मचारी, न्यायाधीशलगायत सबैलाई महँगी भत्ता दिने सरकारले जनतालाई चाहिँ महँगी भत्ता दिनुपर्दैन ? अनि जनतालाई महँगी भत्ता दिनु नपर्ने भए कुनचाहिँ भत्ता दिन्छौ त सरकार ? कतै जनता महँगीको रापमा पोलिएर मरे मरून् भन्न खोजेका त होइनौ नि ?

● **शर्मिला परियार**, कौशलटार, भक्तपुर

सरकारी सेवामा लागेका सबैलाई महँगी भत्ता बाँडौं। त्यसो गरेपछि कालोबजारीले निम्त्याएको महँगीको अनुगमन किन गर्ने ? आखिर मर्ने त जनता न हो।

● **विवेक वाग्ले**

त्यसो हो भने न्यायाधीशले पाउने सुविधा अरू कर्मचारीलाई पनि दिनुपर्ला नि त सरकार ?

● **एसराज भट्ट**

आर्थिक रूपले पीडित जनताले कैले यस्तो महँगी भत्ता कहिले पाउने हो ? गरिब दुःखीको जीवनस्तर उकास्नुपर्दैन ? देशमा कसरी समृद्धि कायम गर्न सकिन्छ भन्ने कुरामा ध्यान जाओस्, तब न देश बन्दै जान्छ।

● **निर्मल निरु**

न्यायालयमा भ्रष्टाचार हुन्छ भन्थे, सायद महँगीको मार थेग्न नसकेर रहेछ। अब न्यायाधीशलाई महँगी भत्ता दिएपछि न्यायालयको भ्रष्टाचार चैट् होला, होइन त ?

● **नरेन्द्र पाठक**

होइन, देशकै सारा सम्पत्ति दिँदा हुँदैनथ्यो र भन्या ? किन ससानो निर्णय गर्नु ? पूरै सम्पत्ति दिने निर्णय गरे भै गो त !

● **दीपक साउद**

न्यायाधीशलाई मात्रै किन ? हामी जनतालाई चाहिँ महँगी भत्ता दिनुपर्दैन सरकार ?

● **पुष्पा साउद**

यो निर्णय ठिक छ। तर, पार्टीको कोटाबाट नियुक्त न्यायाधीशलाई पहिला हटाउनुपऱ्यो सरकार !

● **चन्द्र डी राना**

गरिब जनताका लागि बोल्दिने कोही छैनन् यहाँ। शक्ति र सत्ताको आडमा बसेकाहरूले मोज गरिरहने र जनता शोषित भइरहने !

● **कृष्ण वाग्ले**

गरिब जनतालाई एक छाक खान कति धौधौ छ। त्यो बढेको भत्ता गरिब जनतालाई दिनु नि ! जसलाई पैसाले पुगिसरी छ उनीहरूकै पैसा बढ्ने ? प्रधानन्यायाधीश र न्यायाधीशहरूलाई राज्यले बोकी नसक्ने पैसा हरेक महिना दिएकै छ त।

● **राज खड्का**

जनतालाई के दिएको ? चुनाव ? जसले थप महँगीमा पारेर जनतालाई नै पिसान गर्छ। दोषीलाई खै त कारबाही ? त्यो अर्को सरकारले गर्छ। हरे लोभी पापीहरू !

● **महेश्वरप्रसाद चौधरी**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

परम्परागत मल्लयुद्धदेखि अन्तर्राष्ट्रिय जुरखानेसम्म

जुरखाने कुस्ती केवल शक्ति होइन, अनुशासन, संगीत आत्मसंयमको खेल पनि हो



खेलकुद

● अरुणप्रसाद सापकोटा 'सरकार'

नेपालको खेलकुद इतिहासमा कुस्ती खेलको छुट्टै महत्त्व छ। परम्परागत रूपमा 'मल्लयुद्ध' भनेर चिनिने यो खेल आजको आधुनिक कुस्ती र जुरखाने विधासम्म आइपुग्दा लामो यात्रा तय गरिसकेको छ। तर, यो यात्रामा उपलब्धिभन्दा चुनौती र संघर्षको कथा अझ बढी सुनिन्छ।

नेपाल कुस्ती संघको स्थापना विसं ०३८ सालतिर भएको मानिन्छ। सोभन्दा अघि कुस्ती मुख्यतः गाउँठाउँका मेलापात, जात्रा, दरबार, मन्दिरपरिसर र पण्डित घरानामा हुने परम्परागत खेलका रूपमा सीमित थियो। जसले आफ्नो शक्ति, अनुशासन र शारीरिक सौन्दर्य प्रदर्शन गर्थे, उनीहरूलाई गाउँलेहरूले 'पहलवान' भनेर सम्मान गर्थे। यिनै परम्परागत पहलवानहरूको श्रम र प्रेरणाबाट नै नेपालमा कुस्ती संघको औपचारिक यात्रा सुरु भयो। त्यस्तै, नेपाल जुरखानेको स्थापना सन् २००६ सालमा नेपालमा भएको हो। इरानको परम्परागत खेल भए पनि यो खेलमा नेपालले धेरै उत्कृष्ट प्रदर्शन गर्दै आएको छ।

■ राजनीतिक हस्तक्षेप र संघको कमजोरी : नेपाल जुरखाने संघको स्थापनाको मूल उद्देश्य खेललाई पेसागत र अन्तर्राष्ट्रियस्तरमा लैजाने थियो। तर, समयक्रममा संघ राजनीतिका खेलमा फस्दै गयो। पदाधिकारी छनोटमा योग्यताभन्दा सम्बन्ध हाबी हुन थाले। खेलकुद नेतृत्वमा राजनीतिक नियुक्ति बढ्दै गएपछि संघको नीति-निर्देशन र योजना दुवै कमजोर बने। धेरैजसो खेल संघहरूमा जस्तै, नेपाल जुरखाने संघमा पनि राजनीतिक हस्तक्षेपले निर्णय प्रक्रियालाई अपारदर्शी बनायो। उदाहरणका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडी छनोट गर्दा खेलकौशलभन्दा सिफारिस र नाता सम्बन्धको प्राथमिकता देखियो। यसले योग्य खेलाडीहरू निरुत्साहित भए र प्रशिक्षण प्रणाली कमजोर बन्यो।

अर्को ठुलो समस्या भनेको अन्तर्राष्ट्रिय प्रशिक्षकको मान्यता र जानकारीमा पारदर्शिता नहुनु हो। केही वर्षयता नेपालमा इरान, भारत, र अझै केही एसियाली देशबाट आएका जुरखाने र फ्रिस्टाइल प्रशिक्षकहरूले नेपाली पहलवानलाई प्रशिक्षण दिएका थिए, तर तिनीहरूको आधिकारिक मान्यता र स्वीकृति प्रक्रियाबारे संघ र राष्ट्रिय खेलकुद परिषद् दुवै मौन रहे। यो अभावले गर्दा नेपालमा जुरखाने कुस्तीको प्राविधिक ज्ञान प्रणालीगत रूपमा स्थापित हुन सकेको छैन। प्रशिक्षकलाई सम्मानित र दिगो तवरले प्रयोग गर्ने योजना नहुँदा प्रत्येक नयाँ टोलीले नयाँ बाटोबाट सुरु गर्नुपर्छ, परिणामस्वरूप निरन्तरता हराउँछ।

■ जुरखाने खेल र नेपालको सहभागिता : जुरखाने खेल इरानको परम्परागत कुस्ती हो, जसलाई युनेस्कोले समेत सांस्कृतिक सम्पदाको रूपमा मान्यता दिएको छ। नेपालमा यो खेल सन् २००६ बाट भित्रिएको हो। जुरखाने कुस्ती केवल शक्ति होइन, अनुशासन, संगीत, र आत्मसंयमको खेल हो।

नेपाल कुस्ती संघसँगको सहकार्यमा यो खेललाई समेट्न सुरु गर्दा धेरैले सोचे, नेपालको परम्परागत मल्लयुद्ध र इरानको जुरखाने दुई फरक संस्कृतिका खेल हुन्। तर, समयले प्रमाणित गऱ्यो कि यी दुवैमा समानता धेरै छ। दुवै खेल आत्मबल, विनम्रता र शारीरिक सन्तुलनमा आधारित छन्। यसैले संघले पछिल्ला वर्षहरूमा जुरखाने खेललाई नेपालमा विस्तार गर्न ध्यान दिएको



पाइएको छैन। नेपालका खेलाडीले इरान, भारत, र अझै केही पश्चिम एसियाली देशहरूमा गएर जुरखाने प्रशिक्षण लिएका छन्। तर, यो कार्यका बारेमा नेपाल राष्ट्रिय खेलकुद र नेपाल कुस्ती संघको कुनै अरू सहयोग नेपाल जुरखानेले पाएको छैन।

■ अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको यात्रा : नेपालका पहलवानहरूले विभिन्न एसियन, वर्ल्ड च्याम्पियनसिप, र जुरखाने वर्ल्ड कपमा सहभागिता जनाइसकेका छन्। यद्यपि, अधिकांश नेपाली मिडियाले यसतर्फ कम ध्यान दिएकाले यी उपलब्धिहरू प्रायः जनस्तरसम्म पुग्दैनन्। २०१८, २०२२ र २०२५ का केही उल्लेखनीय प्रतियोगिताहरूमा नेपाली खेलाडीहरूको सहभागिता यसरी रह्यो-

■ सन् २०२२ को एसियन जुरखाने च्याम्पियनसिप (तेहरान) : नेपालले पहिलोपटक टिम प्रदर्शन श्रेणीमा सम्मानजनक स्थान हासिल गऱ्यो। सन् २०२५ को अक्टोबरमा इरानको उर्मिया सहरमा भएको सातौँ एसियन जुरखाने कुस्ती पहलवानी प्रतियोगितामा नेपालले ऐतिहासिक उपलब्धि हासिल गऱ्यो- १८ राष्ट्र सहभागीमध्ये नेपाल उत्कृष्ट पाँचमा रह्यो।

यो केवल पदकको जित होइन, नेपालको आत्मगौरव र सांस्कृतिक पहिचानको विजय पनि हो। उक्त प्रतियोगितामा नेपाली पहलवानहरूले देखाएको तालमेल, कलाकौशल, शारीरिक सन्तुलन, र अनुशासनले सम्पूर्ण दर्शकलाई प्रभावित पारेको थियो। नेपालको फन्डा जुरखाने ऐनामा जब पाँचौँ स्थानको रूपमा फहरायो, त्यो क्षण नेपाली खेल इतिहासकै गौरवपूर्ण अध्याय बन्यो।

■ अन्तर्राष्ट्रिय प्रशिक्षक र मान्यतामा समस्या : हाल नेपालमा केही प्रशिक्षकहरूले इरान, अजरबैजान र भारतबाट 'युनाइटेड वर्ल्ड रेस्लिङ वा जुरखाने इन्टरनेसनल फेडेरेसन मान्यताप्राप्तको प्रमाणपत्र प्राप्त गरेका छन्। तर, ती प्रशिक्षकहरूको औपचारिक विवरण, उनको नाम, कार्यक्षेत्र र जिम्मेवारीबारे संघ र राष्ट्रिय खेलकुद परिषद्ले पर्याप्त सूचना प्रकाशित नगरेकाले भ्रम सिर्जना भएको छ। नेपालका अन्तर्राष्ट्रियस्तरका प्रशिक्षकलाई उचित सम्मान र अवसर नदिँदा खेलाडीहरू विदेशी कोचमाथि मात्र निर्भर रहनुपरेको छ। दिगो खेलकुद प्रणाली निर्माणका लागि प्रशिक्षक, खेलाडी र संघबिचको सम्बन्ध पारदर्शी र संस्थागत हुनुपर्छ- जुन हाल अभावमा छ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कोप–३० मा अमेरिकी अनुपस्थिति र चीनसँग विश्वको अपेक्षा

अमेरिकाको बहिर्गमनपछि चीनले कोपको नेतृत्वमा देखिएको शून्यता भर्ने धेरैले अपेक्षा गरे पनि बेइजिङ यो जिम्मेवारी लिन अनिच्छुक देखिन्छ



● ज्याकलिन पिल
पिल मेलबर्न विश्वविद्यालयमा कानुनकी प्राध्यापक हुन्



ब्राजिलको बेलेमस्थित अमेजनको किनारमा जलवायु परिवर्तनको प्रगतिबारे छलफल गर्न भेला भएका दसौँ हजार प्रतिनिधिका लागि यो सहज प्रक्रिया थिएन । मैले संयुक्त राष्ट्र संघको कोप-३० जलवायु वार्ताका चुनौतीको प्रत्यक्ष अनुभव गरेँ । प्रतिनिधिले गर्मी महसुस गर्नुका साथै पसिनाले भिजेका थिए । प्रविधि र एयरकन्डिसनरले सधैँ काम गरेनन् । बाढी र आगलागी दुवैले पन्ध्र दिनको सम्मेलनलाई बाधा पुऱ्याए । यसले जलवायु परिवर्तनले कस्तो असर गर्छ भनेर व्यावहारिक पाठ सिकायो । तर, असुविधाका बाबजुद केही प्रगति भयो ।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले यसलाई 'सत्यको कोप' भनेर सम्बोधन गरे । जलवायु परिवर्तन तीव्र हुँदै जाँदा र उत्सर्जन बढ्दै जाँदा प्रतिनिधिले यस क्षणको अत्यावश्यकताबाट पछि हटेनन् । वार्ताअघि धेरैले विश्वव्यापी राजनीतिक उथलपुथल र पेरिस सम्झौताबाट संयुक्त राज्य अमेरिकाको बहिर्गमनले यस वर्षको वार्तालाई कमजोर बनाउने डर व्यक्त गरेका थिए । वार्तामा लगभग ६० हजार प्रतिनिधि उपस्थित हुनु (अहिलेसम्मकै दोस्रो उच्च) ले वार्ता कमजोर थिएन भनेर देखाउँछ । जलवायु वित्त कोष र पहिले नै देखा परेका परिवर्तनसँग अनुकूलनमा प्रगति भएको थियो । तर, जीवाश्म इन्धन शक्तिहरूको कडा प्रतिरोधको सामना गर्नुपर्दा जीवाश्म इन्धनमा निर्भरता अन्त्य गर्ने प्रयास असफल भए ।

कोप-३० ले के दियो ?

एक चरणमा यस्तो देखिन्थ्यो कि कोप-३० ले जलवायु नीतिको सबैभन्दा कठिन पाटो तोड्न सक्छ- जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने सम्झौतामा पुग्न । राष्ट्रहरूले दुई वर्षअघि जीवाश्म इन्धनबाट टाढा जान आवश्यक रहेको विषयमा सहमति जनाएका थिए । तर, त्यहाँ पुग्नका लागि अहिलेसम्म कुनै योजना बनाइएको थिएन । ब्राजिलको एउटा योजना थियो, जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने रोडम्यापको लागि समर्थन जुटाइयोस् । रोडम्यापलाई राष्ट्रपति लुलाद्वारा समर्थित र वातावरणमन्त्री मारिना सिल्भाले दृढतापूर्वक अगाडि बढाएका थिए । यसले नर्वे र अस्ट्रेलियाजस्ता प्रमुख जीवाश्म इन्धन निर्यातकर्तासहित ८० भन्दा बढी देशबाट समर्थन प्राप्त गऱ्यो । धक्काको अपेक्षा गर्दै ब्राजिलले योजना ल्याउनुअघि मुख्य वार्ता बाहिर समर्थन बढाउन काम गऱ्यो । तर, उक्त पहलले काम गरेन । कोप ३० को अन्त्यसम्ममा रुस, साउदी अरेबिया र भारतजस्ता देशहरू र धेरै उदीयमान अर्थतन्त्रको कडा दबाबपछि अन्तिम परिणामको पाठबाट जीवाश्म इन्धन रोडम्यापका सबै छलफल हटाइएको थियो ।

> कोप-३० अमेरिकी सरकारी प्रतिनिधिमण्डलविनाको पहिलो जलवायु शिखर सम्मेलन थियो । शिखर सम्मेलनको अन्त्यसम्ममा विश्वको सबैभन्दा ठुलो उत्सर्जक र ठुलो अर्थतन्त्र भएको देशको अनुपस्थितिप्रति सहभागी देशका नेता चिन्तित देखिन्थे ।

यसको सट्टा देशहरूले '१.५ डिग्री सेल्सियस पहुँच भित्र राख्नका लागि विश्वव्यापी कार्यान्वयन गतिवर्द्धक' सुरु गर्न र अघिल्ला कोप निर्णयलाई 'मनन गर्न' सहमत भए । यो पहल ब्राजिल र आगामी कोप ३१ सम्बन्धी वार्ताका नेता, टर्की र अस्ट्रेलियाले गर्नेछन् । राष्ट्रपति लुलाले जी २० मा जीवाश्म इन्धनसम्बन्धी रोडम्याप तय गर्ने वाचा गरे ।

कोलम्बिया र नेदरल्यान्ड्सले अप्रिल २०२६ मा जीवाश्म इन्धन चरणबद्धतासम्बन्धी सम्मेलन गर्ने बताए । न्यायपूर्ण संक्रमण संयन्त्र विकास गर्ने निर्णयलाई कामदार र समुदायको जितको रूपमा स्वागत गरिएको छ । नयाँ संयन्त्रको उद्देश्य देशहरू विश्वव्यापी न्यून कार्बन अर्थतन्त्रतर्फ सर्दै जाँदा अन्तर्राष्ट्रिय सहयोग, प्राविधिक सहयोग, क्षमता निर्माण र ज्ञान साझेदारी बढाउनु हुनेछ । सम्मेलनका सहभागीले कोषलाई प्रभावकारी रूपमा जुटाउने विषयमा प्रतिबद्धता जनाए । कोष गम्भीर जलवायु क्षतिको जोखिममा रहेका सामान्यतया गरिब र कम उत्सर्जन भएका राष्ट्रहरूलाई मद्दत गर्नका लागि हो । यी राष्ट्रले चार वर्षअघि कोप २६ मा सहमति भएको ४० अर्ब अमेरिकी डलर (अमेरिकी डलर ६२ अर्ब) बाट २०३० सम्ममा जलवायु वित्त तीन गुणा बढाउने दाबीको नेतृत्व गरेका थिए । तर, सहमति भएको पाठले '२०३५ सम्ममा कम्तीमा तीन गुणा अनुकूलन वित्त गर्ने प्रयासका लागि आह्वान गर्छ,' जसले समयसीमालाई बाहिर धकेल्छ । जलवायु अनुकूलनका लागि वित्तपोषण बढाउने प्रयास अलमलमा परेका छन् ।

ब्राजिलको आफ्नै पहलमध्ये एक समशीतोष्ण वन संरक्षणसम्बन्धी योजनाले ठुलो सफलता हासिल गऱ्यो । योजनाअन्तर्गत उसले ९.५ अर्ब अमेरिकी डलर (१४.७ बिलियन अस्ट्रेलियाली डलर) रकम सहयोग पाउनेछ । समशीतोष्ण वनका लागि ट्रस्टको स्थापना विश्वव्यापी वनफँडानी रोक्न र अमेजनको महत्त्वपूर्ण कार्बन सिंकसहित आदिवासी भूमिको सुरक्षा गर्न स्रोतसाधन उपलब्ध गराउन डिजाइन गरिएको हो । वनफँडानी अन्त्य गर्ने रोडम्यापका लागि ९२ देशले समर्थन जनाए । यी वनफँडानी पहलको सफलताले कोपको कार्य एजेन्डाको प्रभावकारितालाई औंल्याउँछ, जसको उद्देश्य औपचारिक वार्ताभन्दा बाहिर जलवायु कार्यलाई प्रोत्साहित गर्नु र व्यवसाय, लगानीकर्ता र नागरिक समाजबाट प्रतिबद्धता समावेश गर्नु हो । औपचारिक वार्ता अड्किएपछि यी बाइपासहरूले प्रगतिलाई अगाडि बढाउन सक्छन् ।

अमेरिकी अनुपस्थिति

कोप-३० भन्दा अगाडि विश्लेषकहरूले ट्रम्प प्रशासनद्वारा जलवायु कार्यमाथि जारी आक्रमणले अन्तर्राष्ट्रिय वार्तालाई कमजोर पार्ने डर व्यक्त गरेका थिए । कोप-३० अमेरिकी सरकारी प्रतिनिधिमण्डलविनाको पहिलो जलवायु शिखर सम्मेलन थियो । सुरुमा अमेरिकी अनुपस्थिति विवादका हिसाबले सम्मेलनमा राहतको रूपमा आयो । तर, शिखर सम्मेलनको अन्त्यसम्ममा विश्वको सबैभन्दा ठुलो ऐतिहासिक उत्सर्जक र सबैभन्दा ठुलो अर्थतन्त्र वार्ताबाट गायब हुनुले यसको असर परेको थियो ।

सुरुमा धेरैले आशा गरेका थिए कि नवीकरणीय ऊर्जा र स्वच्छ प्रविधिमा विशाल चीनले नेतृत्वको शून्यता भर्नेछ । गत वर्ष चीनको स्वच्छ प्रविधि निर्यातले विदेशी उत्सर्जन एक प्रतिशतले घटाउन पर्याप्त थियो । विशाल औद्योगिक शक्तिले विश्वको कार्बन उत्सर्जनको लगभग ३२ प्रतिशत उत्पादन गर्दछ । यी उत्सर्जन स्थिर भएका छन्, जसले गर्दा विश्वव्यापी उत्सर्जन अब चरम सीमामा पुगेको हुन सक्छ भन्ने सुझाव दिन्छ । तर, चीनले आफ्नो घरेलु ऊर्जा संक्रमणमा केन्द्रित रहन अनिच्छुकता देखायो । चिनियाँ वार्ताकारहरूले उत्सर्जन-गहन उत्पादनलाई लक्षित गर्ने नयाँ युरोपेली व्यापार उपायविरुद्धमा आफ्नो अधिकांश शक्ति खर्च गरे ।

विज्ञानमा अडिग रहने र समाधानको कार्यान्वयनलाई तीव्र बनाउने आह्वानको नेतृत्व गर्ने जिम्मेवारी केही साना राष्ट्र, आदिवासी जनजाति र नागरिक समाजलाई दिइएको थियो । अनुमानित ७० हजार मानिसले बेलेमका सडकमा मार्च गरे, जीवाश्म इन्धनका लागि नक्कली अन्त्येष्टि गरे । यो जलवायु कार्यका लागि व्यापक सार्वजनिक समर्थनको एक महत्त्वपूर्ण पुष्टि थियो ।

- द कन्भर्सेसनबाट

इतिहासमा आज

डिसेम्बर ४



सन् १८२९ : इस्ट इन्डिया कम्पनी सरकारले आफ्नो नियन्त्रणमा रहेको भारतीय भूमिमा सतीप्रथा अन्त्य गर्ने र त्यस्तो कार्यमा संलग्नलाई दण्डित गर्ने कानुन 'बेंगाल सती रेगुलेसन' पास गऱ्यो । सुधारक राममोहन रोयलगायतले अभियानको समेत प्रेरणामा ल्याइएको यस कानुनले दक्षिण एसियाका अन्य भागमा पनि सतीप्रथाविरोधी कानुन ल्याउन प्रेरित गऱ्यो ।

सन् १२५९ : फ्रान्सका राजा लुई नवौँ र इंग्ल्यान्डका राजा हेनरी तृतीयबिच दुई देशबिच लामो समयदेखि कायम सीमा विवाद टुंग्याउने सम्झौतामा हस्ताक्षर ।

सन् १६४४ : युरोपमा चलिरहेको 'तीसवर्षे युद्ध' अन्त्य गर्ने विषयमा पहिलो युरोपेली शान्ति सम्मेलन सुरु भयो ।

सन् १८८२ : स्पेनिस जनरल तथा तानाशाह फ्रान्सिस फ्र्यान्को यसै दिन जन्मिएका थिए ।

सन् १९५९ : चीनको कम्युनिस्ट सरकारले देशका अन्तिम राजा पुयीलाई दोस्रो विश्वयुद्धका क्रममा जापानले चीनलाई टुक्र्याएर बनाएको कठपुतली राज्य 'मन्चुको'का राजा बनेको अपराधका लागि औपचारिक रूपमा आममाफी दियो ।

सन् १९६१ : बेलायतले आफ्ना स्वास्थ्य संस्थामार्फत महिलाहरूलाई गर्भनिरोधक पिल्स उपलब्ध गराउन सुरु गऱ्यो ।

सन् १९८१ : राष्ट्रपति रोनाल्ड रेगनले सिआइएले देशभित्रै पनि अनुसन्धान गर्न पाउने शक्ति विस्तार गर्ने कानुन पारित गरे ।

सन् २०१८ : फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले तीन सातादेखि चलिरहेको प्रदर्शनको दबाबमा विवादास्पद इन्धन कर फिर्ता लिए ।

विश्व संक्षेप

युक्रेनी भूमि नपाई सम्झौता नहुने रुसको अडान

मस्को / युक्रेन युद्ध अन्त्य गर्ने विषयम शीर्ष अमेरिकी प्रतिनिधि र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच मस्कोमा भएको वार्ता निष्कर्षविहीन रह्यो । विशेषतः युक्रेनी भूभागको नियन्त्रणलाई लिएर असमझदारीका कारण छलफल टुंगिएको बताइएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिब विट्कोफ र ट्रम्पका ज्वाइँ जेर्ड कुसनरले मंगलबार मस्कोमा पुटिनसँग भेटवार्ता गरेका थिए । पछिल्लो समय संयुक्त राज्य अमेरिकाले युक्रेन युद्ध अन्त्य गरी शान्ति स्थापनाका लागि मध्यस्थता गर्न खोजिरहेको छ । पुटिन र अमेरिकी प्रतिनिधिबिचको छलफल लगभग पाँच घण्टा चलेर मध्यरातपछि समाप्त भएको स्रोतले बतायो । ' सहमतिको विन्दु फेला नपारिएको भए पनि केही अमेरिकी प्रस्तावमा थप छलफल गर्न सकिन्छ,' बैठकमा सहभागी शीर्ष क्रेमलिन सहयोगी युरी उसाकोभले भने । छलफललाई धेरै उपयोगी र रचनात्मक भन्दै उसाकोभले अझै 'वासिंगटन र मस्को दुवैमा धेरै काम गर्न बाँकी रहेको' बताए । वासिंगटनले केहीअघि तयार पारेको २८-बुँदे मस्यौदा रुसअनुकूल रहेको युक्रेन र यसका सहयोगीहरूले आलोचना गरेपछि अद्यावधिक गरिएको छ । अमेरिकी प्रतिनिधिमण्डल पछिल्लो संशोधित मस्यौदाबारे छलफल गर्न रुस पुगेको थियो । रुसले पछिल्लो मस्यौदा 'अस्वीकार्य' भएको बताए । अमेरिकी अधिकारीहरूसँगको बैठकअघि, पुटिनले एक लगानी मञ्चमा सम्बोधन गर्ने क्रममा युरोपले युद्ध चाहेको भए 'आफ्नो राष्ट्र लड्न तयार रहेको' चेतावनी दिए ।

सुरुको अमेरिकी शान्ति प्रस्तावमा, रुसी मागअनुरूप युक्रेनी सेनाको आकारमा सीमा तोक्ने, सम्पूर्ण दोनबास क्षेत्र रुसलाई बुझाउने र जापोरिजिया-खेरसनमा मस्कोको सेना राख्ने विषय समावेश गरिएको थियो । किभले यस्ता छुट 'आत्मसमर्पण' बराबर हुने भन्दै अस्वीकार गर्ने बताएको छ ।

जेलमा भेटेपछि इमरान खान स्वस्थ रहेको दिदीको भनाइ

इस्लामाबाद / जेलमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान स्वस्थ रहेको उनकी दिदीले जानकारी दिएकी छिन् । तथापि, भाइलाई जेलमा प्रायः अरूबाट एक्ल्याएर राखिएका कारणले आक्रोशित रहेको पनि उनले जानकारी दिइन् । केही समयदेखि इमरानको स्वास्थ्य अवस्थाबारे विभिन्न हल्ला चलेपछि मंगलबार दिदी उज्मा खानुमलाई परिवार सदस्यको रूपमा भेट्न अनुमति दिइएको थियो । पेसाले चिकित्सक रहेकी खानुमले भाइसँग भेटेर पत्रकारसँग कुरा गर्दै भनिन्, 'उनी शारीरिक रूपमा स्वस्थ छन् । तर, उनलाई सधैँ एक्ल्याएर राखिएको रहेछ । उनलाई अन्य कैदीलाई बन्द कोठाबाट धेरै बाहिर निस्किन दिइएको छैन । उनको कसैसँग कुनै सम्पर्क हुँदोरहेनछ ।' खानुमका अनुसार आफूलाई जेलभित्र एक्ल्याइएकोमा इमरान 'धेरै क्रुद्ध' रहेको भनिन् ।

गाजा मात्र छोड्न पाउने गरी नाका खोल्ने तयारी

तेलअभिभ / इजरायलले इजिप्ट-गाजा सिमानातर्फको रफाह क्रसिङ आगामी दिनमा खुला गरिने बताएको छ । तथापि, सो नाका गाजा छोड्न चाहने प्यालेस्टिनीहरूका लागि खोलिने भनिएको छ । यो कदम गाजा खाली गर्ने उद्देश्यले चाल्न लागेको कदम भन्दै आलोचना भएको छ ।

समाजिक सञ्जाल 'एक्स'मा पोस्ट गर्दै इजरायलको 'कोअर्डिनेसन अफ गभर्नमेन्ट एक्टिभिटिज इन द टेरिटोरीज'ले 'इजरायलबाट सुरक्षा स्वीकृतिप्राप्त गरेपछि गाजा छोड्न चाहनेहरूले इजिप्टसँग समन्वय गरेर नाकाबाट बाहिरिनसक्ने' बताएको छ । तथापि, नाकाको अर्को पक्ष इजिप्टले भने रफाह क्रसिङ एकतर्फी रूपमा खोल्ने योजनाको विरोध जनाएको छ ।

सम्बन्ध सुधार्न सिरियामाथि इजरायलको कठिन सर्त

इजरायल र सिरियाबिच 'अनाक्रमण' सम्झौताका लागि अमेरिकाले जोड दिइरहेको छ, तर नेतन्याहुले भने सम्झौता गर्न विभिन्न सर्त राखिरहेका छन्



● काओलान म्यागी
आइरिस पत्रकार म्यागी विश्व मामिला तथा मानव अधिकार विषयमा कलम चलाउँछन् ।



इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु



सिरियाका राष्ट्रपति अहमद अल-सारा

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सिरियासँग सम्झौता हुन सक्ने बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सिरिया र इजरायल दुवैले 'दिगो र समृद्ध सम्बन्ध' राखेको हेर्न चाहेको बताएको एक दिनपछि मंगलबार नेतन्याहुको यस्तो टिप्पणी आएको हो । तथापि यसका लागि दमास्कसदेखि जबल अल-शेखसम्म ठुलो क्षेत्रमा एक निःशस्त्रीकृत बफर क्षेत्र स्थापना गर्नुपर्ने उनले सर्त राखेका छन् ।

इजरायल र सिरियाबिच भित्रभित्रै महिनौंदेखि सुरक्षा सम्झौतालाई लिएर वार्ता चलिरहेको छ । लामो समय जारी वार्ता पछिल्लो साता पूरै रोकिएको छ । सिरियाले औपचारिक रूपमा इजरायली राज्यलाई मान्यता दिएको छैन । उता इजरायलले पनि गत वर्षदेखि केही सिरियाली भूभागमा अवैध नियन्त्रण विस्तार गरेको छ । इजरायलले यसअघि सन् १९६७ को युद्धपछि सिरियाको गोलान हाइट्स कब्जामा लिएको थियो । पछि उसले त्यस भागलाई अवैध रूपमा आफ्नो देशमै गाभ्यो । त्यस कदमलाई संयुक्त राज्य अमेरिकाले मान्यता दिएको भए पनि बाँकी अन्तर्राष्ट्रिय समुदायले अस्वीकार गरेका छन् ।

त्यसपछि, डिसेम्बर २०२४ मा पूर्वसिरियाली राष्ट्रपति बसर अल-असदको पतनपछि फेरि थप सिरियाली भूमिमा कब्जा जमाएको छ । यस कदमबाट इजरायलले सन् १९७४ को सम्झौता उल्लंघन गर्दै 'जबल अल-शेख'को सम्पूर्ण क्षेत्रहरूसहित भागमा कब्जा गऱ्यो । त्यो उच्च पहाडी क्षेत्र भएकाले त्यहाँबाट उत्तरी इजरायल र दक्षिणी सिरियामाथि नजर राख्न सकिन्छ । दमास्कसको नयाँ सरकारले युद्ध नचाहेको बताउँदा-बताउँदै पनि इजरायलले गत वर्षदेखि सिरियाभित्र कैयौंपटक आक्रमण गरिसक्यो । पछिल्लोपटक गत शुक्रबार दमास्कसको दक्षिण-पश्चिम रहेको बेइट जिन सहरमा इजरायली आक्रमणमा १३ जनाको मृत्यु भएको थियो । 'सिरियाले दमास्कसदेखि बफर क्षेत्रसम्म एक गैरसैनिक क्षेत्र स्थापना गरोस् भन्ने हाम्रो अपेक्षा छ । यसमा हर्मोन हिमाल र यसको चुचुरोसम्मको पहुँचको विषय पनि जोडिएको छ,' मध्य इजरायलमा घाइते सैनिकहरूलाई भेट्न गएको समय मिडियासँग बोल्दै नेतन्याहुले जबल अल-शेखको इजरायली नाम हर्मोन हिमाल प्रयोग गर्दै भने, 'इजरायली नागरिकको सुरक्षा सुनिश्चित गर्न यी क्षेत्रमाथि कब्जामा राख्नुपर्ने हुन्छ । सद्भावना र समझदारीको सिद्धान्तमा टेकेर सिरियालीसँग सम्झौतामा पुग्न सम्भव छ । तर, हामी जस्तोसुकै अवस्थामा पनि हाम्रो सिद्धान्त त्याग्नेछैनौं ।'

नेतन्याहुको मागको इजरायलभित्रै पनि विरोध भएको छ । इजरायलबाट छापिने उदारवादी पत्रिका हारेट्जका स्तम्भकार गिदोन लेवीले नेतन्याहुको मागको कडा आलोचना गर्दै त्यसलाई 'आपत्तिजनक'को संज्ञा दिए । 'इजरायललाई साँच्चै सुरक्षा क्षेत्र चाहिएको भए उसले त्यसको प्रबन्ध आफ्नै भूमिमा गर्नुपर्छ । खासमा नेतन्याहुले सिरियाको थप भूमिमाथि कब्जा जमाएर थप भूमिभन्दा पनि युद्धको अवस्था निरन्तरता दिन खोजेका हुन्,' लेवीले भने, 'नेतन्याहुले जसरी गाजा, लेबननमा युद्धको अवस्थालाई निरन्तरता दिएका छन्, सिरियामा पनि त्यही गरेका हुन् । उनी सत्ता लम्ब्याउन युद्धलाई जारी राख्न चाहन्छन् । उनले युद्धविरामबारे सोचेकै छैनन् ।'

> डिसेम्बर २०२४ मा बसर अल-असदको पतनपछि इजरायलले थप सिरियाली भूमिमा कब्जा जमाएको छ । यस कदमबाट उसले सन् १९७४ को सम्झौता उल्लंघन गर्दै 'जबल अल-शेख'को सम्पूर्ण क्षेत्रहरूसहित भागमा कब्जा गऱ्यो ।

उता ट्रम्प प्रशासनले भने सिरिया र इजरायलबिच 'अनाक्रमण'को कुनै सम्झौताको मध्यस्थता गर्ने प्रयास गरिरहेको छ । अमेरिकी राष्ट्रपतिले सिरियाका नयाँ राष्ट्रपति अहमद अल-साराप्रति राम्रो सम्बन्ध बनाउने प्रयास गर्दै उनीप्रति समर्थन व्यक्त गरेका छन् ।

ट्रम्पले नयाँ सिरियाली सरकारले गरेका प्रगतिको वर्णन गर्दै यसका प्रमुख अल-साराको प्रशंसा गरेका थिए । विशेषतः यस सरकारले वर्षौं गृहयुद्ध भोगेको र साम्प्रदायिक विखण्डनबाट गुज्रिएको सिरियालाई एकताबद्ध गर्नेतर्फ प्रतिबद्धताका साथ अघि बढेको ट्रम्पले औंल्याएका थिए । 'संयुक्त राज्य अमेरिका कडा परिश्रम र दृढ संकल्पका साथ सिरियामा देखिएका परिणामबाट धेरै सन्तुष्ट छ,' अमेरिकी राष्ट्रपतिले लेखेका थिए, 'यस एक वास्तविक समृद्धि देश निर्माण गर्ने उद्देश्यले गरिएको कामलाई निरन्तरता दिन हामी (अमेरिका)ले आफ्नो क्षमतालै भ्याएजति सहयोग गरिरहेका छौं ।'

'सिरियाका नयाँ राष्ट्रपति अहमद अल-साराले असल परिणामका लागि काम गरिरहेका छन् । विशेषतः सिरिया र इजरायलबिच दिगो र समृद्ध सम्बन्ध होस् भन्ने कुरा सुनिश्चित गर्न उनी लगनशीलताका साथ काम गरिरहेका छन्,' उनले थपे । ट्रम्पको उक्त भनाइको केही समयपछि नै नेतन्याहुको कार्यालयले दुई नेताहरूले फोनबाट कुराकानी गरेको बताएको थियो । अमेरिकी विशेष दूत टम ब्यारेक मंगलबार दमास्कसमा पुगेका थिए । त्यहाँ उनले सिरियाली विदेशमन्त्री असद अल-सैबानीसँग भेटेर सिरिया-इजरायल सम्बन्धबारे छलफल गरेको बताइएको छ । ब्यारेकले सोमबार नै अल-सारालाई पनि भेटेका थिए । इजरायल र सिरिया महिनौंदेखि कुनै खालको सम्झौतामा पुग्न वार्ता गरिरहेका छन् । तर, इजरायली मिडियाको पछिल्लो एक रिपोर्टअनुसार दुई देशबिचको वार्ता पछिल्लो समय निष्क्रिय बनेको छ । मुख्यतः गत वर्ष कब्जा गरेको क्षेत्रबाट इजरायली सेना फिर्ता गर्न नेतन्याहुको अनिच्छुकताको परिणामस्वरूप वार्तामा अवरोध पुगेको छ । इजरायलले भविष्यमा कुनै युद्ध हुने अवस्थामा यस भूमिलाई इरानसम्म पुग्ने हवाई करिडोर बनाउन सकिने भएकाले यो भूमि आफ्नो हुनुपर्नेमा जोड दिँदै आएको छ ।

- अल जजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १८ मंसिर ०८२

संक्षेप

पेट्रोलियममा उठाइएको करबाट बुढीगण्डकी बनाउँछौं : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको काम अघि बढाउन सरकार लागिपरेको बताएकी छिन् । बुधबार पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलगायत आयोजना प्रभावित क्षेत्र गोरखा र धादिङका पूर्वजनप्रनिधिहरू तथा स्थानीय सरोकारवालासँग छलफल गर्दै उनले यस्तो बताएकी हुन् ।

सरकारले पेट्रोलियम पदार्थमा उठाउने पूर्वाधार करबाट निश्चित रकम परियोजना निर्माणमा ऋणस्वरूप लगानी हुने गरी काम अघि बढेको उनले बताइन् । 'बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी स्थापना भइसकेको छ । त्यस अवस्थामा पेट्रोलियम पदार्थमा लगाइएको अतिरिक्त करबापतको रकम प्रत्येक वर्ष सोही खातामा जाने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ,' उनले बताइन् ।

नेपाल बैंकर्स संघमा चार सदस्य चयन

काठमाडौं/ वाणिज्य बैंकहरूका प्रमुख कार्यकारी अधिकृत (सिइओ)हरूको साझा संस्था नेपाल बैंकर्स संघको कार्य समितिमा चार सदस्य चयन भएका छन् । बुधबार सम्पन्न वार्षिक साधारणसभाले प्राइम बैंकका सिइओ सञ्जीव मानन्धर दोस्रो कार्यकालका लागि दोहोरिएका छन् । यीबाहेक तीनजना सदस्य भने नयाँ रहेका छन् । नबिल बैंकका सिइओ मनोज ज्ञवाली, लक्ष्मी सनराइज बैंकका सिइओ अजयविक्रम शाह र नेपाल एसबिआई बैंकका सिइओ रामकुमार तिवारी सदस्यमा चयन भएका हुन् ।

सानिमा बैंकका सिइओ निश्चलराज पाण्डेय, सिद्धार्थ बैंकका सिइओ सुन्दर कँडेल र प्रभु बैंकका सिइओ अशोक शेर चनको कार्यकाल सकिनलागेपछि उनीहरूको ठाउँमा नयाँ सदस्य चयन गरिएको हो । यस्तै, यस वर्ष माछापुच्छ्रे बैंकका पूर्वअध्यक्ष उपेन्द्र महतोलाई बैंकर्स संघले सम्मान गरेको छ ।

सुरक्षा प्रत्याभूतिका लागि मुख्यसचिवसँग चेम्बरको माग

काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सले नवनियुक्त मुख्यसचिव सुमनराज अर्यालसँग आर्थिक नीतिगत स्थायित्व र सुरक्षा प्रत्याभूतिका लागि आग्रह गरेको छ । चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको टोलीले मुख्यसचिव अर्याललाई भेटेर जेन-जी आन्दोलनपछिको अर्थतन्त्र सुधारका लागि चाल्नुपर्ने कदमबारे सुझाव दिएको हो । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत हाराहारीमा योगदान रहेको र समग्र अर्थतन्त्रको मुहान नै निजी क्षेत्र भएकाले निजी क्षेत्र सुदृढ नभएसम्म आर्थिक गतिविधि विस्तार, लगानी, रोजगारी सिर्जना एवं राजस्व परिचालन हुन नसक्ने चेम्बरले जनाएको छ । चेम्बरले कालोसूची सम्बन्धमा बैंक तथा वित्तीय संस्थाद्वारा लागू गरिएको प्रावधान कठोर र अपारदर्शी भएको भन्दै मुख्यसचिव अर्यालसमक्ष ध्यानाकर्षण गराएको छ ।

बेमौसमी वर्षाले कृषि क्षेत्रमा ६ अर्ब ६७ करोडको नोक्सानी

सबैभन्दा बढी धानबालीमा तीन अर्ब ५३ करोड २३ लाखबराबरको क्षति

कृषि मन्त्रालयकी प्रवक्ता डा. जानुका पण्डित भन्छिन्-



बेमौसमी वर्षाले कृषि क्षेत्रमा ठुलो क्षति पुगेको प्रतिवेदनबाट प्रस्ट भइसकेको छ । उक्त क्षति व्यहोरेका किसानलाई आउँदा दिनमा कसरी सम्बोधन गर्ने, राहतका लागि के कसो गर्ने भन्नेबारेमा छलफल अघि बढेको छ । क्षतिको विवरण संकलनका लागि गठित कार्यदलले प्रतिवेदन दिएको र प्रतिवेदनका आधारमा राहतलगायतका विषयमा आवश्यक छलफल भइरहेको छ । राहत वितरणका लागि गृह मन्त्रालयमा रहेको संयन्त्रसँग पनि छलफल गर्छौं ।

अजित अधिकारी/नयाँ पत्रिका

असोज र कात्तिकमा आएको बेमौसमी वर्षाले कृषि क्षेत्रमा ६ अर्ब ६७ करोड २८ लाख ६२ हजार रुपैयाँबराबरको क्षति भएको एक अध्ययनले देखाएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले क्षति विवरण संकलनका लागि गठन गरेको छुट्टाछुट्टै अध्ययन टोलीका अनुसार १७-१९ असोजको वर्षाले तीन अर्ब ७६ करोड १२ लाख ५२ क्षति पुगेको छ । त्यस्तै, १५ देखि १७ कात्तिकसम्मको वर्षाले २ अर्ब ९१ करोड १६ लाख १० हजार रुपैयाँबराबरको कृषिबाली, पशुधन, पूर्वाधार र कृषि कार्यालयमा क्षति पुगेको तथ्यांक छ ।

सबैभन्दा बढी धानबालीमा तीन अर्ब ५३ करोड २३ लाख ९७ हजार रुपैयाँबराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ । असोजको बाढीले पाक्न लागेको धानबाली ढलेको थियो र केही स्थानमा काटेर खेतमै छाडेको बाली पानीले भिजेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, कात्तिकको वर्षाले खेतबाट उठाउन ठिक्क पारेको धानको पाँजा डुबानमा परेको थियो ।

बेमौसमी वर्षाले एक अर्ब ४७ करोड ९५ लाख १८ हजार रुपैयाँबराबरको तरकारी बालीमा पनि क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । फलिसकेको तरकारी बारीमै नष्ट भएको तथा फूल फुल्दै गरेका तरकारी पनि क्षति पुगेको अध्ययन टोलीले जनाएको छ । त्यस्तै, केरासहितको फलफूल बालीमा २६ करोड, ९८ लाख २६ हजार, दलहन १७ लाख १४ हजार र कोदोबालीमा ७ लाख ६० हजारबराबरको क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ ।

असोजमा आएको बेमौसमी वर्षाले गरेको क्षतिबारे अध्ययन गर्न गठित कार्यदलका सदस्य लालकुमार श्रेष्ठले स्थलगत र प्रदेशस्थित कृषि मन्त्रालयबाट प्राप्त तथ्यांकका आधारमा प्रतिवेदन तयार गरिएको बताए । 'क्षतिको विवरण संकलन गरेर प्रतिवेदन तयार गरिएको छ,' उनले भने, 'यो प्रतिवेदनले आगामी नीति कार्यक्रम र बजेट बनाउन सहयोग पुग्ने अपेक्षा छ ।'

कृषि मन्त्रालयको प्रवक्ता डा. जानुका पण्डितले क्षतिको विवरण संकलनका लागि गठित कार्यदलले प्रतिवेदन दिएको र प्रतिवेदनका आधारमा राहतलगायतका विषयमा आवश्यक छलफल भइरहेको बताइन् । 'बेमौसमी वर्षाले कृषि क्षेत्रमा ठुलो क्षति पुगेको प्रतिवेदनबाट प्रस्ट भइसकेको छ । उक्त क्षति व्यहोरेका किसानलाई आउँदा दिनमा कसरी सम्बोधन गर्ने, राहतका लागि के कसो गर्ने भन्नेबारेमा छलफल अघि बढेको छ,' उनले भनिन् । राहत वितरणका लागि गृह मन्त्रालयमा रहेको संयन्त्रसँग पनि छलफल गरिने उनले बताइन् ।



धानबालीमा मात्रै साढे तीन अर्ब क्षति

असोज र कात्तिकको बेमौसमी वर्षाले सबैभन्दा बढी धानबालीमा तीन अर्ब ५३ करोड २३ लाख ९७ हजारबराबरको क्षति भएको कृषि मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार ३० हजार ८ सय ४१ हेक्टरमा लगाएको धानबालीमा क्षति पुगेको छ भने एक लाख ३ हजार ४ सय ३३ टन धान कम उत्पादन हुने अनुमान गरिएको छ ।

असोजको वर्षाले ८६ करोड ८२ लाख ७३ हजार रुपैयाँको क्षति पुगेको छ । असोजमा १० हजार ८ सय ४० हेक्टरमा क्षति पुग्दा २७ हजार ७ सय ५९ टन उत्पादन ह्रास आउने अनुमान गरिएको छ । त्यस्तै, कात्तिकको वर्षाले दुई अर्ब ६६ करोडको धानबालीमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । कात्तिकमा २० हजार १ हेक्टरमा लगाएको धानबालीमा क्षति पुग्दा ७५ हजार ६ सय ७४ टन कम उत्पादन हुने अनुमान गरिएको छ ।

क्षति पुगेका मुख्य क्षेत्र

बाली	क्षति रकम
धान	३ अर्ब ५३ करोड २३ लाख ९७ हजार
तरकारी	१ अर्ब ४७ करोड ९५ लाख १८ हजार
फलफूल	२६ करोड ९८ लाख २६ हजार
कोदो	७ लाख ६० हजार
दलहन	१७ लाख १४ हजार
उखु	७७ करोड ३० लाख ५८ हजार
अलैंची	७७ लाख १५ हजार
अदुवा	१५ लाख ७१ हजार
आलु	२ करोड २० लाख ३३ हजार
चिया	४ करोड ५२ लाख ५८ हजार
अन्य बाली	२८ करोड ९९ लाख ३२ हजार
बीउबिजन	२ करोड ८१ लाख ४ हजार
कृषि तथा पशुपक्षी कार्यालय	५८ लाख ६० हजार
जमिन कटान	३ करोड ७१ लाख १७ हजार
कृषि तथा पशुपक्षी पूर्वाधार	१ करोड ६ लाख २५ हजार

असोजको बाढीले मधेश र कात्तिकको बाढीले कोशीमा धेरै क्षति

असोजको वर्षाले सबैभन्दा बढी मधेशमा क्षति पुगेको कृषि मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । 'क्षतिका हिसाबले मधेश प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ, जहाँ ३ अर्ब ३५ करोड ५५ लाख १६ हजारको क्षति भएको छ र आठै जिल्लामा रोपिएको धानबालीमा क्षति भएको छ भने तरकारी, फलफूल, उखु र पशुधन पनि प्रभावित भएका छन्,' प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, कोशी प्रदेशमा ३६ करोड ८३ लाख ८९ हजारबराबरको क्षति हुँदा धान, तरकारी, अलैंची, अदुवा, केरा, आलु, चिया र कोदोबाली मुख्य छन् । बागमतीमा २ करोड ४ लाख ५४ हजार, गण्डकीमा १२ लाख ८० हजार र लुम्बिनीमा १ करोड ५६ लाख १४ हजारको क्षति भएको प्रतिवेदनमा उल्लेख छ ।

कात्तिक १५-१७ सम्मको वर्षाले भने कोशी प्रदेशमा धेरै क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । 'प्रदेशगत रूपमा कोशी प्रदेशमा सबैभन्दा बढी २ अर्ब ५ करोड ४३ लाख ६७ हजार रुपैयाँको आर्थिक नोक्सानी भएको देखिन्छ भने त्यसपछि बागमती प्रदेशमा ४७ करोड ७६ लाख ३४ हजार, मधेश प्रदेशमा २२ करोड ४७ लाख २३ हजार, लुम्बिनीमा १३ करोड ६८ लाख २३ हजार र सबैभन्दा कम गण्डकी प्रदेशमा १ करोड ८० लाख ६१ हजार रुपैयाँको आर्थिक नोक्सानी भएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । कोशीको धानबालीमा मात्रै २ अर्ब १ करोड ४३ लाख ६७ हजारबराबरको क्षति भएको छ ।

कात्तिकको वर्षाले पाँचवटा प्रदेशमा २१ हजार १ सय ८९.४९ हेक्टरमा धान, तरकारी, आलु, केरा, कोदो, दलहन र तेलहनको उत्पादनमा करिब ८४ हजार ८ सय दुई टन कम उत्पादन हुने अनुमान गरिएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले दिएको सुझाव

- सरकारले निश्चित मापदण्डका आधारमा पीडित किसानलाई राहत उपलब्ध गराउने
- कोशीमा स्थानीय तहमार्फत किसानहरूको उत्थानका लागि पशुपन्छी पालन पुनर्स्थापना कार्यक्रम लागू गर्ने
- मधेशमा स्थानीय तहमार्फत साना किसानको उत्थानका लागि माछापालन पुनर्स्थापना कार्यक्रम गर्ने ।
- दुवै प्रदेशमा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघीय ससर्त अनुदान र प्रदेश ससर्त अनुदान कार्यक्रमको बजेटसमेत प्रयोग गर्ने ।
- विकास साझेदार निकाय (आइएनजिओ)लाई अनुदान कार्यक्रम लागू गर्न प्रोत्साहन गर्ने । अब लगाउने बालीहरू गहुँबाली, तरकारी, बीउ-बिजन, माछा भुरा तथा मलखाद आदिको उपलब्धतालाई सहज बनाउने ।
- बिमा नगरेका प्रभावित किसानलाई बिमा प्राधिकरणबाट स्वीकृत कार्यविधिलाई आधार मानेर बढीमा ६५ प्रतिशतसम्म राहत रकम उपलब्ध गराउने ।
- बेमौसमी वर्षाको कारण खेत, बारी, पाखाहरूमा पहिरो, डुबानले खेतीयोग्य जग्गामा पुगेको हानि-नोक्सोनी स्थानीय तहबाट गरिएको यकिनका आधारमा श्रमिक संख्या दरमा खेतीयोग्य जग्गा सुधारका लागि ज्याला रकम राहतस्वरूप उपलब्ध गराउने ।

■ नेपाल र जापान सरकारबिच पौने ३२ अर्बको ऋण सम्झौतामा हस्ताक्षर

कोटेश्वरमा फ्लाइओभर र अन्डरपास निर्माण अघि बढ्ने निश्चित

पवन तिमिल्सिना/नयाँ पत्रिका

जापानको सहुलियतपूर्ण ऋण सहयोगमा कोटेश्वरमा फ्लाइओभर र अन्डरपास निर्माण अघि बढ्ने सुनिश्चित भएको छ । नेपाल र जापानबिच कोटेश्वर चोक सुधार आयोजनाका लागि बुधबार ऋण सम्झौतामा हस्ताक्षर भएसँगै पौने ३२ अर्ब रुपैयाँ लागतको उक्त आयोजना अघि बढ्ने निश्चित भएको हो ।

कोटेश्वर चोक सुधार आयोजनाका लागि जापानले ३४.५९ अर्ब जापानी येन (करिब ३१ अर्ब ७६ करोड रुपैयाँ)बराबरको ऋण सहायता उपलब्ध गराएको छ । जाइकामार्फत प्राप्त हुने उक्त ऋणको ग्रेस अवधि १० वर्षको रहेको छ । त्यस्तै, भुक्तानी अवधि ३० वर्ष रहेको ऋणको ब्याजदर वार्षिक ०.२ प्रतिशत रहेको छ । नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निश्चित भएसँगै दातृ देश तथा निकायले ब्याजदर बढाउँदै लगेका छन् । यद्यपि, जापानले यस आयोजनाको लागि न्यून ब्याजदरमा ऋण दिने भएको हो ।

यस आयोजनाअन्तर्गत कोटेश्वर तथा जडीबुटी खण्डमा अन्डरपास तथा फ्लाइओभर निर्माण गरिनेछ । यसबाट काठमाडौं, ललितपुर, भक्तपुर तथा बिपी, अरनिको राजमार्ग हुँदै चल्ने सवारीसाधनको आवागमन सहज बनाउन महत्त्वपूर्ण योगदान पुग्याउने अपेक्षा गरिएको छ । आयोजना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभागमार्फत कार्यान्वयन गरिनेछ ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालको उपस्थितिमा बुधबार आयोजित कार्यक्रममा ऋण सहायतासँग सम्बन्धित 'एक्सचेन्ज नोट्स'मा अर्थसचिव डा. घनश्याम उपाध्याय र नेपालका लागि जापानी राजदूत मायदा तोरुले हस्ताक्षर गरेका छन् । त्यस्तै, ऋण सम्झौतामा अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख सहसचिव डा. धनीराम शर्मा र जाइका नेपालका प्रमुख प्रतिनिधि श्री मित्सुजाकी माजुकीले हस्ताक्षर गरेका छन् ।

ऋण सम्झौतामा हस्ताक्षरपछि नेपालका लागि जापानी राजदुत तोरुले जापानको सहुलियतपूर्ण ऋण सहयोगमा कार्यान्वयन हुने कोटेश्वर चोक सुधार आयोजना कार्यान्वयनबाट उपत्यकाको यातायात व्यवस्थामा उल्लेख्य सुधार हुने विश्वास व्यक्त गरे । उनले नेपाल र जापानबिचको दसकौं पुरानो मित्रतापूर्ण सम्बन्धको स्मरण गर्दै साथ-सहयोग निरन्तर रहने बताए ।

अर्थमन्त्री खनालले नेपाल-जापान सहकार्यअन्तर्गत काठमाडौं उपत्यकाको महत्त्वपूर्ण जामयुक्त स्थानको सुधारमा प्रगति ल्याउने उद्देश्यले अघि बढाइएको यो परियोजनाले राजधानीको यातायात व्यवस्थापनमा दीर्घकालीन परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । अब सडक विभागले डिजाइन परामर्शदाता छनोट गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउने प्रवक्ता ई. श्यामबहादुर खड्काले बताए । डिपिआर बनेपछि परियोजनाअन्तर्गत बन्ने संरचना ठुंगो लाग्नेछन् ।



ऋण सम्झौतासँगै आयोजना अघि बढ्ने निश्चित भएको छ

- **डा. धनीराम शर्मा**, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख



ऋण सम्झौता भएसँगै अब आयोजना अघि बढ्ने निश्चित भयो । अब सडक विभागले यो आयोजना अघि बढाउनेछ । आयोजना ठुलो, अलि समय त लाग्ला । अब डिपिआर बनाएर सोहीअनुसार अघि बढ्नेछ । यो आयोजना काठमाडौं उपत्यकाको यातायात सुधारका लागि महत्त्वपूर्ण हुनेछ ।

डिपिआर बनाउन छिट्टै टेन्डर आह्वान गर्नेछौं

- **ई. श्यामबहादुर खड्का**
प्रवक्ता, सडक विभाग



यो आयोजना सडक विभागले कार्यान्वयन गर्ने हो । सोहीअनुसार यसका पूर्वतयारी भइरहेकै छन् । यो आयोजनाको सर्भे हाम्रोसमेत सहभागितामा जाइकाले गरिसकेको छ । अब सोही सर्भेका आधारमा डिपिआर तयार गरिनेछ । डिपिआर बनाउन र परामर्शका लागि हामी टेन्डर आह्वान गर्नेछौं ।

कस्तो बन्नेछ आयोजना ?

जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)ले कोटेश्वर सुधार आयोजनाको 'पूर्वतयारी सर्वेक्षण' गरिसकेको छ । जसअनुसार दुई फ्लाइओभर र एक हाफकट सुरुङमार्ग बनाउने तयारी छ । पूर्वतयारी सर्वेक्षणअनुसार मनोहराबाट-त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टसम्म फ्लाइओभर बनाउने प्रस्ताव गरिएको छ । एयरपोर्ट विन्दुमा भने 'हाफ कट टनेल' (केही हिस्सा जमिनभित्र र केही हिस्सा जमिनबाहिर हुने गरी बनाइने सुरुङ) प्रस्ताव गरिएको छ । एयरपोर्टको धावनमार्ग अघि एप्रोच लाइट राखिएका जमिनमुनि सुरुङमार्ग बनाउने प्रस्ताव गरिएको छ । त्यहाँबाट तिनकुनेको बागमती पुलसम्म पुनः अर्को फ्लाइओभर नै बनाउने प्रस्ताव गरिएको छ । संरचनाको वास्तविक प्रारूप भने अब बन्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)ले देखाउनेछ ।

भारतमा थप ३५ मेगावाट विद्युत् बिक्री अनुमति

अब भारतमा १२ सय मेगावाट बिजुली निर्यात गर्न सकिने

नयाँ पत्रिका

भारतले आफ्नो इनर्जी एक्सचेन्ज मार्केट (आइइएक्स)मा थप ३५ मेगावाट विद्युत् बिक्री गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति दिएको छ । भारतको डेजिग्नेटेड अथोरिटी, सेन्ट्रल इलेक्ट्रिसिटी अथोरिटीले मंगलबार थप ३५ मेगावाट विद्युत् बिक्री गर्न प्राधिकरणलाई अनुमति दिएको हो । २४.२५ मेगावाटको सेतीनदी र १०.७० मेगावाटको माथिल्लो तादीखोला जलविद्युत् परियोजनाको गरेर सो बराबरको विद्युत् निर्यात गर्न अनुमति आएको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललेे जानकारी दिए ।

भारतीय बजारमा विद्युत् निर्यात गर्न परियोजना नै तोकेर त्यहाँको सेन्ट्रल इलेक्ट्रिसिटी अथोरिटीबाट अनुमति लिनुपर्छ । सोहीअन्तर्गत भारतले दुई परियोजनाको ३५ मेगावाट विद्युत् बिक्री गर्न अनुमति दिएको हो ।

योसँगै मध्यकालीन द्विपक्षीय सम्झौतासहित भारतमा निर्यात गर्न पाउने विद्युत्को सीमा १२ सय मेगावाट पुगेको छ । प्राधिकरणले यसअघि ३३ आयोजनाको ११ सय ६५ मेगावाट विद्युत् निर्यात गर्न अनुमति पाइसकेको थियो । अब ३५ परियोजनाबाट भारतमा १२ सय मेगावाट विद्युत् निर्यात गर्न सकिनेछ । स्वीकृति पाएको भन्दा १० प्रतिशत थप विद्युत् निर्यात गर्न पाउने सुविधा पनि रहन्छ । त्योअनुसार थप १२० मेगावाट गरेर १३२० मेगावाट विद्युत् निर्यात गर्न पाइन्छ ।

प्राधिकरणले बंगलादेशमा पनि दुई आयोजनाको ४० मेगावाट विद्युत् निर्यात गर्दै आएको छ । गत साता बंगलादेशमा सम्पन्न द्विपक्षीय ऊर्जासचिवस्तरीय बैठकमा थप २० मेगावाट निर्यात गर्ने सहमति भएको छ । यस्तै, भारतले प्राधिकरणलाई २०४.५८ मेगावाट विद्युत् निर्यात गर्न पाउने अवधि थप गरिदिएको छ । यसअघि १५ जुनदेखि ३१ अक्टोबरसम्म मध्यकालीन द्विपक्षीय सम्झौतामार्फत निर्यात अनुमति प्रदान गरेका १२ आयोजनाबाट उत्पादित २०४.५८ मेगावाट विद्युत् वर्षको बाँकी अवधिका लागि प्रतिस्पर्धी बजारमा निर्यात गर्न पाउने गरी निर्यात अनुमति नवीकरण गरेको हो ।



प्राधिकरणले वर्षायाममा नेपालमा खपत भई बढी भएको विद्युत् भारतको प्रतिस्पर्धी बजार भारतीय ऊर्जा एक्सचेन्जको डे-अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा, द्विपक्षीय मध्यकालीन सम्झौतामार्फत हरियाणा र बिहारमा तथा भारतीय प्रसारणलाइन प्रयोग गर्दै बंगलादेशमा निर्यात गर्दै आएको छ भने सुक्खायाम नेपालमा अपुग ऊर्जा भारतको आइएक्स र द्विपक्षीय सम्झौतामार्फत आयात गर्ने गरेको छ ।

चाका उद्योगले गर्‍यो आयात प्रतिस्थापन

दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिका- १२, हरिपौरीका अशोककुमार शर्मा मौरीपालनका लागि कुनै वेला विदेशबाट चाका ल्याउँथे । कहिले भारतबाट त, कहिले चीनबाट चाका ल्याएर मौरीपालन गर्नुपर्ने अवस्था थियो । तर, अहिले उनी आफैंले मौरीका चाका तयार गरी आयात प्रतिस्थापन गर्दै अन्य जिल्लामा बिक्री गर्दै आएका छन् । 'पहिले बाहिरबाट ल्याउँथें,' उनले भने, 'तर, अहिले आफैं चाका उत्पादन गरेर बिक्री गर्दै आएको छु ।' उनले दाङसहित रुकुम पश्चिम, सल्यान, रोल्पा, प्युठान, बाँकेलगायतका जिल्लामा चाका बिक्री गर्ने गरेको बताए ।

शर्माले सञ्चालन गरेको आचार्य माहुरी कृषि तथा पशुपक्षी फार्ममा ५० प्रतिशत अनुदानमा मेसिन ल्याएपछि चाका बनाउन थालेका हुन् । आर्थिक वर्ष ०८१/८२ मा मेसिन ल्याएर चाका उत्पादन सुरु गरिएको हो । गएको वर्ष मात्रै १० क्विन्टल आधार चाका उत्पादन भएको उनले बताए । यस वर्ष १५ क्विन्टलजति उत्पादन गर्ने लक्ष्य रहेको शर्माले बताए ।



चाका एक हजार रुपैयाँ किलोका दरले बिक्री हुने गरेको छ । स्थानीय स्रोत-साधनलाई प्रयोग गरेर चाका बनाउने गरिएको छ । 'हामीले भारत, चीनबाट ल्याउँदा रसायन भएको हुन्थ्यो,' उनले भने, 'तर, हामीले उत्पादन गरेका चाकामा त्यस्तो समस्या छैन, मौरीले पनि धेरै मन पराउँछन् ।' चाकाबाटै गएको वर्ष पाँच लाख आम्दानी गरेको उनले बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (मौरी सुपरजोन) परियोजनाले ५० प्रतिशत अनुदानमा उक्त मेसिन उपलब्ध गराएको हो । ०६२ सालदेखि मौरीपालन गर्दै आएका उनले वार्षिक १५ क्विन्टलसम्म मह उत्पादन गर्ने गरेको बताए । जसमा खुद आम्दानी वार्षिक पाँच लाखसम्म हुने गरेको छ ।

३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला एवं १३औँ क्यान इन्फोटेक सुरु

मेलाको उद्देश्य समग्र पर्यटन प्रवर्द्धन, औद्योगिक उत्पादन र उपभोक्ताबिच प्रत्यक्ष भेटघाट गराउनु



कास्कीमा **रोहितराज पराजुली**

'लगानीको संवर्द्धन : उद्योग-व्यवसायको प्रवर्द्धन' भन्ने मूल नाराका साथ पोखरामा नेपाल मणिपाल अस्पताल ३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक २०८२ सुरु भएको छ। पोखरा उद्योग वाणिज्य संघको आयोजना, कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान) कास्की, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको सहआयोजनासँगै गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा सुरु भएको मेला २१ मंसिरसम्म चल्नेछ। नेपाल उद्योग वाणिज्य महासंघले अध्यक्ष चन्द्रप्रसाद ढकालले बुधबार उक्त मेलाको उद्घाटन गरे। मेलालाई यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धन, औद्योगिक उत्पादन र उपभोक्ताबिच प्रत्यक्ष भेटघाट गराउने उत्सवको रूपमा आयोजकले लिएको आयोजक संघ पोखराका अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए।

पोखरा- ९ नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने मेलामा डोमतर्फ ७८ सहित एक सय २० वटा स्टल रहेको कार्कीले बताए। पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत मेलाले सघाउ पुऱ्याउने दाबी कार्कीले बताएका छन्। मेला गण्डकी प्रदेशको व्यवसाय विस्तारको सम्भावनाको खोजीसँगै प्रदेशमा पर्यटकीय सम्भावना उजागर गर्ने उद्देश्यमा समर्पित रहेको उनले बताए। क्यान नेपाल महासंघ, कास्कीले विगत १३ वर्षदेखि आयोजना गर्दै आइरहेको क्यान इन्फोटेकलाई मेलामा समाहित गर्दै मेलामार्फत नयाँ युगको आवश्यकता सम्बोधन गर्ने प्रयत्न गरेको कार्कीको भनाइ छ।

मेलामा क्यानसँग आबद्ध तथा सूचना-प्रविधिको क्षेत्रसँग सम्बन्धित विभिन्न प्रतिष्ठानले पछिल्लो समयका प्रविधि, दैनिक जीवनलाई अझ सरल बनाउने उपकरण प्रदर्शनी तथा बिक्रीका लागि राखिएको क्यान-कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवरले जानकारी दिए। सूचना प्रविधिसम्बन्धी नविनतम जानकारीका लागि मेला सर्वोत्कृष्ट थलो बन्नेमा आफूहरू विश्वस्त रहेको उनले बताए। मेलालाई सबैको बनाउनका निम्ति औद्योगिक उत्पादन, हस्तकला, कृषि, पुष्प, अटो, सूचना तथा प्रविधि, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको गतिविधिलगायत दैनिक उपभोग्य वस्तु, घरायसी सरसामान, लत्ताकपडा, शृंगारका सामानको बिक्री-वितरणको व्यवस्थासमेत मिलाइएको आयोजक संघकी महासचिव शोभा गौतमले जानकारी दिइन्।

मेलाको थप आकर्षणतर्फ सांस्कृतिक कार्यक्रम, गण्डकी क्षेत्रका परम्परागत सांस्कृतिक कार्यक्रमसमेत समावेश गरिएको उनले बताइन्। प्रवेश निःशुल्क रहेको मेलामाअन्तर्गत उद्यमशीलता प्रवर्द्धन, लगानी मैत्री नीति निर्माण, नवप्रवर्तन, सूचना प्रविधि, कृषिसँग सम्बन्धित परिसंवाद कार्यक्रमसमेत सञ्चालन हुनेछन्। मेलाबाट अनुमानित ५० लाख आम्दानी र ४५ लाख संचलन खर्च गरी पाँच लाख बचत हुने अनुमान आयोजकको रहेको छ। बचत रकम उद्यमशीलता प्रवर्द्धन गर्न तथा व्यवसायीहरूको क्षमता अभिवृद्धिका लागि खर्च गरिने संघले जनाएको छ।

हरेक आन्दोलनमा निजी क्षेत्र निसानामा : ढकाल

मेलाको उद्घाटन गर्दै महासंघका अध्यक्ष ढकालले हरेक आन्दोलनमा निजी क्षेत्र निसाना बन्दै आएकोमा चिन्ता व्यक्त गरे। पछिल्लो क्रममा भएको जेन-जी आन्दोलनमा समेत निजी क्षेत्र निसानामा पर्नु दुर्भाग्यपूर्ण रहेको उनको भनाइ थियो।

आन्दोलनबाट निजी क्षेत्रले धेरै क्षति व्यहोर्नुपरेको भन्दै ढकालले २४ भदौमा भएको तोडफोड, आगजनी र लुटपाटमा संलग्नलाई कडा कारबाहीको मागसमेत गरे। उनीहरूलाई कारबाही नगरेसम्म निजी क्षेत्रले लगानी गर्न नसक्ने उनको धारणा थियो। 'यसरी निजी क्षेत्र तोडफोड, आगजनी, लुटपाट गर्नेलाई छिटोभन्दा छिटो उनीहरूको खोजी गरी आवश्यक कारबाही गर्नुपर्छ,' ढकालको माग छ।

'विगतदेखि नै निजी क्षेत्रले भ्रष्टाचार र सुशासनका लागि आवाज उठाउँदै आएको छ। गलत घुसपैठ र उक्साहटका कारण निजी क्षेत्र सधैँ निसानामा पर्नु र आक्रमण हुनु दुर्भाग्यपूर्ण छ,' अध्यक्ष ढकालको भनाइ थियो।

फरक प्रसंगमा ढकालले निजी क्षेत्रको पहलमा १० अर्ब रुपैयाँ पुँजीबाट नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडिपी) स्थापना गरेको बताए। अब यसमार्फत ५० अर्ब रुपैयाँसम्मका ठुला परियोजना अघि बढाउन सक्ने भनाइ उनको थियो। नेपालमा केही हुँदैन भन्ने भाष्यलाई चिर्न निजी क्षेत्र आफैँ अग्रसर भएर दीर्घकालीन योजना अघि बढाएको बताए।

झापामा चार वर्षमा करिब १५ हजार हेक्टर घट्यो धानखेतीको क्षेत्रफल

बर्सेनि घट्दै धानखेती, तर उत्पादकत्वमा भने वृद्धि

जलवायु परिवर्तन र तीव्र सहरीकरण धानखेती घट्नुका मुख्य कारण

झापामा **चिरञ्जीवी घिमिरे**

धान खेतीका लागि उर्वरभूमि मानिएको झापामा प्रत्येक वर्ष खेतीको क्षेत्रफल भने घट्न थालेको छ। कृषि ज्ञान केन्द्र झापाको तथ्यांकअनुसार बर्सेनि धान लगाउने क्षेत्रफल घटिरहेको छ। झापामा यस वर्ष किसानले ७२ हजार ७४२.६५ हेक्टर क्षेत्रफलमा धान रोपेका छन्। जबकि चार वर्षअघि अर्थात् आव ०७८/०७९ मा ८७ हजार ५०० हेक्टर क्षेत्रफलमा बर्खेधान लगाउँदै आएका थिए। चार वर्षको अवधिमा १४ हजार ७५७.३५ हेक्टर क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ। यस्तै, आव ०७९/०८० मा ८७ हजार ५०० हेक्टर, ०८०/०८१ मा ७३ हजार ९५० हेक्टर र ०८१/०८२ मा ७५ हजार ४५९.१८ हेक्टर क्षेत्रफलमा धान लगाएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए। यस वर्ष झापामा तीन लाख ५४ हजार ३५१.९२ मेट्रिकटन धान उत्पादन भएको केन्द्रले जनाएको छ।

धानखेती घटे पनि झापामा धानको उत्पादकत्व भने बर्सेनि बढिरहेको छ। झापामा बर्खेधानको उत्पादकत्व ०७८/०७९ मा चार दशमलव ८५, ०७९/०८० मा ४.८९, ०८०/०८१ मा ५.०५ थियो। यो क्रमशः बढ्दै ०८१/०८२ मा ५.०७३ पुगेको थियो भने चालू आवमा ५.१९ प्रतिशत पुगेको विष्टले जानकारी दिए। 'पछिल्लो समय उन्नत जातको धानको बीउ राख्ने चलन बढेको छ। पहिला लामो समयसम्म एउटा बीउ प्रयोग हुन्थ्यो भने अहिले किसानले धानको बीउ फेरिफेरि लगाउन थालेका छन्। जसका कारण पनि उत्पादकत्व बढेको देखिन्छ,' विष्टले भने, 'झापामा रासायनिक मलको प्रयोग पनि बढेको देखिन्छ। यसले पनि उत्पादकत्व बढाएको छ।'

झापामा प्रत्येक वर्ष धानखेती घट्नुको मुख्य कारण सहरीकरण र बस्ती विस्तार भएको ज्ञान केन्द्र प्रमुख विष्टले जानकारी दिए। त्यसबाहेक जलवायु परिवर्तनका कारण पनि खेत बाँझै रहने अवस्था रहेको उनको भनाइ छ। समयमा पानी नपर्दा खेती हुन सकेको छैन। झापामा ६६ प्रतिशत भूभागमा नहर तथा बोरिङमार्फत सिँचाइ हुन्छ। बाँकी खेतीमा भने आकासेपानीकै भर पर्नुपर्ने अवस्था रहेको उनले बताए। 'अहिले खेतीयोग्य जमिनमा प्लटिङ हुँदा धानखेती केही घट्दो क्रममा छ,' उनले भने, 'यस वर्ष भने समयमा पानी नपर्दा धानखेती घटेको देखिन्छ।'

केन्द्रका प्रमुख विष्टका अनुसार धानखेती लगाएपछि सुरक्षित नहुँदा पनि किसानले खेती घटाएका हुन्। 'बाढीजस्तो प्राकृतिक प्रकोपले धानखेती सखाप बनाउँछ। तर, त्यसको सुरक्षा छैन। ०७८ सालको बाढीले धानमा क्षति पुऱ्याउँदा पनि किसानले क्षतिपूर्ति पाएनन्। यसपटक पनि त्यस्तै छ,' उनले भने, 'धानखेतीमा क्षति हुँदा क्षतिपूर्तिको व्यवस्था हुन सक्ने भए खेतीप्रति आकर्षण रहन्थ्यो।'

किसानले भने धानको उचित मूल्य पाउन नसक्दा क्रमशः धानखेती घट्दो क्रममा रहेको बताएका छन्। धानखेतीमा



धानखेतीमा बाढी पसेपछि उठाएर सडकमा सुकाउँदै किसान।

कृषि ज्ञान केन्द्र झापाका सागर विष्ट भन्छन्-



चार वर्षको अवधिमा धान खेती हुने करिब १५ हजार हेक्टर क्षेत्रफल घटेको छ। प्रत्येक वर्ष क्षेत्रफल घट्दै जानुको मुख्य कारण सहरीकरण र बस्ती विस्तार हो। जलवायु परिवर्तनका कारण पनि खेत बाँझै रहने अवस्था छ। समयमा पानी नपर्दा खेती हुन सकेको छैन। तर, किसानले बीउ फेरीफेरी लगाउने र रासायनिक मलको पनि बढी प्रयोगले उत्पादकत्व भने बढेको देखिन्छ।

गरेको लगानी पनि उठ्न नसक्दा खेत बाँझै छाड्नुपर्ने अवस्था आएको गौरादहका किसान इन्द्र पोखरेलले बताए। 'खेती गर्ने समयमा सिँचाइ हुँदैन। मोटरबाट गर्दा सरकारले बिजुलीको पैसा पनि सहुलियत दिँदैन। समयमा मल र बीउ पाईदैन,' उनी भन्छन्, ' उत्पादन गरेपछि सरकारले तोकेको समर्थन मूल्य पनि पाईदैन लगानी पनि नउठ्ने भएपछि किसान किन खेती गर्छन् ?' सरकारले किसानलाई प्रोत्साहन गर्ने हो भने झापामा धानखेती वृद्धि हुने उनको भनाइ छ।

■ किसानले पाउँदैनन् समर्थन मूल्य

सरकारले चालू आर्थिक वर्षमा मध्यम धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा तोकेको छ। यस्तै, मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ४६३ रुपैयाँ ८१ पैसा तोकेको छ। तर, किसानले भने यो वर्ष मध्यम धानको मूल्य प्रतिक्विन्टल अधिकतम तीन हजार र मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ७५० सम्म मात्र पाइरहेको ज्ञान केन्द्र प्रमुख विष्ट बताउँछन्।

सरकारले समर्थन मूल्य कार्यान्वयन गर्न नसक्दा किसान मर्कामा परेको गौरादहका किसान इन्द्र पोखरेल बताउँछन्। 'सरकारले कम्तीमा समर्थन मूल्य त किसानले पाउने अवस्था आउने हो भने पनि किसानले खेती गर्थे,' उनी भन्छन्, 'खेतीका लागि गरेको लागत पनि उठ्ने अवस्था छैन।'

■ बाढीले ८० करोडको धानबालीमा क्षति

गत असोज र कात्तिकमा आएको बाढीका कारण झापामा ८० करोडबराबरको धानबालीमा क्षति पुगेको छ। यस वर्ष झापामा ३ लाख ५४ हजार ३५१ दशमलव ९२ मेट्रिकटन धान उत्पादन भएकोमा २३ हजार ५६४ दशमलव ३३ मेट्रिकटन धानमा बाढीका कारण क्षति भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए। जसको मूल्य करिब ८० करोड पर्ने जाने उनी बताउँछन्।

यसपटक पाक्न लागेको धानमा क्षति पुग्दा किसान मर्कामा परेका छन्। यसपकट खेती गर्दा लागेको ऋणसमेत तिर्न सक्ने अवस्था नरहेको गौरीगन्ज- १ का किसान नरेश हस्दाले बताए। 'अर्काको तीन बिघा खेत ठेक्कामा लिएर धान लगाएको थिएँ। बाढी पसेर कामै नलाग्ने गरी धान बिग्रियो। यसपटक त खेती गर्न लिएको ऋण पनि तिर्न नसक्ने अवस्थामा पुगेको छ,' उनले भने, 'सरकारले पनि हेर्दैन। अब हामीले त्यो ऋण कसरी तिर्ने ? अर्कोपटक कसरी खेती गर्ने ?'

उदयपुरमा पर्यटनको अथाह सम्भावना, तर छैन सडक पूर्वाधार

उदयपुर-चौदण्डीगढी, एभरेस्ट भ्यु टप, ताप्लीपोखरी, बेतेनी भन्ज्याङ, चुनढुंगा खानीलगायतका क्षेत्रमा छ पर्यटन सम्भावना

उदयपुरमा **विदुर कटुवाल**

पूर्वी नेपालकै भित्री मधेशमा उदयपुर एकपटक हेरेपछि बिर्सन नसकिने जिल्ला हो। 'उदय' नामका राजाले शासन गरेको इतिहास बोकेको यो जिल्ला खनिज पदार्थ, वनजंगल, हिमशृंखला, नदीनाला, ऐतिहासिक गढी, धार्मिक पोखरी, विविध जातजातिको संस्कृति र मौलिक भेषभूषाले समृद्ध छ। तर, पूर्वाधार र प्रचार-प्रसारको कमीले पर्यटनको अथाह सम्भावना बोकेको यो क्षेत्र थलिएको छ। पूर्वपश्चिम राजमार्गको नजिक र मदन भण्डारी लोकमार्गसँगै जोडिएको उदयपुर अझै पनि पर्यटनको क्षेत्रमा परिवर्तन आउन सकेको छैन।

ऐतिहासिक दुई गढी

उदयपुरको ऐतिहासिक पहिचान बोकेका दुई प्रमुख गढी–उदयपुरगढी र चौदण्डीगढी- जिल्लाका मुख्य पर्यटन आधार हुन्। दुवै गढी चुरे, भावर, दुन र महाभारत पर्वत शृंखलाभित्र अवस्थित छन्। जसले ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक महत्त्व बोकेका छन्।

सरकारले पहिचान गरेका १०० पर्यटकीय गन्तव्यमध्ये उदयपुरको एक मात्र आधिकारिक गन्तव्य उदयपुरगढी हो। फागुनदेखि वैशाखसम्म सर्वाधिक चहलपहल हुने रौतापोखरी धार्मिक आस्था नै होइन, प्रकृति र शीतल वातावरणमा रमाउन चाहनेका लागि पनि आकर्षक गन्तव्य बन्दै गएको छ। गुरुयोजना र डिपिआर तयार भएर पूर्वाधार निर्माण सुरु भइसकेकाले आगामी दिनमा यस क्षेत्र व्यवस्थित तीर्थस्थलका रूपमा विकास हुने अपेक्षा गरिएको रौतामाई गाउँपालिका अध्यक्ष वीरेन्द्रकुमार मगर बताउँछन्। उनी भन्छन्, 'मदन भण्डारी लोकमार्गबाट रौतापोखरीलाई जोड्ने सडक मुख्य समस्या बनेको छ।'

ताप्ली गाउँपालिका- २ मा १,८०० मिटर उचाइमा अवस्थित ताप्लीपोखरी प्राकृतिक र धार्मिक महत्त्वको अनुपम संयोजन हो। यहाँबाट सगरमाथा, लोत्सेलगायतका हिमालको प्रत्यक्ष अवलोकन गर्न सकिने भएकाले यहाँबाट हिमशृंखलाको 'पोस्टकार्ड भ्यु' अनुभव गर्न सकिन्छ। यद्यपि प्रचार-प्रसार अभाव र पहाडी कच्ची सडकका कारण बाह्य पर्यटकको संख्यामा अपेक्षित वृद्धि हुन नसकेको सरोकारवाला बताउँछन्।

त्यस्तै, कटारी नगरपालिका- ११ मा अवस्थित बेतेनी भन्ज्याङ घाम-हुस्सु र मौसम परिवर्तनको चाँडो चक्रका कारण विशेष अनुभव दिने गन्तव्य हो। कटारी बजारबाट करिब १६ किलोमिटर उत्तरमा पर्ने यो ठाउँबाट चारैतिरको हरियाली



दृश्य अत्यन्त आकर्षक देखिन्छ। लिम्चुडबुङ गाउँपालिकाभित्र पर्ने एभरेस्ट भ्यु टप पछिल्लो समय अत्यधिक लोकप्रिय बनेको छ। यहाँबाट सगरमाथासहित आठवटा प्रमुख हिमाल अवलोकन गर्न सकिन्छ। इलाम, मोरङ, झापा, सुनसरी, सिराहा, सप्तरीलगायत जिल्लाबाट यहाँ आन्तरिक पर्यटकको आवागमन बढ्दो छ।

यसैगरी, उदयपुरगढी गाउँपालिका- ७, अधेरीस्थित अर्जुन डहर पार्क पछिल्ला वर्षमा आकर्षक आन्तरिक पर्यटकीयस्थल बनेको छ। मोतीगडा, देवधार, नेपालटार, बेल्का दरबार, मैनामैनी, सुकेपोखरी, भूगोल पार्क, भ्यु टावर, टुँडिखेल, जोगीधारा, भालुदह, विभिन्न महादेव मन्दिर र थुप्रै गुफा र झरना उदयपुरका अतिरिक्त प्राकृतिक गन्तव्य हुन्।

औद्योगिक पर्यटनका दृष्टिले उदयपुर सिमेन्ट उद्योग, मारुती र सौर्य सिमेन्टका चुनढुंगा खानी, सम्भावित कृषि-आधारित उद्योग, बाँस तथा ढुंगाका हस्तकला उद्योग महत्त्वपूर्ण आधार हुन्। उत्पादन प्रक्रियादेखि प्याकेजिङसम्मको अवलोकन हुने फ्याक्ट्री भ्रमण (इन्डस्ट्रियल टुर)लाई शैक्षिक पर्यटनसँग जोड्न सकिने स्थानीय बताउँछन्।

विकासको प्रमुख चुनौतीमा सडक

उदयपुरमा पर्यटन विकासको मुख्य चुनौती सडक पूर्वाधार हो। सिद्धिचरण, सगरमाथा र मदन भण्डारी लोकमार्गले उदयपुरलाई देशभरका सहरसँग जोडे पनि, अधिकांश गन्तव्यसम्म पुग्ने ग्रामीण सडक अझै कच्ची, साँघुरो र जोखिमपूर्ण छन्।होटेल तथा पर्यटन व्यवसायी संघ, उदयपुरका महासचिव ईश्वर राईका अनुसार, तीनवटा ठुला राजमार्गको पहुँच पुगे पनि रौतापोखरी, उदयपुरगढी, ताप्ली, एभरेस्ट भ्यु टप, बेतेनी, चुरे-महाभारत क्षेत्रतर्फ जाने मार्ग कच्ची भएकैले पर्यटन विस्तारमा बाधा परेको छ।

उदयपुर उद्योग वाणिज्य संघ, कटारीका पूर्वउपाध्यक्ष मदन कटुवाल सडक गुणस्तरलाई मुख्य समस्या मान्छन्। उनका अनुसार, विद्युत्, टेलिफोन, इन्टरनेटजस्ता आधारभूत सेवा प्रायः सबै ठाउँमा पुगे पनि, सडक कमजोर हुँदा पर्यटक दीर्घकालीन रूपमा बस्न सकिरहेका छैनन्।

मौलिक खानपानको ब्रान्डिङ र व्यवस्थापन नहुनु, स्थानीयस्तरमा पर्यटनप्रतिको चेतना र व्यावसायिक ज्ञान अभाव, तालिमप्राप्त गाइड र सेवाप्रदायकको कमी पनि अन्य चुनौती हुन्। अर्कोतर्फ, स्थानीय खानाका परिकार पनि ब्रान्डिङ हुन सकेका छैनन्। मुख्य कुरा प्रचार-प्रसार अभाव नै छ।

स्थानीय, प्रदेश र संघीय सरकारबिच समन्वयमा पर्यटकीय क्षेत्रको व्यावसायिक विकास हुन नसकेको कटुवाल बताउँछन्। नेपाली कम्युनिस्ट पार्टीका नेता उद्धव खत्री भन्छन्, 'अहिले स्थानीय, प्रदेश र संघीय सरकारबाट पर्यटनमा आउने बजेट टुक्रे प्रकारका छन्। त्यसले पनि पर्यटकीय क्षेत्रको विकास हुन सकेको छैन। स्थानीय सरकारले पनि पर्यटकीय क्षेत्रमा लगानी गरेर व्यावसायिक बनाउन ध्यान दिन सकेका छैनन्। त्यसकारण, उदयपुरको पर्यटकीय क्षेत्र नाम मात्रका छन्।'

ताप्ली गाउँपालिका अध्यक्ष ढुंगाराज विश्वकर्मा भन्छन्, 'गाउँपालिकाको बजेट मात्र सोचेको सबै काम गर्न नसकिने रहेछ। प्रदेश र संघीय सरकारबाट पर्यटकीय क्षेत्रमा आउने बजेट सानो आकारमा हुने गरेकाले समस्या हुनेरहेछ। सोचेजति काम गर्न नसकिने रहेछ।'

एनसेल एपको डाउनलोड एक करोड नाघ्यो, दसदिने उत्सव कार्यक्रम सुरु

काठमाडौं/ एनसेलको सेल्फ-सर्भिस मोबाइल एप 'एनसेल एप'को डाउनलोड एक करोड पुगेको छ। योसँगै एनसेल एप नेपालमा सबैभन्दा बढी प्रयोग हुने डिजिटल प्लाटफर्ममध्ये एक बनेको छ। यसै अवसरमा एनसेलले दसदिने उत्सव कार्यक्रम घोषणा पनि गरेको छ। जसअन्तर्गत हरेक दिन १० जना भाग्यशाली ग्राहकले १० दिनसम्म प्रयोग गर्न सकिने १० जिबी अल टाइम डेटा पाउन सक्नेछन्। साथै, पहिलोपटक एप डाउनलोड गरी लगइन गर्ने वा एपमार्फत कुनै न कुनै प्याक खरिद गर्ने ग्राहक १० जिबी डेटा जित्नयोग्य हुने एनसेलले जनाएको छ।

'एनसेल एपमार्फत एक करोडभन्दा बढी ग्राहक हामीसँग जोडिनुभएकोमा खुसी छौं।



यो उपलब्धि केवल एउटा संख्या होइन, यसले ग्राहकलाई डिजिटल रूपमा जोड्ने हाम्रो प्रतिबद्धतालाई झल्काउँछ,' एनसेलका चिफ डिजिटल च्यानल्स एन्ड एक्सपिरियन्स अफिसर स्टिवन रोड्रिगेजले भने।

एनसेल एपमार्फत ग्राहकले कुनै कोड डायल नगरी, एनसेल सेन्टर वा आधिकारिक विक्रेताकहाँ नगईकन सजिलै विभिन्न सेवा लिन सक्छन्। साधारण ब्यालेन्स रिचार्जदेखि प्याक खरिद, उजुरी दर्ता, ब्यालेन्स ट्रान्सफर, अनलाइन/अफलाइन गेम, सेवा सक्रिय/निष्क्रिय गर्नेलगायतका सेवाले यो एप सहज र निर्बाध डिजिटल सेवा अनुभव चाहने ग्राहकको पहिलो रोजाइ बनेको कम्पनीको दाबी छ।

एनसेल एप सहज प्रयोग, क्विक नेभिगेसन र ग्राहक अनुभव उत्कृष्ट बनाउने किसिमले डिजाइन गरिएको छ। यसले ग्राहकहरूलाई आफ्नो सेवाको प्रयोग, सब्सक्रिप्सन, सक्रिय प्याक सहज रूपमा हेर्न र मन पर्ने प्याकको सूची बनाई राख्न सहयोग गर्ने बताइएको छ।

सिद्धार्थ बैंकको कामु सिइओमा बस्याल



काठमाडौं/ सिद्धार्थ बैंकको कायममुकायम (कामु) सिइओमा रामेश्वरप्रसाद बस्याल नियुक्त भएका छन्। हाल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रहेका सुरेन्द्रप्रसाद कँडेलको चारवर्षे कार्यकाल मंसिर २६ गतेबाट सकिँदै छ। सोहीकारण, मंगलबार बसेको बैंक सञ्चालक समितिको बैठकले बस्याललाई मंसिर २७ बाट लागू हुने गरी कामु सिइओको जिम्मेवारी दिने निर्णय गरेको हो।

विराटनगर इन्टरनेसनल कलेजको दीक्षान्त

काठमाडौं/ विराटनगर इन्टरनेटसनल कलेज (विक)को दीक्षान्त समारोह सम्पन्न भएको छ। कलेजको यस वर्ष (२०२५) को दीक्षान्त समारोहबाट ६४ विद्यार्थी दीक्षित भई स्नातक उपाधिप्राप्त गरेका छन्। तीमध्ये ५४ जना इन्टरनेसनल बिजनेस म्यानेजमेन्ट र १० जना इन्टरनेसनल हस्पिटालिटी म्यानेजमेन्ट विषयमा दीक्षित भएको कलेजले जनाएको छ। दीक्षित विद्यार्थी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धात्मक करिअर यात्रा अघि बढ्नेछन्।

समारोह इन्नोभेट नेपाल ग्रुप (आइएनजी)का संस्थापक एवं अध्यक्ष शुलभ बुढाथोकीले दीक्षित विद्यार्थीलाई बधाई दिँदै परिवर्तनकारी सोच, नेतृत्व क्षमता र सामाजिक जिम्मेवारीसहित अघि बढ्न शुभकामना दिए।

साथै, कलेज व्यवस्थापन समूहले



दीक्षित विद्यार्थीले नेपालको व्यवस्थापन, उद्यम, आतिथ्य सेवा तथा विश्वव्यापी अवसरका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने विश्वास लिएको छ।

नेपाल इन्स्योरेन्स कम्पनीको फुटसल शुक्रबारदेखि


काठमाडौं/ नेपाल इन्स्योरेन्स कम्पनीले १९ र २० मंसिरमा फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ। सामाखुसी फुटसलमा आयोजना हुने उक्त प्रतियोगिताको उद्घाटन शुक्रबार बिहान साढे सात बजे हुने र खेल ८ बजेदेखि सुरु हुने बताइएको छ। प्रतियोगितामा नेपाल बिमा प्राधिकरणलगायत सम्पूर्ण, जीवन, निर्जीवन लघु तथा पुनर्बिमा कम्पनी र सर्भेयरसमेतको सहभागिता रहेको छ। उक्त प्रतियोगिताको लाइभ कम्पनीको आधिकारिक फेसबुक पेजबाट हुने बताइएको छ।

एनआइसी एसिया बैंकका ग्राहकलाई दृष्टि आई केयरमा २० प्रतिशतसम्म छुट

काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकले दृष्टि आई केयर सिस्टममा सेवा लिँदा विशेष छुट पाउने भएका छन्। बैंकका ग्राहकलाई छुट दिलाउन दुवै पक्षबिच सम्झौता भएको छ। सम्झौतापश्चात् यस बैंकका ग्राहकले काठमाडौंमा रहेको दृष्टि आई केयरमा उपलब्ध विभिन्न सेवा उपयोग गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

यस्तो छुट आँखा, नाक, कान तथा घाँटीसम्बन्धी उपचार हुने बताइएको छ। इएनटी एन्ड जनरल सेवाअन्तर्गत ओपिडीमा २० प्रतिशत तथा इन्भेस्टिगेसनमा १० प्रतिशत छुट हुने बैंकले जनाएको छ। साथै, आँखा उपचार गर्दा ओपिडी जनरलमा २० प्रतिशत, अपरेसन चार्ज, सर्जरी प्याकेजमा पाँच प्रतिशत, ल्याबोरेटरीमा १० प्रतिशत र अप्टिकल प्रडक्टसमा ७.५ प्रतिशत छुट उपलब्ध हुने बताइएको छ।

छुट सुविधाको प्रयोग गर्न ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल एप मोबाइल बैंकमार्फत भुक्तानी गर्नुपर्नेछ। उक्त हस्पिटलसँगको यस सहकार्यले ग्राहकलाई स्वास्थ्यउपचारमा सहयोग हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।



मोटरसाइकल हरायो

मिति २०८२/७/१९ गते बेलुका अन्दाजी १९:०० बजेदेखि बिहान ३:३० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.-७, चाँगाथली स्थित घर अगाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको 160 CC को होण्डा युनिकन मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : महेश कुमार खड्का
मो.सा.नं.: बा. ७६ प ७३११
चेसिस नं.: ME4KC204FG8026005
इन्जिन नं.: KC20E80190903
सम्पर्क नं.: 9851127758

महाकाली सुगर इण्डष्ट्रिज प्रा. लि.
बेलौरी न.पा.-१०, कञ्चनपुर ।

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit प्रति लिटर मुल्य रु १२५/- तथा मोलासेस ENA प्रति लिटर मुल्य रु १३५/- ले मिति २०८२/०८/१८ देखि बिक्रि गरिने भएकोले सबैको जानकारीको लागि यो मुल्य सुची प्रकाशित गरीएको छ। यस मुल्यमा अन्त:शुल्क तथा मु.अ.कर समावेस गरीएको छैन।



लुम्बिनीको प्लेअफ सम्भावना जीवितै

लगातार दुई जित निकालेको लुम्बिनी ६ अंकका साथ चौथो स्थानमा रहँदा ८ अंक बनाएको विराटनगर तेस्रो स्थानमा कायमै

रमेश सुवेदी / नयाँ पत्रिका

तेस्रो जित निकालेको लुम्बिनी लायन्सले दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफ सम्भावना जीवितै राखेको छ। लुम्बिनीले बुधबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा विराटानगर किंग्समाथि पाँच विकेटको सानदार जित निकाल्यो। पहिलो ब्याटिङ गरेको विराटनगरले २० ओभरमा आठ विकेट गुमाएर १४४ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा लुम्बिनीले १७.४ ओभरमा पाँच विकेटको क्षतिमा १४५ रन जोड्दै विराटनगरमाथि महत्त्वपूर्ण जित निकल्यो।

लुम्बिनीको जितमा अस्ट्रेलियन ओपनर डार्सी सर्टले अर्धशतक तथा बलिङमा शेर मल्लले तीन विकेट लिएका थिए। लुम्बिनीले ६ खेलमा ३ जित निकाल्दै ६ अंक जोडेको छ। लुम्बिनी चौथो स्थानमा उक्लिएको छ। यसअघि लुम्बिनीले चितवनलाई ६ विकेट र पोखरालाई तीन विकेटले हराएको थियो। उसले लगातार सुदूरपश्चिम, काठमाडौं र कर्णालीसँगको खेल गुमाएको थियो। लुम्बिनीले लगातार दुई खेलमा जित निकालेको हो।

विराटनगरले लगातार तीन खेलमा जित निकाल्दा पोखरा, काठमाडौं र जनकपुरलाई हराएको थियो। पछिल्ला तीनमध्ये दुई खेल गुमाएको छ। विराटनगरले कर्णालीमाथि सनसनी जित हात पार्दा चितवनलाई ४८ रनले खेल सुम्पिएको थियो। लुम्बिनीसँगको हारले पनि विराटनगर ८ अंकका साथ तेस्रो स्थानमै छ। विराटनगरले प्लेअफमा पुग्न अझै एक खेल कुर्नुपर्ने छ। लुम्बिनीले अन्तिम खेल जनकपुर बोल्ट्ससँग खेल्नेछ। विराटनगरले सुदूरपश्चिम रोयल्सको सामना गर्नेछ। प्लेअफमा पुग्न लुम्बिनीलाई अन्तिम खेलमा जित निकाल्नुपर्छ। सुदूरपश्चिमलाई हराउँदा विराटनगर प्लेअफमा पुग्नेछ। पराजित हुँदा रनरेटबाट छिनोफानो हुनेछ।

विराटनगरविरुद्ध डार्सीको अर्धशतक

लुम्बिनीका लागि विराटनगरविरुद्ध खेल 'गर या मर'को अवस्था थियो। हारले प्लेअफ सम्भावना लगभग समाप्त हुने थियो। जितले सम्भावना जीवित रहन्थ्यो। विराटनगर भने जितले एक खेलअगाडि नै प्लेअफमा सहजै प्रवेश गर्ने थियो। प्रतिस्पर्धामा लुम्बिनी ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरी विराटनगरलाई रोक्न सफल भयो। तर, १४५ रनको लक्ष्य पछ्याउने क्रममा लुम्बिनीको सुरुवात भने खराब रह्यो।

इनिङ्सको ४.१ ओभरमा सुमित महर्जन तथा इनिङ्सको ४.४ ओभरमा कप्तान रोहित पौडेललाई गुमाउँदा लुम्बिनीले स्कोर बोर्डमा २९ रन मात्र जोडेको थियो। यहाँसम्म लुम्बिनी खेलमा पछाडि तथा विराटनगर हाबी भइसकेको थियो। तर, ओपनर डार्सी सर्ट र सन्दीप जोराले तेस्रो विकेटका लागि २९ रनको साझेदारी गर्दै टोलीलाई ६६-३ को स्थितिमा राखे। जोराले १५ बलमा तीन चौका र एक छक्का प्रहार गरी २४ रन बनाए। जोरा आउट हुँदा लुम्बिनीलाई ७० रन आवश्यक थियो। त्यसपछि डार्सीले निरोसन डिकवेलसँग चौथो विकेटका लागि ४६ रनको आक्रामक साझेदारी गर्दै टोलीलाई १३.२ ओभरमा ११२-४ को बलियो स्थितिमा पुऱ्याए। उनीहरूले २४ बलमा ४६ रनको साझेदारी गरेका हुन्।



डार्सीलाई मध्यक्रमले राम्रो साथ दिएको थियो। प्रतिस्पर्धामा डार्सीले मात्र नभएर जोरा र निरोसनले पनि आवश्यक रनरेटअनुसारै ब्याटिङ गरेका थिए। जसकारण डार्सी दबाबमा आएनन्। ओनपर डार्सीले आफ्नो विकेट १३.२ ओभरमा गुमाएका थिए। यद्यपि, उनले लुम्बिनीको जितको आधार बनाइसकेका थिए। उनले ४४ बलमा ५७ रन बनाउने क्रममा ६ चौका र दुई छक्का प्रहार गरेका थिए। निरोसनले २२ बलमा २९ रन बनाए। बलिङमा विराटनगरका कप्तान सन्दीप लामिछाने र सुभाष भण्डारीले समान दुई विकेट हात पारे।

डेब्युमा चलेनन् डु प्लेसिस

दोस्रो संस्करणको एनपिएलमा ठुला स्टारका रूपमा दक्षिण अफ्रिकी पूर्वकप्तान फाफ डु प्लेसिस रहेका छन्। विराटनगरले उनलाई अनुबन्ध गर्दै एनपिएलमा सनसनी मचाएको हो। क्रिकेटको तीनवटै फर्म्याटमा गरी २३ अन्तर्राष्ट्रिय शतक लगाएका डु प्लेसिसले आफ्नो पहिलो एनपिएलको डेब्यु उत्कृष्ट बनाउन सकेनन्। विराटनगरले पहिलो ब्याटिङ गर्दा जर्ज मुन्सी र उनलाई ओपनिङमा पठाइएको थियो। त्रिवि मैदानमा डु प्लेसिसको खेल हेर्न आएका दर्शक निराश बनेका छन्।

इनिङ्सको २.६ ओभरमै उनले आफ्नो विकेट स्टम्पिङका रूपमा गुमाउन पुगे। स्पिनर अभिषेक गौतमले पिचभन्दा हल्का बाहिर फ्याँकेको बललाई छक्का लगाउने चक्करमा डु प्लेसिस विकेटपछाडि डिकवेलबाट स्टम्पिङ भए। उनले नौ बलमा दुई चौकाको सहयोगमा १२ रन जोडे। फिल्डिङका क्रममा उनले लुम्बिनीका कप्तान पौडेलको उत्कृष्ट क्याच लिए। उनले रोहितको रनिङ क्याच लिएका हुन्। यो खेलकै उत्कृष्ट क्याचमध्ये एक रह्यो।

शेरको कसिलो बलिङ

विराटनगरको बलियो ब्याटिङ कमजोर हुनुका पछाडि अफब्रेक बलर शेर मल्लको घातक बलिङ नै प्रमुख रह्यो। उनले चार ओभरमा २५ रन खर्चेर तीन विकेट हात पारे। शेरले इनिङ्सको पहिलो बलमै विराटनगरका जर्ज मुन्सीलाई एलबिडब्लू धराप्मा राखे। १३.१ ओभरमा उनले नारायण जोशी तथा सोही ओभरको तेस्रो बलमा हेजालेटको विकेट लिँदै विराटनगरलाई ८३-५ को कमजोर अवस्थामा राखे। शेरको बलिङमा मध्यक्रम कमजोर बनेको विराटनगरको ब्याटिङमा लोकेश बमले ४२ बलमा समान दुई चौका र छक्का प्रहार गरी सर्वाधिक ३५ रनको योगदान दिए। यसैगरी साम हेजलेटले २० बलमा दुई छक्का र एक चौका प्रहार गरी २७ रन बनाए। बसिर अहमदले १९ बलमा २८ रन जोडे। विराटनगरको ब्याटिङमा गतिलो साझेदारी नहुँदा ठुलो योगफल नबनेको हो।

आजका खेल

काठमाडौं गोर्खाज	बिहान ११:४५ बजे	पोखरा एभेन्जर्स
सुदूरपश्चिम रोयल्स	दिउँसो ४ बजे	चितवन राइनोज

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	५	५	०	१०	१.२९
काठमाडौं	६	४	२	८	०.५१
विराटनगर	६	४	२	८	०.१८
लुम्बिनी	६	३	३	६	-०.५६
पोखरा	५	२	३	४	-०.१५
चितवन	५	२	३	४	-०.३३
कर्णाली	६	१	५	२	-०.४३
जनकपुर	५	१	४	२	-०.४९



खेलपछिका भनाइ

पावर प्लेमा कसिलो बलिङ भयो

● **शेर मल्ल**, म्यान अफ दी म्याच, लुम्बिनी



प्लेअफको आशा जीवितै राख्न विराटनगरसँगको खेल महत्त्वपूर्ण थियो। जितको लक्ष्यसाथ मैदान प्रवेश गरेका थियौं। लुम्बिनीलाई जिताउन बलिङमा योगदान दिन पाउँदा ज्यादै खुसी छु। पहिलोभन्दा दोस्रो इनिङ्स ब्याटिङ गर्न सहज देखिएको थियो। लक्ष्य पछ्याएको इनिङ्समा यसैअनुरूप खेल्यौं। बलिङका क्रममा पावर प्लेमा उत्कृष्ट गऱ्यौं।

लेअफको आशा बलियो भयो

● **रोहित पौडेल**, कप्तान, लुम्बिनी



यस जितले प्लेअफ आशा थप मजबुत बनेको छ। यद्यपि, हामीले सुरुदेखि नै शीर्ष चारमा रहने योजना बनाएका थियौं। हामी लक्ष्यनजिक छौं। ब्याटिङमा म असफल भए पनि टिमवर्क भावनामा खेल्दा जित निस्किएो। बलिङ र ब्याटिङमा लुम्बिनी एक कदम अगाडि नै रह्यो। अहिले लुम्बिनीमा सबै खेलाडी फर्ममा छन्।



प्लेयर्स टु वाच

एडम रोसिंटन (पोखरा)

काठमाडौंको डर भनेकै रोसिंटन हुन्। कर्णालीविरुद्ध ५८ बलमा १०८ रनको शतकीय इनिङ्स खेल्दै उनले विपक्षी बलरको होस उडाएका थिए। काठमाडौंले उनको विकेट चाँडै लिन सक्यो भने पोखरामाथि हाबी हुने अवसर पाउनेछ। यदि उनी लामो समयसम्म क्रिजमा रहे भने खेलको स्वरूप नै परिवर्तन हुन सक्छ। उनले लुम्बिनीविरुद्ध ८१ रनको योगदान दिएका थिए। उनी स्पिनर र फास्ट बलरमाथि हाबी हुन सक्छन्। बलरको कमजोर बलमा सिधै छक्का प्रहार गर्दै टोलीको रनरेट उकास्नमा महत गरिरहेका छन्।



साहब आलम (काठमाडौं)

काठमाडौंका साहब पोखराको दायाँहाते ब्याट्सम्यानलाई रोक्न सक्छन्। बायाँहाते स्लो स्पिनर साहबले लगातार उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। काठमाडौंबाट पाँच खेल खेलेका उनले ६ विकेट हात पारेका छन्। विकेट नलिएको अवस्थामा उनले कसिलो बलिङ गरेका छन्। कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सविरुद्ध विकेटविहीन रहँदा पनि उनी इकोनोमी बलर बनेका थिए। साहबले चितवन र विराटनगर किंग्सविरुद्ध विकेट लिँदै टोलीको जितमा महत्त्वपूर्ण योगदान दिएका थिए। पहिलोभन्दा दोस्रो इनिङ्समा उनको बलिङ प्रभावशाली देखिन्छ।



दीपेन्द्रसिंह ऐरी (सुदूरपश्चिम)

दीपेन्द्रसिंहको कारण नै सुदूरपश्चिमको मध्यक्रम बलियो भएको देखिन्छ। सुरुदेखि नै सट लगाउन योजनाका साथ मैदानमा आउने दीपेन्द्र कहिलेकाहीं अवस्थाअनुसार ब्याटिङ गर्छन्। विकेटको अर्कोतिर एकजना ब्याट्सम्यान आक्रामक भइरहँदा उनी आफूलाई शान्त बनाउँछन्। जब टोलीलाई रनरेटको आवश्यकता हुन्छ, त्यसवेला उनी आक्रामक बन्ने गर्छन्। उनले कर्णाली याक्स र काठमाडौं गोर्खाजविरुद्ध समान ३९ रनको योगदान दिएका छन्। बलिङमा उनले अहिलेसम्म ६ विकेट हात पारेका छन्।



रवि बोपारा (चितवन)

इंग्ल्यान्डका पूर्वखेलाडी बोपारा पछिल्लो खेलमा चल्न सकेनन्। जनकपुर बोल्ट्सविरुद्ध उनी ३ रनमै आउट भए। यसबहेक अन्य खेलमा बोपाराको ब्याटिङ उत्कृष्ट रह्यो। दोस्रो एनपिएलमा लगातार तीन खेलमा अर्धशतकीय इनिङ्स खेल्दै उनले विपक्षी बलरको आक्रमक कमजोर बनाए। उनी अहिले एनपिएलकै सर्वाधिक रन बटुल्ने खेलाडीको शीर्ष स्थानमा छन्। चितवनको प्लेअफ आशा जीवितै राख्न उनको ब्याटिङ चल्नुपर्छ। बोपारकै कारण चितवनको मध्यक्रमको ब्याटिङ बलियो भएको हो।



■ आजको तस्बिर



कप्तानको विकेट

लुम्बिनी लायन्सका कप्तान रोहित पौडेलको विकेट लिएपछि विराटनगर किंग्सका खेलाडीहरू खुसी हुँदै। तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

आज दुई खेल हुँदै

गत वर्षको नतिजा

पोखरा एभेन्जर्स १३८/८

काठमाडौं गोर्खाज १४२/४

काठमाडौं ६ विकेटले विजयी

काठमाडौं गोर्खाज र पोखरा एभेन्जर्सबिच बिहीबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा महत्त्वपूर्ण खेल हुँदै छ। जितले १० अंक जोड्दै काठमाडौं पहिलोपटक प्लेअफमा पुग्नेछ। हारले काठमाडौं ८ अंकमै सीमित हुनेछ। त्यसपछि काठमाडौंको प्लेअफमा पुग्न अन्य टोलीको नतिजाको प्रतीक्षा गर्नुपर्नेछ। पछिल्लो समय काठमाडौं उत्कृष्ट फर्ममा छ। उसले लगातार तीन खेल जित्दै दोस्रो स्थान बलियो बनाएको हो। पोखराले भने मिश्रित प्रदर्शन गरेको छ। पोखराले लगातार दुई खेल गुमाएको थियो। त्यसपछि तेस्रो र पाँचौं खेलमा जित निकाली पोखराले प्लेअफ आशा जीवितै राखेको हो। पछिल्लो खेलमा पोखराले कर्णाली याक्समाथि सानदार जित निकालेको थियो।

एडम रोसिंटन र इंग्ल्यान्डका पूर्वखेलाडी ज्यासन रोय पनि आफ्नो पहिलो खेलमा उत्कृष्ट प्रदर्शन गर्न सफल भए। ज्यासन र एडमले आक्रामक ब्याटिङ गर्दा काठमाडौंले ठुलो चुनौतीको सामना गर्नुपर्ने हुन्छ। विदेशी र स्वदेशी खेलाडीमाथि निर्भर रहेको पोखराले काठमाडौंलाई निराश बनाउँदा ६ अंकका साथ प्लेअफ आशा बलियो बनाउनेछ। त्यसपछि पोखराले आफ्नो अन्तिम खेल चितवन राइनोजविरुद्ध खेल्नेछ। काठमाडौंले भने लगातार तीन खेलमा ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरेको छ।

गत वर्षको नतिजा

चितवन राइनोज १६४/५

सुदूरपश्चिम रोयल्स १३१/१०

चितवन ३३ रनले विजयी

पहिलो संस्करणको एनपिएलमा सुदूरपश्चिम रोयल्स लिग चरणमा एक मात्र खेलमा पराजित भएको थियो। १५औं खेलमा सुदूरपश्चिममाथि चितवन राइनोजले ३३ रनले बाजी मारेको थियो। गत वर्ष पनि उत्कृष्ट फर्ममा रहँदारहँदै सुदूरपश्चिम चितवनसँग स्तब्ध बन्यो। यस सिजनमा सुदूरपश्चिम अपराजित छ। १० अंकका साथ प्लेअफमा पुग्ने सुदूरपश्चिम पहिलो टोली हो। बिहीबार यी दुई टोलीबिच प्रतिस्पर्धा हुँदै छ।

चितवन पहिलो संस्करणमा झैं स्तब्ध नतिजा निकाल्ने योजनामा छ। सुदूरपश्चिम भने त्यो हारको बदला लिने लक्ष्यका साथ मैदानमा ओर्लनेछ। जितले सुदूरपश्चिम लगातार ६ खेलमा विजयी हुनेछ। सुदूरपश्चिममाथि जित निकाल्दा चितवनको ६ अंक हुनेछ। यसले चितवनको पनि प्लेअफ आशा जीवितै रहनेछ। हारले चितवनको शीर्ष चारको सम्भावना कमजोर बन्नेछ। सुदूरपश्चिमले ब्याटिङ र बलिङमा एकनास प्रदर्शन गरिरहेको छ। चितवन भने इंग्लिस ब्याट्सम्यान रवि बोपारामाथि टिकेको छ। उनले दोस्रो एनपिएलमा तीन अर्धशतक लगाइसकेका छन्। चितवनको शीर्ष क्रम चल्न नसक्दा मध्यक्रममा दबाब देखिन्छ। सुदूरपश्चिमको भने शीर्षदेखि मध्यक्रम दरिलो छ। ओपनर विनोद भण्डारीले लगातार खेलमा रन बटुलिरहेका छन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com